# परिच्छेद एक

## परिचय

### १.१ पृष्ठभूमि

सामाजिक परिवर्तनको बाहकको रूपमा शिक्षालाई नै प्रमुख मानिन्छ भने व्यक्तिको व्यक्तित्व विकास शिक्षा बिना सम्भव छैन । यसलाई मानव विकासको सबै भन्दा महत्वपूर्ण पक्षको रूपमा लिइन्छ । शिक्षा नै विकासको मेरुदण्ड हो । जबसम्म देशका सबै व्यक्ति साक्षर, शिक्षित र प्रशिक्षित हुन सक्दैनन् त्यसबेलासम्म देश विकासका सम्पूर्ण अंगहरू सक्रिय र क्रियाशिल हुन सक्दैनन् । प्रत्येक व्यक्तिको सर्वोत्तोमुखी विकास भएको खण्डमा मात्र देशको सर्वाङ्गीण विकास हुन सक्दछ । शिक्षाले व्यक्तिको विद्यमान सोचाई, कार्य क्षमता, उत्पादन क्षमता तथा कार्यशैली, जीवनशैलीमा समेत परिवर्तन ल्याउँछ (शिक्षा विभाग २०६३) ।

नेपालको स्थापनाकालदेखि नै शिक्षाको विकास आफ्नै गतिबाट हुँदै आएको पाइन्छ । नेपालको शैक्षिक विकास नेपालको ऐतिहासिक कालखण्ड अनुसार प्राचिनकाल, लिच्छवीकाल, मल्लकाल, बाइसी-चौबीसीकालमा शिक्षा, नेपालको एकीकरणदेखि राणाकालपूर्वको शिक्षा, राणाकालीन शिक्षा र वर्तमान शिक्षालाई आधुनिक कालको शिक्षा र शिक्षाको योजनाबद्ध विकासको रूपमा लिइदै आएको पाइन्छ । प्राचिनकालिन शिक्षामा घरमा बाबुले छोरालाई, आमाले छोरीलाई शिक्षादिदै जाँदा र सामाजिक विकास हुँदै जाँदा आमा-बाबुबाट छोरा-छोरीलाई शिक्षा दिने कुरा सम्भव नभएपछि गुरुकुल शिक्षाको सुरुवात भएको पाइन्छ । गुरुकुल शिक्षाबाट पनि सबै व्यक्ति र वर्गमा शिक्षाको पहुँच नपुगेकोले औपचारिक रूपमा विद्यालयको स्थापना गरी शिक्षा लिने कुराको महसुस भई विद्यालयको स्थापना भएको पाइन्छ (बासुदेव र अन्य, २०५९) ।

नेपालमा छात्रवृत्तिको ऐतिहासिक पृष्ठभूमी हेर्दा यहिले देखिनै विकास भएको हो भनेर एकिनका साथ भन्न सकिदैन तथापी पूराना शासकहरूको शासन काल हेर्दा आफ्नो सत्ता टिकाइराख्न आफ्नो शासनसत्ता अनुकुलको शिक्षा दिई पढ्न पठाएको पाइन्छ । स्व. राजा पृथ्वीनारायण शाहको शासन कालमा शिक्षा विकासका लागि वैयाकरण केशरीलाई मासिक ५० रुपैया दिई संस्कृत पढ्न र बुद्धिमान सिंहलाई मासिक २० रुपैया दिई फारसी भाषा पढ्न भारत पठाएबाट पनि कुनै न कुनै रूपमा छात्रवृत्तिको सुरुवात भएको पाइन्छ । त्यस्तै

राणा शासन कालमा पनि जंगबहादुर राणा बेलायत भ्रमणबाट फर्केपछि शिक्षाको माध्यमबाट बेलायत र अन्य युरोपेली मुलुकले विकास गरेको कुराबाट प्रभावित भई आफ्नै परिवारमा मात्र सिमित रहेको दरबार हाइस्कुलमा सर्वसाधारणको प्रवेशलाई व्यापक बनाउन बार्षिक ९ मुरीधान र महिनाको ५ रुपैया भत्ताको व्यवस्था गरेको पाइन्छ (शर्मा एण्ड शर्मा २०६३) । यसबाट पनि राणाकालीन शिक्षामा पनि छात्रवृत्तिको व्यवस्था भएको पाइन्छ ।

वि.सं. २००७ सालमा प्रजातन्त्रको प्राप्ती पछि नेपालमा शिक्षा विकास योजनाबद्ध रूपमा अगाडि बढेको पाइन्छ । जब वि.सं.२००७ सालमा प्रजातन्त्र प्राप्त भयो, जनआकङ्क्षा एवम् जनचाहना बढ्न गयो र सोही अनुरूप शिक्षालाई सर्वसुलभ बनाउँदै लैजाने सरकारको राष्ट्रिय दायित्व बनेपछि वि.सं. २०१० सालमा सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा ४६ सदस्यीय नेपाल राष्ट्रिय योजना आयोग गठन भयो र यस आयोगले वि.सं.२०११ साल फागुन १६ गते नेपालमा शिक्षा नामक प्रतिवेदन सरकार समक्ष पेश गऱ्यो । यस प्रतिवेदनमा शिक्षा देशव्यापी हुनेछ, शिक्षा निःशुल्क हुनेछ, निःशुल्क शिक्षानै सबैको निमित्त समान आधार न्यूनतम तथा विश्वव्यापी भएको हुनाले नेपालमा तुरुन्तै यस किसिमको शिक्षा दिनमा आयोग जोड दिन्छ । परिस्थिति अनुसार माध्यमिक शिक्षा सकेसम्म निःशुल्क नै हुनु पर्दछ र दीर्घकालमा हाइस्कूलहरू छात्राबास सहितको स्कूल (Residential School) हुन आवश्यक छ । छात्राबासको खर्च चुकाउनको निमित्त योग्य विद्यार्थीलाई सहायता दिनुपर्दछ । खर्च लाग्दछ भनेर कुनै पनि योग्य विद्यार्थीलाई निरुत्साह पार्नु हुँदैन । भन्ने कुरा आयोगको प्रतिवेदन (२०११) मा उल्लेख गरेबाट पनि नेपालमा वृहत्तर रूपमा छात्रवृत्ति कार्यक्रम नभए पनि छात्रवृत्तिको सुरुवात भएको कुरा प्रमाणित हुन आउँछ ।

यसरी नेपालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले पनि प्राथमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने भन्ने सिफारिस गरेबाट पनि छात्रवृत्तिमा कुनै न कुनै रूपमा जोड दिएको पाइन्छ । त्यस्तै राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ले पनि आफ्नो प्रतिवेदनको मुख्य विशेषतामा छात्रवृत्तिको व्यवस्था गरी- जेहेन्दार तर गरिब विद्यार्थीहरूले गरिबीको कारण पढाई छोड्न नपरोस् भन्ने उद्देश्यले प्राथमिक शिक्षादेखि उच्च शिक्षासम्म जेहेन्दार छात्रवृत्तिको व्यवस्था गरिने छ । आवश्यक विषयमा विद्यार्थीहरूलाई ऋण छात्रवृत्ति (Loan Scholarship) को व्यवस्था गर्ने तर्फ बिचार गरिनेछ भन्ने कुरा उल्लेख गरेबाट नै छात्रवृत्तिको अवधारणा (Scholarship Concept) कुनै न कुनै रूपमा अगाडि आएको

पाइन्छ । यसरी नै शिक्षा पद्धतिको योजना (२०२८) मा नै छात्रवृत्ति सम्बन्धी व्यवस्थामा गरिब तर जेहेन्दार विद्यार्थीहरूलाई शिक्षा पाउनमा सहयोग गर्न तथा शैक्षिक दृष्टिकोणले पिछडिएका क्षेत्र र वर्गका बालबालिकाहरूलाई शिक्षा पाउनमा सहायता गर्न छात्रवृत्तिको व्यवस्था गरिने छ । यसरी पिछडिएका क्षेत्र र वर्ग भनी शिक्षा मन्त्रालयले तोकेको क्षेत्रका केही बालबालिकाहरूलाई पनि छात्रवृत्ति उपलब्ध गराइने छ । छात्रवृत्ति दिनका लागि छनौट गर्ने तरिका र छान्ने अधिकारी शिक्षा मन्त्रालयले तोक्ने छ भन्ने कुरा उल्लेख भएबाट पनि बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने प्रयास भएको पाइन्छ ।

यस्तै प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउनको लागि विशेष पहल गरिनु पर्ने कुरा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) मा उल्लेख भएको छ । विशेष समूहका लागि अनिवार्य तथा निःशुल्क शिक्षा लागु गर्न उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले पनि सुझाव गरेको छ । नेपालमा शिक्षाका हालसम्मका प्रतिवेदनहरू मध्येको शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५८ ले पनि निःशुल्क शिक्षालाई यसरी परिभाषित गरेको छ - निःशुल्क शिक्षा भन्नाले विद्यार्थीबाट धरौटी एकमुष्ट मासिक वा अन्य कुनै प्रकारको शुल्क नलिई प्रदान गरिने शिक्षा सम्झनु पर्दछ । निःशुल्क शिक्षा भित्र पाठ्यपुस्तक पनि निःशुल्क हुनेछ । प्राथमिक शिक्षालाई निःशुल्क र सर्वसुलभ बनाए पछि क्रमशः यसलाई अनिवार्य बनाइने छ भन्ने कार्यनीति र रणनीतिबाट पनि शैक्षिक मूलधारमा ल्याउनको लागि गरिएको प्रयास भन्ने कुरा स्पष्ट हुन्छ । यसरी सबैका लागि शिक्षा कार्यक्रमले शैक्षिक मूलधारमा समाहित गर्नको लागि विभिन्न आयोगहरूको प्रतिवेदनमा छात्रवृत्तिलाई महत्वपूर्ण अंगका रूपमा अगाडि ल्याएको पाइन्छ ।

नेपालजस्तो विकासोन्मुख मुलुकमा शिक्षा बिना गरिबी निवारण असम्भव छ भन्ने महसुस गरी शिक्षाको पहुँच र गुणस्तरका पक्षमा विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धीहरूमा हस्ताक्षर गरी विविध शैक्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । सन् १९९० मा थाइल्याण्डको जोमटिनमा भएको शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनबाट पारित भएको सबैका लागि शिक्षा (Education for all) कार्यक्रममा नेपालले पनि प्रतिबद्धता जाहेर गरेबाट नै सबैलाई शिक्षा प्रदान गर्नका लागि गरिएका कार्यक्रमहरू मध्येको एउटा अंग छात्रवृत्ति कार्यक्रम पनि हो । यसरी सबैलाई शिक्षा प्रदान गर्नका लागि गरिएका कार्यक्रमहरूमा प्रारम्भिक बाल विकास कक्षा, विद्यालय भर्ना अभियान, विद्यालयमा विद्यार्थी टिकाउ

कार्यक्रम, छात्रा र दलित छात्रवृत्ति, निःशुल्क शिक्षा र सेवा सेवामूलक शिक्षा जस्ता अभियानहरू सञ्चालनमा रहेबाट सबैलाई शैक्षिक मूलधारमा ल्याउनको लागि भएको सकारात्मक प्रयास भन्ने बुझिन्छ । यसरी शिक्षामा पहुँच र गुणस्तर सम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्न आ-आफ्नो परिवेश अनुसार विभिन्न राष्ट्रहरूले आफ्नै किसिमबाट प्रयासहरू गरिरहेका छन् । नेपालमा पनि शैक्षिक मुलधारबाट पछाडि परेका वर्गहरू जस्तैः दलित, महिला, अपाङ्ग, विभिन्न द्वन्द्व पिडित बालबालिकाहरूलाई छात्रवृत्ति कार्यक्रमबाट शैक्षिक मूलधारमा ल्याउने प्रयास गरिएको छ सन् १९९० को शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनबाट नेपालले पनि प्रतिबद्धता जाहेर गरेकोले यसका लागि विद्यार्थी भर्ना पहुँच सम्बन्धी सहुलियतको दायरा व्यापक र विशिष्ट बनाएको तथ्य सबैका लागि निःशुल्क, गुणस्तरीय र अनिवार्य शिक्षा अभियान, (२०६६) ले देखाउँछ ।

सबै प्रकारका अधिकार स्थापित तथा अभ्यास गर्न शिक्षा अत्यावश्यक भइसकेको छ । प्राप्त अधिकार वा सेवा सुविधाको उचित प्रयोग र रक्षा ती समुदायले मात्र सहज ढंगले गर्छन् जसले शिक्षाका माध्यमबाट क्षमता विकास गरेका हुन्छन् । तसर्थ शिक्षालाई आधारभूत मानव अधिकार भन्ने  गरिन्छ । शिक्षाको अधिकार मानवअधिकार घोषाणापत्र सन् १९४८ लगायत विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धि, अनुबन्ध र सन्धिहरूले सुनिश्चित गरेको छ । यिनै सन्धि महासन्धिको सेरोफेरोमा रहेर नेपालको अन्तरिम संविधान (२०६३) ले शिक्षालाई पहिलो पटक मौलिक हकमा समावेश गर्दै धारा १७ (२) मा "प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ भनी व्यवस्था गरेको छ । यसै गरी धारा १७  (१) ले प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ भनि व्यवस्था गरेको छ ।

नेपालको अन्तरिम संविधान (२०६३) को धारा ३५ मा राज्यका नीतिहरू भनि उपधारा ८,९,१० र १४ मा व्यवस्था गरिएका कुरा यहाँ सान्दर्भिक देखिन्छन् । उपधारा ८ मा महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ । उपधारा ९ मा राज्यले एकलमहिला, अनाथ बालबालिका, असहाय, बृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिको लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ । उपधारा १० मा शिक्षा स्वास्थ्य आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयको लागि

आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिबासी, जनजाति, मधेसी, दलित लगायत सिमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर, किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने छ । उपधारा १४ मा राज्यले महिला, दलित, आदिबासी, जनजाति, मधेसी, मुस्लिम लगायत अल्पसंख्यक भूमिहिन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पिडितका लागि सकारात्मक विभेदको आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

यस्तै शिक्षा नियमावली (२०५९) को परिच्छेद २६ को दफा १५१ मा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने जसमा विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीलाई क्रमशः सतप्रतिशत र ५० प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ र संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा ५ प्रतिशत गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने छ । यसरी EFA को उद्देश्य पूरा गर्नको लागि शिक्षा नियमावलीमा समेत राखी छात्रवृत्तिलाई जोड दिइएको पाइन्छ ।

मानव अधिकार घोषणापत्र (१९४८) को धारा २६ ले आधारभूत शिक्षालाई सबैको नैसर्गिक अधिकारको रूपमा उल्लेख गरेको छ- "प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । शिक्षा कमसेकम प्रारम्भिक र बुँनियादी अवस्थामा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ, प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ हुने छ र उच्चस्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ ।" भने सोही धाराको उपधारा २ मा शिक्षाको उद्देश्यबारे स्पष्ट पारिएको छ- "शिक्षाले मानिसको व्यक्तित्व विकास गर्न मानव अधिकार र आधारभूत स्वतन्त्रतालाई बलियो पार्न भूमिका खेल्नु पर्छ । शिक्षाले राष्ट्र, जाति र धार्मिक समूह बीच आपसी सद्भाव सम्मान, मित्रता बढाई शान्ति कायम गर्न संयुक्त राष्ट्रसंघले गरेको प्रयत्नलाई सहयोग गर्नुपर्ने कुरा शर्मा एण्ड शर्मा (२०६३ :२९८) मा पाइन्छ ।

सबैका लागि शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (१९९०) मा सरकारले प्रतिबद्धता जाहेर गरेबाट विद्यालय भर्ना तथा विचैमा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गरी पढाइमा निरन्तरता आउन सकोस् भन्ने उद्देश्यले नेपाल अधिराज्यका ७५ वटै जिल्लाहरूमा प्राथमिक विद्यालय छात्रवृत्ति कार्यक्रम शैक्षिक सत्र २०४७/०४८ देखि लागु भएको छ । यसरी शैक्षिक मूलधारमा समाहित गर्नको लागि गरिएका विभिन्न कार्यक्रमहरूमा छात्रवृत्ति प्रमुख रूपमा

रहेको  छ । यस छात्रवृत्तिमा पनि छात्रा छात्रवृत्ति प्रमुख रूपमा रहेको छ भने दलित छात्रवृत्ति, सहिदका छोराछोरी छात्रवृत्ति, द्वन्द्वपिडित बालबालिकाको लागि छात्रवृत्ति, कर्णाली क्षेत्रका लागि छात्रवृत्ति, अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति जस्ता कार्यक्रम रणनीतिका रूपमा देखापरेको छ । अझ विशेष रूपमा भन्नुपर्दा शिक्षामा समता सम्बन्धी मुद्दालाई सम्बोधन गर्नका लागि समाजमा पछाडि पारिएका र परेका बालबालिकाको शिक्षामा हुने लागत घटाई शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमका रूपमा स्वीकारिएको छ । यस्तो कार्यक्रमले समग्र शैक्षिक प्रणालीको सक्षमता अभिबृद्धि गर्न, भर्नादर, टिकाउदर, उर्त्तिणदर र नियमितता बढाउन मद्दत गर्छ भने अर्कोतर्फ बिचैमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, अनियमित हुने दरलाई कम गरी बालबालिकाहरूलाई शिक्षा हासिल गर्न हौसला र उत्प्रेरणा बढाउने तथ्य शिक्षा विभाग (२०६३) ले प्रष्ट पार्दछ ।

सबैलाई शैक्षिक मूलधारमा समाहित गर्न निःशुल्क शिक्षा र विभिन्न अभियानहरू अगाडि बढाउदै गएता पनि अझ पनि विद्यालयीय शिक्षामा विविध अवरोध र सीमाहरू विद्यमान रहेका छन् । जनगणना (२०५८) अनुसार ५३.७ प्रतिशत जनसंख्या साक्षर भएको कुरा प्रकाशित कुराबाट अझै पनि राष्ट्रको आधाजस्तो जनसंख्या निरक्षर रहेको कुरा तथ्याङ्कले देखाउँछ । प्राथमिक शिक्षामा NER ०.८७ प्रतिशत रहेको कुराबाट प्राथमिक शिक्षा उमेरका १३% बालबालिकाहरू अझ पनि विद्यालय शिक्षाको पहुँच बाहिर छन् यस्ता पहुँच बाहिर रहेका बालबालिकामा गरिबीले ग्रस्त बालबालिका छात्राहरू, दलित, द्वन्द्व पिडित, HIV/AIDS बाट प्रभावित बालबालिकाको संख्या अधिक छ । जति-जति माथिल्लो कक्षाहरूमा गयो उति नै विद्यार्थी भर्ना कम छ भने कक्षा दोहोऱ्याउने संख्या बढ्दो छ । माथिल्लो स्तरमा पहुँच पनि कम हुँदै गएको छ । देशको समग्र शैक्षिक सुधारका लागि मुलुकको भौगोलिक अवस्था सामाजिक, सांस्कृतिक परम्परा र अभ्यास नागरिकहरूको शैक्षिक आर्थिक अवस्था जस्ता पक्षहरू पनि उत्तिकै अवरोधका रूपमा रहेको कुरा (Nepal in Educational figures 2005) ले देखाउँछ ।

प्राथमिक तहको शिक्षामा सबैको पहुँच पुऱ्याउनका लागि विभिन्न छात्रवृत्ति कार्यक्रम सञ्चालनमा रहेका छन् त्यस मध्ये पनि सबै वर्गहरूमा पिडित हुने गरेका छात्राहरू नै भएकाले छात्राहरूको समान सहभागिता अभिबृद्धि गर्ने उद्देश्यका साथ प्राथमिक तहमा दलित छात्रवृत्ति, ५० प्रतिशत छात्रा छात्रवृत्ति, सहिदका छोराछोरीहरूका निम्ति छात्रवृत्ति, कर्णाली अञ्चल

छात्रवृत्ति, अपाङ्ग बालबालिकाहरूका लागि छात्रवृत्ति जस्ता कार्यक्रम सञ्चालनमा छन् । तथापि शैक्षिक साक्षरता बृद्धिमा लक्ष्य अनुसार अगाडि पुगेको पाइदैन । EFA को लक्ष्य अनुरूप विद्यालय भर्ना अभियान हरेक वर्ष हुने गर्दछ तर त्यसको टिकाउदर तुलनात्मक रूपमा कम छ यसको अर्थ छात्रवृत्ति कार्यक्रमले विद्यार्थी सहभागितामा कुनै बृद्धि ल्याएको छैन भन्ने होइन छात्राहरू तथा दलित छात्रवृत्ति कार्यक्रमका कारण सहभागिता दर ८०.५प्रतिशत सम्म पुगेको छ र पनि "सबै छात्राका लागि प्राथमिक विद्यालय छात्रवृत्ति कार्यक्रमले सोचेजस्तो कुनै महत्वपूर्ण बृद्धिल्याउन नसकेको बालबालिकाका कार्यक्रम (२०६२) ले देखाउँछ ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) पनि सबैका लागि शिक्षा कार्यक्रमको निरन्तरता नै हो । त्यसैले यस कार्यक्रममा छात्राहरूलाई विशेष लक्षित गर्दै कर्णाली अञ्चलका सामुदायिक विद्यालयका विद्यार्थीहरू, दलित समुदायका र अपाङ्गता भएका सबै विद्यार्थीहरूको आवश्यकतालाई पूरा गर्न विशेष प्रावधानको व्यवस्था गरिने छ भनि निम्न किसिमका छात्रवृत्ति कार्यक्रम ल्याएको छ ।

| **छात्रवृत्तिका प्रकार** | **लक्ष्य** | **रकम रु.** |
|---|---|---|
| दलित छात्रवृत्ति | सबै दलित विद्यार्थी | ३५० प्रति विद्यार्थी प्रतिवर्ष |
| छात्रा छात्रवृत्ति | ५०% छात्रा (विद्यालय व्यवस्थापन समितिले आवश्यकताका आधारमा छनौट गर्ने) | ३५० प्रति विद्यार्थी प्रतिवर्ष |
| सहिद छात्रवृत्ति | शहिदका छोराछोरी (जिल्ला शिक्षा कार्यालयले शहिदको रुजु गर्ने) | १,००० प्रति विद्यार्थी प्रतिवर्ष |
| कर्णालीका लागि छात्रवृत्ति | कर्णाली क्षेत्रका सबै छात्रा | १,००० प्रति विद्यार्थी प्रतिवर्ष |
| अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति | अपाङ्गता भएका सबै विद्यार्थी | ५०० देखि १५,००० प्रति विद्यार्थी प्रतिवर्ष (अपाङ्गता को किसिमका आधारमा) |

(स्रोत- विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ www.moe.gov.np/news)

नेपालमा समाहित शिक्षाको आवश्यकता र महत्वलाई बुझ्दै नेपाल सरकारले ल्याएको विभिन्न शैक्षिक कार्यक्रमहरू मध्येको छात्रवृत्ति कार्यक्रममा लक्षित वर्गहरू- दलित, छात्रा, कर्णाली क्षेत्र, अपाङ्ग, शहिद, जनजाति, गरिबीले समस्याग्रस्त बालबालिका, HIV/AIDS प्रभावित बालबालिकाको लागि ल्याइएको छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन र व्यवस्थापन गर्नको लागि शिक्षासँग सम्बन्धित शिक्षाविद, शैक्षिक प्रशासनमा कार्यरत कर्मचारी तथा शिक्षक अभिभावकको महत्वपूर्ण जिम्मेवारी रहेको छ ।

पिछडिएका गरिब, दलित, जनजातिहरू र विभिन्न धर्म, वर्ग, लिङ्ग आदि सम्प्रदायको सुविधा विहिन बालबालिकालाई प्राथमिक शिक्षामा पहुँच पुऱ्याउने उद्देश्यले कक्षा १-८ सम्म अध्ययनरत ५० प्रतिशत छात्रा (कर्णाली अञ्चलको हकमा भने कक्षा १-१०मा अध्ययनरत छात्राहरूलाई समेत) छात्रवृत्तिको व्यवस्था गर्ने गरी कार्यक्रम कार्यान्यन पुस्तिका (२०६६) पनि सञ्चालनमा छ । त्यस्तै विद्यालयमा अध्ययनरत दलित छात्राहरू, गरिब, असहाय,विपन्न आदिलाई पहिलो तहका प्राथमिकतामा राख्ने र यथासम्भव ५० प्रतिशत छात्राहरू र अति विपन्न असहाय द्वन्द्व पीडित आदि बालबालिकाले छात्रवृत्ति पाउने व्यवस्था सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने गरी कार्यक्रम कार्यान्वयन पुस्तिका (२०६६) कार्यान्यनमा रहेको अवस्थामा लक्षित वर्गलाई शैक्षिक मुलधारमा ल्याउनको लागि यस्ता प्रकारबाट व्यवस्था गरिएको छात्रवृत्ति कार्यक्रमको प्रभावकारीताले सम्पूर्ण लक्षित बालबालिकाहरूको पहुँच र अवस्थालाई सम्बोधन गर्न नसकेका थुप्रै गुनासाहरू शिक्षक विद्यार्थी र अभिभावकहरूमा चर्चामा रहेको पाइन्छ भने विद्यालयहरूमा छात्रवृत्ति वितरणका लागि लक्षित समूहका छात्र, छात्राहरूको छनौट गर्ने कुरा त्यति सहज छैन । दुर्गम र पिछडिएका सबै लक्षित वर्गका मात्र बालबालिकाहरूको बाहुल्यता रहेका विद्यालयहरूमा ५०% मात्र छात्रा छनौट गर्ने र अन्य लक्षित वर्गलाई छात्रवृत्ति वितरण गर्ने पक्ष अझ जटिल विषयको रूपमा रहन्छ । अर्कोतर्फ दलित छात्रवृत्ति तथा सबै छात्राका लागि प्राथमिक विद्यालय छात्रवृत्तिको अप्रयाप्त दरबन्दी जस्ता कारणबाट सबै ठाउँमा छात्रवृत्तिको व्यवस्थापन प्रभावकारी रूपमा अगाडि बढाउने कुरा पनि समस्याको रूपमा रहेको छ ।

## १.२ समस्याको कथन

सबै बालबालिकालाई शैक्षिक मूलधारमा समावेश गरी निरक्षरता उन्मुलन गर्ने लक्ष्य अनुरुप सन् १९९० मा थाइल्याण्डको जोमटिनमा भएको शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन र त्यसपछिको सन् २००० मा भएको डाकार सम्मेलनले प्राथमिक शिक्षा पूरा गर्ने बालबालिकाहरूको संख्या बृद्धि गरी निरक्षरता हटाउने जस्ता लक्ष्यहरू राखेको थियो (स्रोत सामग्री २०६६) । यसरी सन् २०१५ सम्ममा विश्वबाट निरक्षरता उन्मुलन गर्ने लक्ष्य अनुरुप नेपालको शिक्षा क्षेत्रमा विभिन्न शैक्षिक कार्यक्रमहरू जस्तैः TEP, SESP, PEPFP, GESP,

FeP, CSSP र सबैका लागि शिक्षा कार्यक्रम सञ्चालनमा रहेका छन् । मूलतः EFA को लक्ष्य अनुरुप सबैका लागि शिक्षा (सन् २००४ देखि २००९) को कार्यक्रम अन्तगर्त समाहित शिक्षालाई विशेष स्थान दिएर निर्धारण गरिएका ६ वटा लक्ष्यहरूमध्ये स्तरीय आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच एक प्रमुख लक्ष्य हो (श्रेष्ठ, चन्द्रबहादुर र अन्य, २०६०) । यसरी सबै प्रकारका बालकालिकाको पहुँच सुनिश्चितता अभिबृद्धि गर्ने उद्देश्यले प्राथमिक तहमा EFA र माध्यमिक तहका लागि SESP अन्तर्गत फरक-फरक किसिमका छात्रवृत्ति कार्यक्रमहरूको व्यवस्था गरिएको छ (शिक्षा विभाग-२०६३) । यसरी बालबालिकालाई प्रदान गरिएका यस्ता विविध प्रकृतिका छात्रवृत्ति कार्यक्रम सम्बन्धमा केही अध्ययन अनुसन्धान नभएका पनि होइनन् । शैक्षिक अनुसन्धान विकास केन्द्रले आ.व.२०६३/०६४ मा “विद्यालय तहमा छात्रावृत्ति कार्यक्रमहरूको प्रभावकारीता माथि एक अध्ययन” गरेको थियो । यसरी अध्ययन गरिएको प्रतिवेदनमा दलित छात्रवृत्तिका कारण सहभागितादर बढेको पाइएता पनि अन्य वर्गीय समुदायमा छात्रवृत्ति कार्यक्रमको फाइदा र प्रभावकारितालाई सामान्य रूपमा मात्र समेटेको पाइन्छ । यस्ता प्रकारले वितरण गरिने छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको विद्यालय भर्नादर र सहभागितादर बृद्धिमा कस्तो प्रभाव रह्यो भनेर अध्ययन गरिएता पनि वितरण गरिएका छात्रवृत्ति जो-जसले पाउनु पर्ने हो उसले पाएको छ/छैन ? तिनीहरूको तह पूरा गर्ने दर कस्तो छ ? साथै शैक्षिक उपलब्धिमा बृद्धि छ/छैन ? भन्ने कुरामा खासै ध्यान पुगे जस्तो लागेको छैन । छात्रवृत्ति वितरण कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार वितरण गर्ने छात्रवृत्ति वितरणको मर्मको पालना नभई दामासही, आलोपालो आदि ढाँचाको स्थानीय छात्रवृत्ति वितरण गर्ने परिपाटिले लक्षित वर्गलाई विद्यालय भित्र ल्याउने र टिकाउने कार्य समेत उत्तिकै चुनौतिपूर्ण अवस्थामा छ ।

छात्रवृत्ति कार्यक्रमको लक्षित वर्ग जुन हो त्यसले छात्रवृत्ति पूर्ण रूपमा पाउने अवस्था नहुनु, छात्रवृत्तिको कोटा र रकमको व्यवस्थापनमा सम्वेदनशील नहुने, पारदर्शिता नअपनाउनु, लक्षित वर्ग स्वयं आफैले माग नगरेसम्म छात्रवृत्ति पाउने अवस्था नरहनु, वितरण गरिएका छात्रवृत्ति लक्षित वर्गले प्राप्त गर्न सके सकेनन् जस्ता विषयमा अनुगमन गर्ने प्रभावकारी संयन्त्र नहुनु जस्ता समस्याहरूलाई समेत सम्बोधन गर्ने गरी छात्रवृत्ति कार्यक्रमको सेरोफेरो भित्र रही  लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र शैक्षिक उपलब्धिमा प्रभावलाई समस्याको कथनको रूपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

नेपालको शैक्षिक अध्यावधिक प्रतिवेदन (2005) का अनुसार NER ०.८७ प्रतिशत मात्र हुनुले अझै पनि १३ प्रतिशत प्राथमिक उमेर समूहका बालबालिकाहरू विद्यालय शिक्षाबाट बाहिर छन् । EFA को धारणा अनुसार हरेक तह र लक्षित वर्गका विद्यार्थीहरूलाई शैक्षिक मूलधारमा समावेश गर्न छात्रवृत्ति कार्यक्रम मात्र नभएर विद्यालय भर्ना अभियान, विद्यालयमा टिकाउ कार्यक्रम पनि लक्षित वर्गलाई शिक्षाको मूलधारमा ल्याउने कार्यक्रम हुन् । आधारभूत तहमा निःशुल्क शिक्षा पाउनु प्रत्येक बालबालिकाको कानूनी र संवैधानिक हक हो भनी नेपालको अन्तरिम संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । त्यस्तै शिक्षा ऐन (२०२८) तथा नियमावली (२०५९) मा पनि विद्यालयको समग्र व्यवस्थापन र गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको भूमिका रहेको छ तर यि समिति र संघ पनि राजनीति गर्ने राजनीतिज्ञ र विद्यालय राजनीति गर्ने थलो बन्न पुगेको छ । जसलाई स्वभाविक रूपले विद्यालयको समग्र व्यवस्थापन र सुधार प्रति भन्दा विद्यालयको कुनै पनि समस्यालाई राजनीतिकरण गरी राजनीतिक मुद्दा बनाउनेतर्फ बढी सक्रिय हुन्छन् । जसका कारण सरकारले ल्याएको कार्यक्रमको कार्यान्वयन गराउने पक्षमा र शैक्षिक स्तरबृद्धि गराउनमा यिनीहरूको कुनै चासो र ध्यान पुग्दैन तथापी लक्षित वर्गलाई पूर्ण रूपमा सम्बोधन गर्ने गरी यस कार्यक्रमले प्रभावकारीता हासिल गर्न सकिरहेको छैन । विद्यार्थीले बिचैमा कक्षा छाड्ने, दोहोऱ्याउने र न्यून उपलब्धि हासिल गर्ने, नियमित उपस्थिति नहुनेदर, दलित, अपाङ्ग सिमान्तकृत जस्ता लक्षित वर्गहरूको नै बढी छ । त्यसैले छात्रवृत्ति कार्यक्रमले लक्षित वर्ग तथा बालबालिकाको शिक्षामा पहुँच, नियमितता र लैगिंक सांस्कृति तथा जातीय विभेदको अन्त्य गरी छात्रवृत्तिको वितरण व्यवस्थापन र अनुगमन गरी शैक्षिक उपलब्धिमा के-कस्तो प्रभाव पारेको छ भन्ने पक्षलाई यस अध्ययनको विषय बनाइएको छ ।

यस अध्ययनको औचित्य निम्नअनुसार उल्लेख गरिएको छः

क) लक्षित वर्गका लागि छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन पक्षले छात्रवृत्तिलाई व्यवस्थित गर्न र कार्यक्रमको मर्मलाई बोध गर्न सम्बन्धित शिक्षक, प्र.अ., वि.व्य.स., अभिभावकहरूलाई सहयोग प्रदान गर्छ ।

ख) छात्रवृत्ति कार्यक्रम कार्यान्वयन र छात्रवृत्ति रकम वितरण सम्बन्धी कमी कमजोरीहरू हटाउन सम्बन्धित निरीक्षण क्षेत्रका विद्यालय निरीक्षक, स्रोत व्यक्ति एवम् अन्य यससँग सम्बन्धित सरोकार राख्ने अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अनुगमन गर्ने आधार प्रदान गर्दछ ।

ग) छात्रवृत्ति कार्यक्रमले विद्यार्थीलाई विद्यालयमा आकर्षण गर्नुका साथै शैक्षिक उपलब्धिमा पनि बृद्धि गर्न सहायता पुऱ्याएको छ/छैन भनी स्रोत केन्द्र स्तरीय बार्षिक शैक्षिक कार्यक्रम अन्तर्गत छात्रवृत्ति वितरण सम्बन्धी शिर्षकमा छलफल चलाउन थप आधारहरू प्रदान गर्न सक्छ ।

घ) यस कार्यक्रमसँग सम्बन्धित राम्रा पक्षहरू, समस्याहरूको पहिचान गरी लक्षित छात्रवृत्ति सम्बन्धी थप संशोधित, परिमार्जित र प्रभावकारी नीति निर्माण गर्न शिक्षा योजनाकार, नीति निर्माता, दातृ निकायलाई महत्वपूर्ण आधार तथा सूचनाहरू प्रदान गर्छ ।

ङ) छात्रवृत्ति कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम छात्रवृत्ति वितरण गर्न, समयमा निकासा माग गरी सो को विवरण खुल्ने गरी स्पष्ट फाँटवारी माग गरी छात्रवृत्तिको व्यवस्थापकीय पक्षलाई सुधार गर्न र बालबालिकाको छात्रवृत्ति सम्बन्धी अधिकार सुनिश्चित गर्न प्र.अ. तथा अभिभावकहरूलाई सचेत गराउँछ ।

च) छात्रवृत्ति कार्यक्रम नेपाल सरकारको मात्र दायित्व हो भन्ने कुरालाई हटाउँदै छात्रवृत्तिका लागि समाजमा अन्य छात्रवृत्ति प्रदान गर्ने छात्रवृत्ति दाताहरू (संघ संस्था तथा अन्य समाजसेवीहरू) पनि हुन्छन् भनी सम्बन्धित सरोकारवालाले यससँग सम्बन्धित कार्यक्रममा नयाँ कदमहरू चाल्न सहयोग पुग्नेछ ।

छ) लक्षित छात्रवृत्ति सम्बन्धी अहिलेसम्म भए गरेका प्रयास अभ्यास र प्रगतिबारे छात्रवृत्ति कार्यक्रमसँग सम्बन्धित पक्षहरूलाई जानकारी गराउँछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न उद्देश्यहरू रहेका छन्:

क) लक्षित वर्गका लागि प्राप्त छात्रवृत्ति व्यवस्थापनको स्थिति लेखाजोखा गर्ने ।

ख) छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव पहिचान गर्ने ।

ग) छात्रवृत्ति व्यवस्थापनमा देखिएका समस्याहरू पत्ता लगाउने ।

घ) छात्रवृत्ति व्यवस्थापनमा देखिएका समस्याहरू निराकरणका उपायहरू सुझाउने ।

## १.५ शोध प्रश्न

यस अध्ययनको शोधपत्रमा माथि राखिएका उद्देश्यहरूलाई पूरा गर्न निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरू राखिएका छन् ।

क) सामुदायिक विद्यालयमा लक्षित वर्गका लागि प्राप्त छात्रवृत्ति व्यवस्थापनको अवस्था कस्तो रहेको छ ?

ख) विद्यालयमा प्राप्त छात्रवृत्ति व्यवस्थापन र वितरणमा विद्यालयले अपनाउने ढाँचा र आधारहरू के के छन् ?

ग) लक्षित वर्गले प्राप्त गर्ने छात्रवृत्ति रकमको सुनिश्चिता तपाई कसरी गर्नुहुन्छ ?

घ) सामुदायिक विद्यालयमा छात्रवृत्ति व्यवस्थापनले सिकाई उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

ङ) छात्रवृत्ति पाएका र नपाएका बालबालिकाको नियमितता र कक्षोन्नतिदरमा के फरक देखिन्छ ?

च) छात्रवृत्ति कार्यक्रमले बालबालिकाको सहजै देखिने भर्ना दर र खुद भर्नादरमा कस्तो परिवर्तन ल्याएको छ ?

छ) सामुदायिक विद्यालयमा छात्रवृत्ति व्यवस्थापनमा के-कस्ता समस्याहरू देखिएका छन् ?

ज) सामुदायिक विद्यालयमा छात्रवृत्ति व्यवस्थापनमा देखिएका समस्याहरूको निराकरणका लागि के-कस्ता उपायहरू अपनाउन सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

EFA को शैक्षिक लक्ष्य पूरा गर्नको लागि सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरू मध्येको एउटा कार्यक्रम छात्रवृत्ति कार्यक्रम हो । यस कार्यक्रमबाट सबै तह र तप्काका बालबालिकालाई शैक्षिक मूलधारमा ल्याउन सकिने मान्यता अनुरूप छात्रवृत्ति कार्यक्रमलाई व्यापक रूपमा अगाडि बढाइएको छ । त्यसैले यहाँ अध्ययन गर्न लागिएको सामुदायिक विद्यालयमा लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र यसले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव विषयको अध्ययनको परिसीमाहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ :

क) यस अध्ययनलाई नवलपरासी जिल्लामा रहेका १३ वटा स्रोत केन्द्र मध्ये गैंडाकोट गाविसमा रहेको जनक उच्च मा.वि. स्रोत केन्द्र अन्तर्गतका ३० वटा सामुदायिक

विद्यालय र १५ वटा संस्थागत विद्यालयहरू मध्येबाट सामुदायिक विद्यालयमा पर्ने ४ वटा प्राथमिक विद्यालयमा मात्र सिमित गरिएको छ ।

ख) प्राथमिक तहको शिक्षा नै माथिल्लो तहको लागि जग भएको र प्राथमिक तह निःशुल्क र अनिवार्य गर्ने सरकारको कार्यक्रम अनुरूप प्राथमिक तहमा वितरण गर्ने सबै प्रकारका छात्रवृत्तिलाई अध्ययनको आधार बनाइएको छ ।

ग) छात्रवृत्ति वितरणको प्रभावकारी व्यवस्थापन भए नभएको जानकारी लिनका लागि प्राथमिक तथ्याङ्क अन्तर्गत छात्रवृत्ति वितरण गरिएको विद्यालयको रेकर्डलाई अध्ययन गरिएको छ ।

घ) सूचनाहरू सङ्कलन गर्नका लागि अन्तरवार्ता, अन्तरवार्ता प्रश्नावली, अवलोकन, विद्यालय सर्वेक्षण फारम, छलफल आदि साधनहरूको प्रयोग गरिएको छ ।

ङ) यस अध्ययनमा छनौट गरिएका प्रत्येक विद्यालयका प्र.अ. ⁄शिक्षक-१, विद्यार्थीहरू-२, अभिभावक-१, वि.व्य.स. पदाधिकारी-१, जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरूमा विद्यालय निरीक्षक⁄ शाखा अधिकृत जम्मा २ जना, स्रोत केन्द्र अन्तर्गतका स्रोत व्यक्ति १ जना गरी जम्मा २३ जनासँग प्रश्नावली, अन्तरवार्ता प्रश्नावली तथा सर्वेक्षण फारामको माध्यमबाट आवश्यक सूचना लिइएको छ ।

च) यस अध्ययनमा द्वितीय स्रोतको रूपमा ,पत्रपत्रिका तथा यस विषय सँग सम्वन्धित प्रकाशित पुस्तकहरू र इन्टरनेटको प्रयोग गरिएको छ भने प्राथमिक स्रोत अन्तरगत प्रश्नावली, अन्तरवार्ता प्रश्नावली, सर्वेक्षण फाराम, अवलोकनलाई लिइएको छ ।

छ) यस अध्ययनमा सुविधायुक्त ठाउँमा अवस्थित विद्यालय र  सुविधा विहिन ठाउँमा रहेका विद्यालयहरू छनौट गरिएको छ ।

ज) नेपाल सरकारका लक्षित वर्ग दलित, ५० प्रतिशत छात्रा छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति ( अपाङ्गको प्रकृति अनुसार), शहिदका छोराछोरीहरूका लागि छात्रवृत्ति   (सुचिकृत भएका शहिदका छोराछोरी) द्वन्द्व पिडित बालबालिकाका लागि छात्रवृत्ति, कर्णाली क्षेत्रका बालबालिकाका लागि छात्रवृत्ति भनि लक्षित वर्ग तोकेको पाइन्छ । यस्ता लक्षित वर्ग मध्ये यस अध्ययन क्षेत्रका विद्यालयमा जुन जुन लक्षित वर्गको छात्रवृत्ति वितरण गरिएको छ सो लाई मात्र यस अध्ययनमा समावेश गरी अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

लक्षित वर्गका लागि छात्रवृत्ति व्यवस्थापन र शैक्षिक उपलब्धिमा प्रभावका सम्बन्धमा शिक्षाविदहरूको लेख, रचना र शिक्षा नियमावली शिक्षा सम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदनमा छात्रवृत्ति सम्बन्धी दर्शाइएका कुराहरू यस अध्ययनसँग समावेश गरी सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने प्रयास गरिएको छ । साथै यस अध्यायमा शोधकार्यको सैद्धान्तिक खाका तथा साहित्यको पुनरावलोकन अलग-अलग शिर्षकमा अध्ययन गरिएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र शैक्षिक उपलब्धिमा प्रभाव विषयलाई छनौट गरिएकोले छात्रवृत्ति कार्यक्रमसँग सम्बन्धित रहेर प्रकाशित गरिएका पत्रपत्रिकाहरू तथा खोज अनुसन्धानात्मक दस्तावेजहरू पुनरावलोकन गरिएको छ जो निम्नअनुसार रहेका छन् ।

भण्डारी, (२०६३) का अनुसार – EFA को लक्ष्य पूरा गर्नको लागि विद्यालय बाहिर रहेका बालबालिकाहरू शैक्षिक मूलधारमा समाहित गर्न समावेशी प्रकारको नीति अवलम्बन गर्नु राज्यको दायित्व हो । समाहित शिक्षा भनेको विद्यालय शिक्षामा सरल, सहज पहुँच नभएका विपन्न वर्ग समुदाय, पिछडिएको जनजाति, दलित र अन्य विविध तप्काका बालबालिकाहरूको पहिचान गरी उनीहरूलाई शिक्षाको अवसर प्राप्त गर्ने अवस्थामा पुऱ्याउने हो । यसरी गरिबीको चपेटामा बाँचिरहेका अभिभावकहरूले बालबालिकालाई विद्यालय पठाउनुको औचित्य नदेख्नु, पढेका छोराछोरीले घरधन्दा गर्न नमान्ने, आयमूलक रोजगारी पनि नपाउनाले त्यस्ता परिवारका अन्य बालबालिकाहरू विद्यालय बाहिर रहेको पाइन्छ, ।

नेपाल, (२०६५) ले "सबैका लागि शिक्षा उद्देश्य प्राप्तिका लागि शिक्षा सुनिश्चितता कार्य योजना विद्यमान प्रावधानः छात्रवृत्ति" शिर्षकमा लेखिएको छ शिक्षाको मूलधारमा आउन नसकेका बालबालिकालाई छात्रवृत्ति वा अन्य विभिन्न सहयोग पुऱ्याई शैक्षिक कार्यक्रममा समेट्न शिक्षा ऐन नियमावली तथा विभिन्न कार्यनीति मार्फत सरकारले बालबालिकालाई विभिन्न तहमा विभाजन गरी छात्रवृत्तिको व्यवस्थापन गरेको छ । यसरी बालबालिकाको

लागि व्यवस्थापन गरिएको छात्रवृत्तिमा प्राथमिक तहमा सरकारबाट दिइएको दलित, छात्रा र अन्य लक्षित समूहको छात्रवृत्ति समेतका रकम ज्यादै न्यून भएको तोकिएको आधारमा वितरण नगरी विद्यालयको इच्छा अनुसार वितरण भएको कुरा समस्याको रूपमा लेख्नु भएको छ । त्यस्तै संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको १०% विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने कानुनी व्यवस्था भएता पनि यसको पारदर्शी विवरण नभएकोले लक्षित वर्गले यसबाट फाइदा लिन नसकेको तथ्य औल्याउनु भएको छ ।

सेरिड (सन् १९९८) पहिलो चरणका अनुसार आधारभूत शिक्षामा महिला तथा बालबालिकहरूको सहभागिता प्रोत्साहन कार्यक्रम प्रभावकारी नभएको, छात्रवृत्ति कोटाको बाँडफाँडमा दुरुपयोग भएको, एउटै जिल्लाका विद्यालयहरूमा पनि कोटा प्रदान गरिएको अनुपात अनुसार छात्राहरूको संख्या बराबर नरहेको कुरा औल्याएको छ । सुझावका रूपमा प्राथमिक विद्यालयहरूमा छात्राहरूको संख्या अनुसार छात्रवृत्ति कोटा वाँडफाँड कार्यक्रमलाई पुनसंरचना गर्नुपर्ने कुरा उल्लेख गरेको पाइन्छ । सेरिड (सन् १९९८) दोस्रो चरणमा आधारभूत प्राथमिक शिक्षामा बालिका तथा महिलाहरूको सहभागिता प्रेरित गर्नका लागि प्रोत्साहन कार्यक्रममा कार्यक्रमको गम्भिरता विकास गर्नका लागि सम्बन्धित सेवा क्षेत्रको समुदायमा सामुदायिक सचेतना र सामाजिक संवेदनामुलक कार्यक्रमको मर्म प्रति संवेदनशिल भई समुदाय तथा जिल्ला स्तरमा लेखा परीक्षण अथवा public Audit हुनुपर्ने निष्कर्ष सहितको सुझाव पेश गरेको पाइन्छ ।

सेरिड (सन् १९९९) अनुसार छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम पुनसंरचना तथा पुनरावलोकन गरी बालबालिकाहरूका लागि शैक्षिक प्रोत्साहन कार्यक्रमको विश्लेषण गरी निम्न अनुसारको निष्कर्ष निकालेको पाइन्छ ।

क) छात्राहरूको भर्नादर र विद्यालयमा हुने सहभागिता दर बढदै गएको

ख) दलित छात्रवृत्ति कार्यक्रमका कारण भर्ना प्रतिशत ८०.५ प्रतिशत पुगेको

ग) सबै छात्राका लागि प्राथमिक विद्यालय छात्रवृत्तिले कुनै महत्वपूर्ण वृद्धि ल्याउन नसकेको

घ) जातिय समुह ( Ethnic Group) मा छात्रवृत्ति कार्यक्रम पुग्न नसकेको

ङ) तराईका जिल्लाहरूमा छात्रवृत्ति कार्यक्रमहरूको गलत प्रयोग गरिएको

च) दलित छात्रवृत्ति तथा सबै छात्राका लागि प्राथमिक विद्यालय छात्रवृत्तिको अप्रयाप्त दरबन्दीले छात्रवृत्ति वाँडफाँड प्रकियामा थुप्रै समस्याहरू सिर्जना भएको

छ) सबै छात्रवृत्ति कार्यक्रमहरूका लागि अनुगमन ज्यादै न्यून हुने गरेको

ज) गैरसरकारी संस्थाद्वारा सहयोग गरिएका कार्यक्रमहरूमा प्रभावकारी निरिक्षण तथा अनुगमन रहेको जस्ता प्राप्तिलाई सार्वजनिक गरेको थियो ।

यस अध्ययनले मुख्य सिफारिसका रूपमा अभिभावकहरूका लागि चेतनामुलक कार्यक्रम चलाउने विद्यालयसँग सरोकारवालाहरूलाई छात्रवृत्ति कार्यक्रमबारे सु-सुचित गर्ने र विद्यालयसँग सम्बन्ध राख्ने सरोकारवालाहरूलाई न्यायोचित किसिमले छात्रवृत्ति बाँड्ने काममा परिचालन गर्ने गरी स्थानीय तहमा उपयुक्त संयन्त्रको निर्माण गर्नुपर्ने कार्यक्रमहरू सुदृढ गर्दै निरिक्षण र अनुगमन क्रियाकलापलाई दरिलो बनाउनु पर्ने जस्ता सुझावहरू पेश गरेको थियो ।

श्रेष्ठ, (२०६७) का अनुसार “छ हजारलाई विपन्न छात्रवृत्ति” शिर्षकमा  भक्तपुर- आर्थिक अभावले माध्यमिक शिक्षा अध्ययन गर्न नसकेका विपन्न र जेहेन्दार छ हजार विद्यार्थीलाई सरकारले यस वर्ष देखि “विपन्न लक्षित माध्यमिक शिक्षा छात्रवृत्ति” दिने भएको छ । सामुदायिक विद्यालयबाट कक्षा आठ उर्त्तिण गरी विद्यालय पढ्न छाडेकालाई विद्यालयमा निरन्तरता गर्नको लागि त्यस्ता बालबालिकालाई छात्रवृत्ति दिने निर्णय सरकारले गरेको हो । छात्रवृत्ति परियोजना १५ जिल्लामा मात्र लागु हुने र यस्तो छात्रवृत्ति प्रदान गर्दा घरायसी आम्दानीको मूल्याङ्कन गरेर स्तर छुट्याइने छ भन्ने कुरा उल्लेख गरेबाट छात्रवृत्तिको लक्षित वर्ग भनेको गरिब गरिबीको कारणबाट नै विद्यालय पढ्न नसक्ने बालबालिका हुन् भन्ने कुरा बुझ्न सकिन्छ । विपन्नताको पहिचान गर्ने कुरामा कुनै परिवारको घरायसी र सामाजिक विशेषतालाई आधार मानेर विपन्न सजिलै पहिचान गर्न सकिने कुरा पनि विभागबाट जानकारी प्राप्त भएको छ । सरकारले दिँदै आएका छात्रवृत्तिहरूमा सहिदका छोराछोरी, माध्यमिक शिक्षा छात्रवृत्ति, फिडर, छात्राबासमा बसी अध्ययन गर्ने छात्राहरूको लागि छात्रवृत्ति दिँदै आएकोमा विपन्न लक्षित माध्यमिक शिक्षा छात्रवृत्ति थपिएको कुरा उक्त लेखबाट प्रष्ट्याइएको छ ।

शर्मा, (२०५८) का अनुसार "छात्रा छात्रवृत्ति कार्यक्रम" पुरुषहरूको दाँजोमा साक्षर महिलाहरूको संख्या निकै नै कम देखिएकोले देशका कुना काप्चामा रहेका प्रत्येक महिला समुदायलाई समेट्ने गरी कार्यक्रम सञ्चालन गर्न आवश्यकता महसुस गरी वि.सं.२०२७ देखि शिक्षा मन्त्रालयले महिला शिक्षा सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालनार्थ महिला शिक्षा शाखाको स्थापना गरेको हो । छोरीहरूलाई शिक्षामा समान सहभागिता बनाउने लक्ष्य लिई महिला शिक्षा शाखाबाट प्राथमिक तहदेखि क्याम्पस तहसम्म अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरी विभिन्न छात्रवृत्ति वितरणमा सहयोग पुगेको छ । यस्ता सञ्चालित छात्रवृत्ति कार्यक्रमहरूमा प्रा.वि. छात्रवृत्ति, सम्पूर्ण प्रा.वि. छात्रा छात्रवृत्ति, स्थानीय विद्यालय छात्रवृत्ति, शैक्षिकस्तर बृद्धि कार्यक्रम, क्याम्पस छात्रवृत्ति रहेका छन् । यस्ता कार्यक्रमहरू मध्य प्रा.वि. छात्रवृत्ति खास गरी बालिकाहरूलाई पढाइप्रति आकर्षित गरी प्रा.वि.मा छात्राहरूको संख्या अभिबृद्धि गर्ने एवम् बिचैमा पढाई छोड्ने प्रवृत्तिलाई निरुत्साहित गराई पढाइमा निरन्तरता आउन सकोस् भन्ने मुख्य उद्देश्य रहेको छ ।

समकालिन शैक्षिक चुनौती र भावी दिशा (२०६४) मा "नेपालमा विद्यालय शिक्षा छात्रवृत्ति कार्यक्रम" शिर्षकमा भनिएको छ विद्यालय शिक्षामा छात्रवृत्ति कार्यक्रम कार्यान्वयनमा विभिन्न परियोजना तथा आयोजनामा विभिन्न किसिमका छात्रवृत्तिका कार्यक्रमहरू कार्यान्यनमा ल्याइएका थिए । तीमध्ये कतिपय कार्यक्रमहरूलाई हालसम्म पनि निरन्तरता दिइएको छ भने कतिपय कार्यक्रमहरूलाई परिमार्जन गरी कार्यान्यनमा ल्याइएको छ । आ.व.२०५२।२०५३ बाट मुलुकका १२ जिल्लाका सबै छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्न सञ्चालित प्राथमिक विद्यालय छात्रा छात्रवृत्ति (वार्षिक रु.२५० प्रति छात्रा) कार्यक्रम सञ्चालन गरिएको थियो भने आ.व.२०५९।२०६० देखि यस कार्यक्रमलाई छात्रा भर्नादर न्युन भएका ४० जिल्लाहरूमा (राष्ट्रिय योजना आयोगले 'घ' र 'ग' भनी वर्गीकरण गरेका जिल्लाहरू) विस्तार गरिएको थियो । अर्कोतिर बाँकी जिल्लाहरूमा तोकिएका छात्राहरूको लागि छुट्टै छात्रवृत्ति कार्यक्रमसमेत सञ्चालनमा ल्याईएको थियो । पछि गएर यी छात्रवृत्ति कार्यक्रमलाई ५० प्रतिशत छात्रा छात्रवृत्तिको रूपमा कार्यान्वयनमा ल्याइएको छ । यसैगरी आ.व.२०५३ बाट प्राथमिक तहमा तोकिएका दलित विद्यार्थीको लागि प्रति वर्ष प्रति विद्यार्थी रु.२५० प्रदान गर्ने कार्यक्रम आ.व.२०५९।२०६० देखि सबै जिल्लाका प्राथमिक तहका सम्पूर्ण दलित विद्यार्थीहरूले पाउने गरी कार्यान्वयनमा ल्याइएको थियो जे जस्तो नामबाट छात्रवृत्ति प्रदान गरिएको भएतापनि यी कार्यक्रमको मुल ध्येय भनेको विद्यालय शिक्षामा

पछाडि परेका समूहको सहभागिता बढाउनुका साथै विद्यालय शिक्षामा लैङ्गिक विषमताको दुरीलाई कम गर्नु हो । अझ विशिष्ट रूपले भन्नु पर्दा छात्रवृत्ति कार्यक्रम विद्यालय शिक्षामा बालबालिकाहरूको सहभागिता बढाउने, छात्रा भर्नादरमा वृद्धि गर्ने, कक्षा छाड्ने दरमा कमी ल्याउने तथा टिकाउ दरमा सुधार ल्याई उनीहरूको सिकाइ-उपलब्धि वृद्धि गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याएको थियो । यी कार्यक्रमहरू हालसम्म पनि यही उद्देश्य पूरा गर्ने तर्फ केन्द्रित रहेका छन् ।

श्रेष्ठ, (२०६२) का अनुसार सबैका लागि शिक्षा महिला शिक्षक र फिडर छात्रावास भन्ने शिर्षकमा लेखिए अनुसार सबैका लागि सन २०१५ सम्ममा प्राथमिक तहमा केही हदसम्म लक्ष्य पूरा हुने स्थिति देखिन्छ भने  नि. मा.वि.र मा.वि. तहमा अझै देशले केही मेहनत गर्नुपर्ने स्थिति देखिन्छ । यसरी नि.मा.वि. र मा.वि तहमा शैक्षिक लक्ष्य पूरा गर्नको लागि छात्रावासको व्यवस्था तथा कार्यक्रमले एक महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ । फिडर छात्रावासको व्यवस्था भनेको दुर्गम क्षेत्रका महिलाहरूलाई माध्यमिक तहको शिक्षा पूरा गराउने एक रणनीति हो । यसरी शिक्षामा महिलाहरूको सहभागिता वृद्धि गर्नका लागि शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा विद्यालय शिक्षामा सञ्चालित विभिन्न किसिमका छात्रवृत्ति लगायत अन्य कार्यक्रम मध्ये फिडर छात्रावास अर्थात अपग्रेडिङ छात्रवृत्ति कार्यक्रम पनि एक हो जसको माध्यमबाट दुर्गम पहाडी क्षेत्रका बालबालिकाहरूलाई शैक्षिक मुलधारमा समावेश गर्न सहयोग पुग्दछ ।

कंडेल, (२०६४) मा प्राथमिक तहमा छात्रवृत्ति अवसर र चुनौतिहरू शिर्षकमा उल्लेख भए अनुसार छात्रवृत्ति कार्यक्रमलाई महत्वका साथ सञ्चालन गर्नुमा स्न १९९० को जोमटिन सम्मेलन नै प्रमुख रहेको छ । विद्यालय बाहिर रहेका बालकालिकालाई शैक्षिक मूलधारमा ल्याएर शैक्षिक लक्ष्य पूरा गर्ने उद्देश्य अनुरुप प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रम  भित्रको एउटा कार्यक्रमको रूपमा छात्रवृत्तिलाई लिइएको छ । यस्तो छात्रवृत्ति रकम ५० प्रतिशत छात्रा, दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति यसले अपाङ्ग छात्रवृत्ति पनि 'क' 'ख' र 'ग' गरी तीन श्रेणीमा छुट्याएको छ । यस बाहेक शिक्षा विभागले फरक परिस्थिति भएका जिल्ला र क्षेत्रहरूका लागि भिन्दै खालको छात्रवृत्ति लक्षित गरेको छ जस्तैः कर्णाली अञ्चलका प्राथमिक विद्यालयमा अध्ययनरत छात्राहरूको लागि । यसै शिर्षकमा छात्रवृत्ति वितरणमा देखिएका चुनौतिहरूलाई पनि औंल्याउदै कंडेल लेख्नु हुन्छ छात्रवृत्तिको प्रमुख स्रोतका रूपमा

सरकारमात्र देखिएको छ । स्थानीय निकाय र अन्य गैरसरकारी संघ संस्थाको सहभागिता ज्यादै न्यून रहेको  छ । अघिल्लो वर्षको तथ्याङ्कको आधारमा बजेट बाँडफाँड गरी कोटा छुट्याउने र विद्यालयले चालु वर्षकै विद्यार्थीलाई वितरण गर्नुपर्ने भएकोले विद्यालय अनुदान कार्यान्वयन निर्देशिका अनुसार वितरण हुन सकेको छैन । दलित र ५० प्रतिशत छात्राबाहेक अन्य (जातजाति, जनजाति, पिछडिएको वर्ग) मा गरिब जेहेन्दार हुन सक्छन् भन्ने कुरा सरकारी नीति मान्न तयार देखिन्न । विद्यालयमा निकासा हुने रकमको शिर्षक कतिपय विद्यालयलाई थाहा छैन । कुन छात्रवृत्ति कहिले कसलाई वितरण गर्ने भन्ने जानकारी नहुँदा त्यो रकम अन्य क्षेत्रमा खर्च हुन सक्ने सम्भावना ज्यादा छ । विद्यार्थी संख्याको आधारमा रकम प्राप्त नहुने, सरकारी नीति एकतिर हुने अवस्थाले गर्दा दामासाहीको हिसाबले वितरण गर्न विद्यालय बाध्य छन् जुन कुरा नीति अनुसार नहुँदा दोहोरो चेपुवामा विद्यालय पर्ने र विवादको सामना गर्नुपर्ने अवस्था आउँछ । यसरी वितरण गरिदै आएको छात्रवृत्तिको नीतिगत रूपमा निम्न व्यवस्था हुनु पर्ने कुरालाई पनि उहाँले औंल्याउनु भएको छ । छात्रवृत्तिको दायरा फराकिलो बनाउने, विद्यालय व्यवस्थापन समिति  र प्रधानाध्यापकलाई छात्रवृत्ति वितरणका आधारहरूको जानकारी गराउने मौजुदा नीति र ऐन कानुनको प्रभावकारी कार्यान्वयन गराउने, जिल्लामा छात्रवृत्ति कोषको स्थापना गरी सरकारी नीतिका अतिरिक्त जिल्लाको लक्षित समूह तोकी छात्रवृत्ति वितरण गर्न सक्ने नीतिगत व्यवस्था गर्ने ।

यसरी निष्कर्षमा भन्नुपर्दा लेखहरूको अध्ययनबाट सरकारले सन् २०१५ सम्म सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत सञ्चालनमा रहेका कार्यक्रमहरू मध्येको एउटा कार्यक्रम छात्रवृत्ति कार्यक्रम हो । जुन कार्यक्रममार्फत शैक्षिक मुलधारमा समाहित हुन नसकेका बालबालिकालाई विद्यालयमा भर्ना गराउने र विद्यालयको ढोकासम्म पुऱ्याएर तिनीहरूलाई निरन्तरता दिने प्रमुख र आकर्षक कार्यक्रम भनेको छात्रवृत्ति कार्यक्रम नै हो । जुन कार्यक्रमले लक्षित वर्गलाई शैक्षिक मुलधारमा समावेश गर्नको लागि महत्वपूर्ण भूमिका खेलेको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनलाई अभिप्रेरणाको सिद्धान्तसँग जोडेर हेर्ने प्रयास गरिएको छ । सामान्यतया अभिप्रेरणा भनेको कुनै कार्यमा लगाउन वा उसको उद्देश्य पूर्ती गराउनको लागि उसको काममा तत्परता लगाउन उत्साह, रुचि, मनोबल, जोस जाँगर बढाउनु हो । Michael J Jucius (कोइराला र श्रेष्ठ २०६३) का अनुसार- अभिप्रेरणा भनेको वाच्छित कार्य गराउन कुनै व्यक्ति वा स्वयंलाई उत्साहित गराउने कार्य हो भने अभिप्रेरणा कुनै पनि व्यक्तिलाई अपेक्षित कार्य गर्नका लागि प्रोत्साहित गर्ने कार्य हो ।

यो सिद्धान्त Frederick Herzberg ले सन् १९५० मा प्रतिपादन गरेका हुन् । Frederick Herzberg को प्रेरक-आरोग्य सिद्धान्तलाई दुई तत्वहरूको सिद्धान्तको नामले चिनिन्छ । यस सिद्धान्त अनुसार **अभिप्रेरणात्मक तत्व-** राम्रो अनुभव र सन्तुष्टि दिने कार्यको लागि आवश्यक तत्व हो । यस तत्वले व्यक्तिलाई सकारात्मक सन्तुष्टितिर लैजान्छ । यदि यो तत्वको अभाव हुने हो भने कामदारमा असन्तुष्टिको मात्रा अधिक हुन्छ, यो कार्यसँग सम्बन्धित छ । सन्तुष्टि दिलाउने तत्वहरू जसले कार्य असन्तुष्टिलाई रोक्न उपयोग गर्नु पर्दछ । व्यक्तिमा आफ्नो कार्यलाई अगाडि बढाउनको लागि कर्मचारीको वैयक्तिक विकास, चुनौतिपूर्ण कार्य, उपलब्धी, पहिचान र मान्यता, उत्तरदायित्व, उन्नति-प्रगतिका कुराहरू अभिप्रेरणात्मक तत्वहरू हुन् । यी तत्वहरूले कर्मचारीको कार्य असन्तुष्टिलाई रोकेर काममा प्रेरणा प्रदान गर्दछ । **आरोग्यतत्व-** नराम्रा अनुभव र असन्तुष्टि दिने कार्यहरूको रूपमा रहेका हुन्छन् आरोग्य तत्व भनेको कार्यका आवश्यक अंग होइनन् । आरोग्य तत्वले कामदारको कार्य दक्षतामा कुनै बृद्धि र विकास गर्दैन तर पनि कार्यमा आउने असन्तोष रोकेर उत्कृष्ट कार्यसम्पादनको लागि भने अभिप्रेरित गर्छ । आरोग्य तत्वले सकारात्मक रूपमा राम्रो स्वास्थ्य अवस्था अभिबृद्धि गर्दैन तर खराब स्वास्थ्य हुनबाट भने रोकथाम गर्ने प्रयास गर्छ । आरोग्य तत्वको रूपमा कम्पनीको नीति एवम् प्रशासन, सुपरिवेक्षेकको गुण, निरीक्षकसँगको सम्बन्ध, मातहतकाहरूसँगको सम्बन्ध, कार्यको सुरक्षा, भुक्तानी अवस्था, सामाजिक मर्यादा जस्ता तत्वहरूको सकारात्मक सम्बन्ध भएन भने यिनीतत्वहरूले कर्मचारीको काममा हौसला प्रदान गर्दैन त्यसैले कर्मचारीले आफुले गरिरहेको काम त गर्दछन् गरिरहेको कामलाई बिगार्ने भत्काउने गर्दैनन् । त्यस्तो गरिरहेको कामलाई फरक

तरिकाबाट गरी कामको अझ बृद्धि भने गर्दैन भनी निष्कर्ष निकालेको (कोइराला र श्रेष्ठ २०६३ : १४८, १४९) पाइन्छ ।

यहाँ अभिप्रेरणात्मक तत्व यस्तो तत्व हो जसले व्यक्तिलाई सकारात्मक सन्तुष्टितिर लैजान्छ । यसलाई छात्रवृत्ति कार्यक्रमसँग तुलना गरेर हेर्दा छात्रवृत्ति कार्यक्रमले लक्षित वर्ग लाई विद्यालय जान, विद्यार्थीको विद्यालय नियमिततालाई निरन्तरता दिन, कक्षा छाड्ने दर घटाउन, कक्षा दोहोऱ्याउनेदर घटाउन यसले अभिप्रेरित गर्दछ । छात्रवृत्ति प्राप्त गर्ने बालबालिकालाई सिकाइमा निरन्तरता ल्याई सकारात्मक सोचमा बृद्धि ल्याउन सहयोग पुग्छ । त्यसैले छात्रवृत्ति कार्यक्रमलाई पनि विद्यार्थीलाई विद्यालय नियमित गराउने एउटा अभिप्रेरणात्मक तत्वको रूपमा लिइन्छ ।

आरोग्यतत्व त्यस्तो तत्व हो जसले कामदारको कार्य दक्षतामा कुनै बृद्धि र विकास गर्दैन तर पनि कार्यमा आउने असन्तोष रोकेर उत्कृष्ट कार्य सम्पादनको लागि भने अभिप्रेरित गर्छ । आरोग्य तत्वले सकारात्मक रूपमा राम्रो स्वास्थ्य अवस्था अभिबृद्धि गर्दैन तर खराब स्वास्थ्य हुनबाट भने रोकथाम गर्ने प्रयास गर्छ । छात्रवृत्ति कार्यक्रम यस्तो कार्यक्रम हो जसले लक्षित वर्गका बालबालिकालाई शैक्षिक मूलधारमा ल्याउनलाई अभिप्रेरित गर्दछ । छात्रवृत्ति रकम लक्षित वर्ग जस्तैः ५० प्रतिशत छात्रा, दलित, अपाङ्ग, द्वन्द्व पिडित बालबालिकाहरू जसले पाउनु पर्ने हो उनीहरूले नपाएर दामासाही हिसाबले छात्रवृत्ति वितरण भएको खण्डमा वा आलोपालो हिसाबले छात्रवृत्ति वितरण गरिएको खण्डमा लक्षित वर्ग विद्यालयको पहुँचबाट बाहिर हुन पनि सक्दछन् । यस्तो छात्रवृत्तिले बालबालिकालाई कक्षा छाड्ने दरमा केही सुधार हुन पनि सक्ला र विद्यालयमा भर्नादर वृद्धि, कक्षा छाड्नेदर र दोहोऱ्याउने दर कम हुँदै गए पनि लक्षित वर्ग पछाडि नै पर्ने हुन सक्छन् । जुन लक्षित वर्ग हो उही शैक्षिक मूलधारमा नआउन सक्छन् । त्यसैले आरोग्य तत्वको रूपमा दामासाहीले छात्रवृत्ति बाड्ने, आलोपालो गरी छात्रवृत्ति बाँड्ने प्रक्रियालाई लिन सकिन्छ ।

## २.३ शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको पुनरावलोकन एवम् सैद्धान्तिक खाकाले यस विषयसँग सम्बन्धित रहेर अहिलेसम्म स्थापित भएका शैक्षिक ऐन तथा नियमावली र सिद्धान्तले अगाडि बढाएका मुलभूत पक्षहरूको अध्ययन गर्दछ । त्यसैगरी सम्बन्धित साहित्यको पुनरावलोकनबाट छात्रवृत्ति सम्बन्धी भए गरेका व्यवस्था, यसरी गरेका व्यवस्थाले छात्रवृत्तिमा कस्तो प्रभावकारीता रहेको छ र ऐन नियममा व्यवस्था भएता पनि त्यसको प्रभावकारी व्यवस्थापन नभएको कुरा र कमजोर पक्षहरूको सम्बन्धमाा जानकारी प्राप्त गर्न सहयोग पुऱ्याएको छ । त्यसमा पनि वर्तमान समयमा सामुदायिक विद्यालयमा उदार कक्षोन्नति गर्ने सरकारी नीतिको कारण प्रा.वि. तह पार गरेका अधिकांश विद्यार्थीहरूको उक्त तहमा सिक्नु पर्ने आधारभूत कुराहरू पनि नसिकेको अवस्थामा अब गरिने लगानीहरूले शैक्षिक उपलब्धिको गुणात्मक पक्षको विकासमा जोड दिनुपर्ने देखिन्छ । उक्त अवधारणाको विकास गर्न पूर्व साहित्यको अध्ययन कोसेढुङ्गा सावित भएको छ । पूर्व साहित्यको अध्ययनबाट अध्ययनकर्तालाई अध्ययनको विषयवस्तु सम्बन्धी विस्तृत ज्ञान प्राप्त भएको छ । अध्ययनको विषयवस्तु छनौटदेखि लिएर उद्देश्य निर्धारण गर्न समेत सजिलो भएको छ ।

छात्रवृत्ति व्यवस्थापनमा देखिएका समस्या, समस्या समाधानका उपाय र छात्रवृत्ति पाउने विद्यार्थीको लगनशिलता र उपलब्धीको खोजी गर्ने कुरामा आधार प्रदान गरी यस शिर्षकमा अध्ययन गर्न थप सहयोग पुगेको छ । साथै सम्बन्धित साहित्यको पुनरावलोकनबाट अध्ययनलाई अगाडि बढाउन मार्गनिर्देशन गर्ने र यस विषयको अध्ययनको लागि आवश्यक पर्ने सैद्धान्तिक खाका निर्माण गर्न, अध्ययनलाई निश्चित दिशा तर्फ डोऱ्याई अध्ययन गर्न, अध्ययनमा देखापरेको अपूर्णतालाई पूर्णतातर्फ उन्मुख गर्न पूर्व साहित्यले सघाएको तथ्यलाई सम्बन्धित साहित्यको पुनरावलोकनको शैक्षिक उपादेयताको रूपमा लिइएको छ ।

# परिच्छेद तीन

## अध्ययन विधि

कुनै पनि अनुसन्धानको लागि कोरा ज्ञानले मात्र सम्भव छैन । अध्ययन के-कसरी अगाडि बढाउने भन्ने कुरामा पूर्वमानसिकता हुन जरुरी छ । अध्ययनलाई संख्यात्मक रूपमा वा गुणात्मक रूपमा कसरी अगाडि बढाउने, अध्ययनको जनसंख्या कुन क्षेत्रमा सिमित गर्ने, अध्ययन गरी तथ्याङ्क सङ्कलनका लागि कुन-कुन साधनहरूको प्रयोग गर्ने, तथ्याङ्क सङ्कलनका स्रोत के-के हुने र कसरी ति तथ्याङ्कलाई लिने, तथ्याङ्क लिएपछि आफ्नो उद्देश्य अनुसार त्यसलाई कसरी व्याख्या तथा विश्लेषण गर्ने भनी पूर्व मानसिकता तयार नगरी कुनै पनि अध्ययनमा अगाडि बढ्न सकिदैन । त्यसैले निम्नानुसारका अध्ययन विधिहरूको प्रयोग गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

अध्ययन तथा अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्व योजना अथवा तयारी बिना गरिने अनुसन्धान निश्चित लक्ष्यसम्म पुग्न सक्दैन (खनाल २०६०) । अध्ययन गुणात्मक र परिमाणात्मक दुबै ढाँचामा आधारित छ । अध्ययनमा उत्तरदाताहरूबाट आएको उत्तरलाई त्यसको प्रकृति अनुसार व्याख्यात्मक विश्लेषण प्रक्रिया अपनाइएको छ त्यस्तै परिमाणात्मक रूपमा सङ्कलन गरिएका तथ्याङ्कहरूलाई विभिन्न तालिका तथा ग्राफको माध्यमबाट व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### ३.२ जनसंख्या र नमुना छनौट

यस अध्ययनको लागि संभावनारहित नमूना छनौट विधि अन्तर्गत उद्देश्यपूर्ण नमूना छनौट विधिको आधारमा विद्यालयहरू छनौट गरिएको छ । विद्यालयहरू छनौट गर्दा नवलपरासी जिल्लामा रहेका १ नगरपालिका र ७३ गाविस मध्ये सदरमुकामदेखि ९२ कि.मि. पूर्वमा रहेको जनक उच्च मा.वि. स्रोत केन्द्र, गैंडाकोट नवलपरासी अन्तर्गतका ३०वटा सामुदायिक

विद्यालयहरू मध्ये पञ्चकन्या प्रा.वि. गैंडाकोट-३, सरस्वती प्रा.वि.गैंडाकोट-५, भाग्योदया प्रा.वि. गैंडाकोट-६, मौलादेवी प्रा.वि.गैंडाकोट-३ गरी ४ वटा प्राथमिक विद्यालयलाई छनौट गरिएको छ । छनौट गरिएका प्रत्येक विद्यालयका प्र.अ./शिक्षक-१, विद्यार्थीहरू-२, अभिभावक-१, वि.व्य.स. पदाधिकारी-१, जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरूमा विद्यालय निरिक्षक/शाखा अधिकृत जम्मा २ जना, स्रोत केन्द्र अन्तर्गतका स्रोत व्यक्ति १ जना गरी जम्मा २३ जनालाई यस अध्ययनको जनसंख्याको रूपमा छनौट गरिएको छ ।

## ३.३ अध्ययन साधन निर्माण

यस अध्ययनको लागि निम्न अनुसारका अध्ययन साधनहरू प्रयोग गरिएको छ ।

### क) अन्तरवार्ता प्रश्नावली र प्रश्नावली

यस अध्ययनका लागि नमूना छनौटमा परेका विद्यालयहरूका प्र.अ., वि.व्य.स.का पदाधिकारी, अभिभावक, शिक्षा कार्यालयका कर्मचारी (वि.नि., आर.पि. तथा अन्य कर्मचारी) हरूका लागि अनुसूची ३,४,५ र ७ मा उल्लेख गरिएअनुसारको प्रश्नावलीको प्रयोग गरिएको छ । त्यस्तै विद्यार्थीहरूको लागि अनुसूची ६ मा उल्लेख गरिएअनुसारको अन्तरवार्ता प्रश्नावली प्रयोग गरिएको छ ।

### ख) सर्वेक्षण फारम

नमूना छनौटमा परेका विद्यालयहरूको विद्यार्थी भर्नादर, कक्षा छाड्ने दर, कक्षा उर्त्तिणदर र विद्यार्थीका सिकाई उपलब्धी कस्तो छ भनेर हेर्नका लागि अनुसूचि २ मा उल्लेख भए अनुसारको विद्यालय सर्वेक्षण फारम प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

तथ्याङ्क सङ्कलन गर्ने प्रकृयामा निम्नअनुसारका स्रोतहरूको प्रयोग गरिएको छ ।

प्राथमिक स्रोत- प्राथमिक स्रोतबाट सङ्कलित तथ्याङ्क अन्तरवार्ता प्रश्नावली, प्रश्नावली र सर्वेक्षण फारमहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

द्वितिय स्रोत- द्वितीय तथ्याङ्कहरू यसै विषयमा प्रकाशित  पत्रपत्रिका पुस्तक तथा इन्टरनेटबाट लिइएको छ ।  यसरी लिइएको तथ्याङ्कको प्रकृति गुणात्मक तथा परिणात्मक दुबै किसिमको रहेको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रकृया

यस अध्ययनका लागि तयार पारिएका अन्तरवार्ता प्रश्नावली, प्रश्नावली, सर्वेक्षण फारम लिएर नमूना छनौटमा परेका विद्यालयहरूमा स्वयं आफै गएर प्रश्नावली र फारमहरू भरिएको छ । प्राथमिक तथ्याङ्कका लागि अन्तरवार्ता प्रश्नावली, प्रश्नावली र सर्वेक्षण फारम अवलोकन र छलफलका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । सहायक तथ्याङ्क यसै विषयसँग सम्बन्धीत रहेर प्रकाशन भएका लेख रचना, प्रतिवेदन, कार्यान्वयन निर्देशिका, नियमावली, पत्रपत्रिका पुस्तक तथा इन्टरनेटबाट लिइएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस अध्ययन गुणात्मक तथा परिमाणात्मक भएको हुँदा प्रश्नावली ,अन्तरवार्ता प्रश्नावली, विद्यालय सर्वेक्षण फारम तथा अन्य अभिलेखबाट प्राप्त तथ्याङ्कलाई विभिन्न तालिका बारग्राफ पाइचार्ट आदिमा राखि विश्लेषण गरिएको छ । विद्यार्थीको सहजै देखिने भर्नादर, खुद भर्नादर, विद्यार्थीको कक्षा उर्त्तिणदर, विद्यार्थीको कक्षा छाड्नेदर निकालिएको छ । यसरी अध्ययनमा  लिइएको तथ्याङ्कलाई उद्देश्य र आवश्यकता अनुसार व्याख्या तथा विश्लेषण गरीएको छ भने अनावश्यक सङ्कलित तथ्याङ्कलाई प्रयोगमा ल्याइएको छैन ।

# परिच्छेद चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस खण्डमा प्राथमिक तह त्यसमा पनि सामुदायिक विद्यालयमा लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र शैक्षिक उपलब्धिमा प्रभावको अवस्था हेर्न नवलपरासी जिल्लाको गैंडाकोट गाविस अन्तर्गतको जनक उच्च मा.वि.मा रहेको स्रोत केन्द्र भित्रका ४ वटा प्रा.वि. विद्यालयहरूको सहजै देखिने भर्नादर, खुद भर्नादर, बालबालिकाको नियमितताको अवस्था विद्यार्थीको कक्षातिर्ण र कक्षा छाड्नेदर, छात्रवृत्ति छनौटका आधार, दलित विद्यार्थी छनौट गर्ने ढाँचा, छात्रवृत्ति कार्य सञ्चालन निर्देशिकासम्बन्धी धारणा, छात्रवृत्तिरकमको प्रर्याप्तता, सिकाई उपलब्धिको स्थितिको तुलनात्मक अध्ययनका लागि विद्यालयगत तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ । सामुदायिक विद्यालयको प्रा.वि. तहका सबै प्रकारका छात्र/छात्रालाई प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रमको प्रभावका सन्दर्भमा प्र.अ., शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्रोत व्यक्ति, जि.शि.का कर्मचारीहरूबाट सङ्कलित तथ्याङ्कहरूलाई निर्दिष्ट उद्देश्य बमोजिम निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१ लक्षित वर्गका लागि प्राप्त छात्रवृत्ति व्यवस्थापन

छात्रवृत्ति व्यवस्थापनको स्थिति हेर्नको लागि यसको कार्यान्वयन पक्ष महत्वपूर्ण हुन्छ । लक्षित वर्गका लागि वितरण गरिने छात्रवृत्ति छनौटका आधारहरू, विद्यार्थी छनौट गर्ने ढाँचा, छात्रावृत्ति कार्यक्रम सञ्चालन निर्देशिकाको पालना, छात्रावृत्ति वितरणका लागि अपनाएको नीति, छात्रावृत्तिको सुनिश्चिचता जस्ता पक्षबाट छात्रवृत्ति व्यवस्थापन स्थितीलाई हेर्न सकिन्छ । त्यसैले प्रत्येक पक्षहरूको अलग-अलग शिर्षकमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ४.१.१ विद्यालयले वितरण गर्ने छात्रवृत्ति छनौटका आधारहरू

विद्यालय पहुँचबाट टाढा रहेका विद्यार्थीहरू विद्यालयको ढोकासम्म पुऱ्याउने र विद्यार्थी सहजै देखिने भर्नादरलाई कम गरी खुद भर्नादरमा बृद्धि गरी विद्यार्थीलाई विद्यालयमा निरन्तरता दिने

उद्देश्य अनुरुप शिक्षाको अन्तर्राष्ट्रिय मूलनारा सबैका लागि शिक्षा कार्यक्रमलाई पूरा गर्ने लक्ष्य अनुरूप सञ्चालन गरिएका शैक्षिक कार्यक्रमहरू मध्येको एउटा कार्यक्रम छात्रवृत्ति कार्यक्रम हो । यस्तो छात्रवृत्ति कार्यक्रमलाई विद्यालयले वितरण गर्ने छनौटका आधारहरू निम्नानुसारको तालिकाबाट प्रष्ट पारिएको छ:

तालिका १ विद्यालयले वितरण गर्ने छात्रवृत्ति छनौटका आधारहरू

| क्र.सं. | विवरण | प्र.अ. | प्रतिशत | वि.व्य.स. | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | जेहेन्दार, गरिब, पिछडिएकाहरू मध्येबाट हेरेर | २ | ५० | २ | ५० |
| २. | जिल्ला शिक्षा कार्यालयको निर्देशन बमोजिम | - | | २ | ५० |
| ३. | शिक्षक एवम् प्र.अ.को स्वविवेकले | २ | ५० | - | - |
| ४. | अभिभावकको आर्थिक अवस्था हेरेर | - | | - | - |

स्रोतः- स्थलगत सर्वेक्षण (२०६७)

माथिको तालिकामा देखाइएअनुसार प्र.अ. र विद्यालय व्यवस्थापन समितिले छात्रवृत्ति छनौटका लागि अपनाएका आधारहरू आ-आफ्नो राय व्यक्त गरेका छन् जसमा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त हुने छात्रवृत्ति शिक्षा कार्यालयले दिने निर्देशन अनुसार नै वितरण गर्ने गरिएको र त्यसरी वितरण गर्ने छात्रवृत्ति पनि जुन विद्यार्थी लक्षित छन् तिनीहरूमा पनि जेहेन्दार, गरिब, पिछडिएकाहरू मध्येबाट हेरेर वितरण गर्ने कुरामा प्र.अ. र वि.व्य.स.को राय ५०/५० प्रतिशत आएको छ । त्यस्तै शिक्षा कार्यालयको निर्देशन बमोजिम वितरण गर्ने छात्रवृत्तिमा वि.व्य.स.बाट ५० प्रतिशत प्राप्त भएको छ भने शिक्षक एवम् प्र.अ.को स्वविवेकले छात्रवृत्ति वितरण गर्नेमा ५० प्रतिशत प्र.अ.को राय प्राप्त भएको छ । शिक्षा कार्यालयले छात्रवृत्ति वितरण गर्न नीतिगत आधार तय गर्दा विद्यालयमा अध्ययनरत सम्पूर्ण दलित, छात्रछात्राहरूले छात्रवृत्ति पाउने व्यवस्था सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, वितरणका आधारहरू र रकम जिल्ला शिक्षा कार्यालयको सूचना पाटीमा अनिवार्य रूपमा टाँस्ने र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने भनेता पनि स्थानीय रूपमा के-कस्तो अवस्था आइपर्छ सो अनुसार नै छात्रवृत्ति वितरणका आधारहरू तय गरिएको पाइएको छ ।

### ४.१.२ छात्रवृत्ति वितरणका लागि लक्षित विद्यार्थी छनौट गर्ने ढाँचा

सामुदायिक विद्यालयले वितरण गर्ने भनेको छात्रवृत्ति सरकारी निकायबाट लक्षित वर्गका बालबालिका भनेर छुट्याइएका बालबालिकाको लागि मात्र हो । नेपाल सरकारले दलित छात्रा, अपाङ्ग, शहिदका छोरा छोरी भनेर लक्षित वर्ग छुट्याएको छ र सरकारी निकायबाट प्राप्त हुने छात्रवृत्ति भनेको पनि तिनीहरूको लागि मात्र हो अन्य जेहेन्दार र परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने (दलित र ५० प्रतिशत छात्रा बाहेकका) विद्यार्थीलाई विद्यालयले आफ्नै स्रोतबाट रकम जुटाइदिने गर्दछन् वा दिदैनन् भने कुनै विद्यालयले तिनै लक्षित वर्गका बालबालिकाको लागि प्राप्त छात्रवृत्ति रकमलाई व्यवस्थापन गरी वितरण गर्ने गर्दछन् ।

यसरी सरकारी निकायबाट प्राप्त छात्रवृत्ति रकमबाट लक्षित बालबालिका नै लाभान्वित हुनु पर्छ र लक्षित बालबालिका नै छनौट भएका छन् भन्ने सुनिश्चितता हुनु पर्छ छात्रवृत्ति वितरणका लागि निश्चित विधि र ढाँचा अपनाएमा मात्र छात्रवृत्तिको सुनिश्चितताको प्रत्याभुति गर्न सकिन्छ । विद्यालयहरूले के-कस्तो विधि र ढाँचाहरूको अवलम्बन गरी लक्षित बालबालिका छनौट गर्दै आएका छन् भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ लक्षित विद्यार्थी छनौट गर्ने ढाँचा


| क्र. सं. | विवरण | प्र.अ. | प्रतिशत | वि.व्य.स. | प्रतिशत | औ. | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा शिक्षकले लक्षित समूह छनौट गरी शिक्षक बैठकमा राख्ने र वि.व्य.स.ले टुङ्गो लगाउने | १ | २५ | १ | २५ | २ | २५ |
| २ | शिक्षक, शिक्षक अभिभावक संघ र वि.व्य.स.ले उपर्युक्त आधार तयार गरी छनौट गर्ने | २ | ५० | २ | ५० | ४ | ५० |
| ३ | प्र.अ., वि.व्य.स.को संयुक्त प्रयासबाट लक्षित समूह छनौट गर्ने | १ | २५ | १ | २५ | २ | २५ |
| ४. | शिक्षा कार्यालयको निर्देशन बमोजिम | - | | - | | - | - |

स्रोतः स्थलगत सर्वेक्षण (२०६७)

उपर्युक्त तालिकामा विद्यालयहरूले २०६६ सालको लक्षित वर्गका लागि छात्रवृत्ति वितरण गर्न अपनाएका विधि र ढाँचा सम्बन्धमा प्र.अ. र वि.व्य.स.का पदाधिकारीहरूको धारणा देखाइएको छ । औषतमा हेर्दा २५ प्रतिशत उत्तरदाताहरूबाट लक्षित बालबालिकाको लागि

छात्रवृत्ति छनौट गर्दा कक्षा शिक्षकले लक्षित समूह छनौट गरी शिक्षक बैठकमा राख्ने र वि.व्य.स.ले टुङ्गो लगाउने कुरा बताएका छन् । त्यस्तै औषत ५० प्रतिशत उत्तरदाताहरूले शिक्षक, शिक्षक अभिभावक संघ र वि.व्य.स.ले उपर्युक्त आधार तयार गरी छनौट गर्ने कुरा बताएका छन् भने औषतमा २५ प्रतिशत उत्तरदाताहरूले प्र.अ., वि.व्य.स.को संयुक्त प्रयासबाट लक्षित समूह छनौट गर्ने कुरा बताएका छन् । तर शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ अनुसार शिक्षक, शिक्षक अभिभावक संघ, वि.व्य.स. समेतको सहभागितामा छात्रवृत्ति पाउने बालबालिकाको नामावली छनौट गर्ने कुरा निर्देश गरेको छ । औषत हेर्दा ५० प्रतिशत उत्तरदाताले पनि सो कुरा कार्यान्वयन गरेको पाइएको छ जुन कुरा सकारात्मक मान्नु पर्दछ ।

लक्षित विद्यार्थी छनौट गर्ने ढाँचा




स्रोत: स्थलगत सर्वेक्षण (२०६७)

### ४.१.३ छात्रवृत्ति कार्यसञ्चालन निर्देशिका सम्बन्धी धारणा

नेपालका अधिकांश नीतिहरू नीतिमा मात्र सिमित हुने कार्यान्वयनमा नआउने गरेको देखिन्छ । निर्माण भएका नीतिहरूलाई आधार नमान्ने र कुनै दिन कुनै अप्ठ्यारो आउँदा यस्तो नियममा व्यवस्था छ भनी बहस गर्ने र कार्यान्वयन पक्षलाई ध्यान नदिने कुरा अधिकांश ठाउँमा पाइन्छ । कुनै पनि कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निश्चित आधारहरूद्वारा निर्माण गरिएको कार्य सञ्चालन निर्देशिका तर्जुमा गरिएको हुन्छ । सबैखाले छात्रवृत्तिहरूको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले शिक्षा विभागले यससँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यक्रम

कार्यान्वयन निर्देशिकाका आधारमा छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसरी अध्ययनको छनौटमा परेका विद्यालयका कार्यक्रम कार्यान्वय निर्देशिका कार्यान्वयन गर्ने जिम्मेवारी पाएका प्रमुख व्यक्तिहरू प्र.अ. र वि.व्य.स. का पदाधिकारीहरूको त्यस निर्देशिका सम्बन्धी धारणा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ छात्रवृत्ति कार्यान्वयन निर्देशिका सम्बन्धी धारणा

| क्र. सं. | विवरण | प्र.अ. | | वि.व्य.स. | | औषत | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | थाहा छ | - | - | ३ | ७५ | ३ | ३७.५ |
| २ | सुनेको छु | - | - | - | - | - | - |
| ३ | सुनेकै छैन | - | - | १ | २५ | १ | १२.५ |
| ४ | विद्यालयमा उपलब्ध छ | ३ | ७५ | - | - | ३ | ३७.५ |
| ५ | शिक्षा कार्यालयले उपलब्ध गराउँदैन | १ | २५ | - | - | १ | १२.५ |

स्रोत : स्थलगत सर्वेक्षण (२०६७)

उपर्युक्त तालिकामा छात्रवृत्ति कार्यक्रम सम्बन्धी कार्यक्रम कार्यान्वयन निर्देशिका कार्यान्वयन गर्ने विद्यालयका आधिकारिक व्यक्तिहरूसँग निर्देशिकाका बारेमा जानकारी लिंदा यसको बारेमा थाहा छ भन्नेमा औषत ३७.५ प्रतिशत रहेको पाइयो र विद्यालयमा उपलब्ध छ की छैन भनि जानकारी लिंदा विद्यालयमा उपलब्ध छ भन्नेमा औषत ३७.५ प्रतिशत रहको पाइएको छ । यस्तै निर्देशिकाका बारेमा सुनेकै छैन भन्नेमा औषत १२.५ प्रतिशत पाइयो भने जानकारी भएता पनि कार्यालयले उपलब्ध नगराएको भन्नेमा १२.५ प्रतिशत पाइयो ।

### ४.१.४ छात्रवृत्ति रकमको पर्याप्तता

स्वभावैले मान्छे असन्तोषी हुन्छ, मान्छेका आवश्यकताहरू धेरै हुन्छन् । त्यस्तै आवश्यकता परिपूर्ति गर्ने क्रममा एक पछि अर्को आवश्यकता बढ्दै जान्छ । निश्चित आवश्यकता पूरा गर्न पाए हुन्थ्यो भन्ने चाहाना हुँदा त्यो आवश्यकता पूरा भएपछि पुनः अर्को आवश्यकता उब्जिन्छ । यस्तै अभिभावक तथा विद्यार्थीलाई पनि छात्रवृत्ति नपाउञ्जेल केही सहुलियत पाए हुन्थ्यो भन्ने लाग्नसक्छ भने केही सहुलियत पाइसकेपछि त्यसको अपर्याप्तता महसुस हुन सक्छ जुन कुरा मानवीय स्वभावै हो । सरकारले छात्रवृत्ति कार्यक्रममा ठूलो धनराशी

खर्च गरेको छ ता पनि प्रतिकोटा रकम न्यून देखिन्छ । सरकारले लगानी गर्ने छात्रवृत्तिको रकम शिक्षाको सबै भन्दा बढी प्राथमिक तहमा हुने गर्दछ यसबाट प्रा.वि. तहमा अध्ययन गर्ने दलित, ५० प्रतिशत छात्रा, अपाङ्ग, द्वन्द्वपिडित बालबालिकाहरू लाभान्वित भइरहेका छन् । यस कार्यक्रमबाट बालबालिकाको भर्नादर, नियमितता, कक्षोर्त्तिणदरमा पनि सुधार आएको छ ता पनि निरपेक्ष गरिबीको स्थितिमा रहेका, बिहान बेलुकी हातमुख जोर्न धौ-धौ पर्ने वर्गलाई भने यस कार्यक्रमले खासै प्रभाव पार्न सकेको छैन । छात्रवृत्ति प्राप्त गरी लाभान्वित भएकाहरूले पनि प्राप्त छात्रवृत्ति रकम न्यून भएको गुनासाहरू गर्ने गरेको पाइएको छ । छात्रवृत्ति रकमको पर्याप्तता सम्बन्धमा अध्ययनमा संलग्न विद्यालयहरूका विद्यार्थी र अभिभावकहरूको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४ छात्रवृत्ति रकमको पर्याप्तता

| क्र. सं. | विवरण | विद्यार्थी | प्रतिशत | अभि-भावक | प्रतिशत | औषत | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पर्याप्त छैन घरको अवस्था हेरी दिए हुथ्यो | २ | २५ | - | - | २ | १६.६ |
| २ | पर्याप्त छैन महिनै पिच्छे केही रकम पाइरहन पाए हुन्थ्यो | - | - | - | - | - | - |
| ३ | पर्याप्त छैन कपि, कलम, झोला, पोशाक र खाजा खान समेत पुग्ने गरी दिए हुन्थ्यो | ५ | ६२.५ | - | - | ५ | ४१.६ |
| ४ | पर्याप्त छैन | - | १२.५ | १ | २५ | २ | १६.६ |
| ५ | पर्याप्त छ | १ | - | - | - | - | - |
| ६ | आंशिक सहयोग पुगेको छ | - | - | ३ | ७५ | ३ | २५ |
| **जम्मा** | | **८** | **१००** | **४** | **१००** | **१२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण (२०६७)

उपर्युक्त तालिकामा विद्यालयमा प्राप्त हुने छात्रवृत्ति रकमले विद्यार्थीहरू लाभान्वित हुन सकेका छन् की छैनन् भनि विद्यार्थी तथा अभिभावकहरूलाई प्रश्न गर्दा वितरण गरिएको छात्रवृत्ति रकम पर्याप्त छैन घरको अवस्था हेरेर दिए हुन्थ्यो भन्नेमा २५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यस्तै पर्याप्त छैन कपि, कलम, झोला, पोशाक र खाजा खान समेत पुग्ने गरी दिए हुन्थ्यो भन्नेमा ६२.५ प्रतिशत विद्यार्थी रहेका छन् त्यस्तै छात्रवृत्ति रकम प्रर्याप्त छैन भन्नेमा १२.५ प्रतिशत विद्यार्थीहरू रहेका छन्  २५ प्रतिशत अभिभावकहरू रहेका छन् भने छात्रवृत्तिले आंशिक सहयोग पुगेको छ भन्नेमा ७५ प्रतिशत अभिभावक रहेका छन् । यहाँ

Frederick Herzberg को प्रेरक आरोग्य सिद्धान्तले अभिप्रेरणात्मक तत्व जसले राम्रो र असल कामतर्फ प्रेरित गर्दछ भने आरोग्य तत्व जसले काम बिग्रन दिंदैन र असल कामतर्फ पनि डोऱ्याउदैन यहाँ छात्रवृत्तिले आंशिक सहयोग पुगेको छ भन्नेमा ७५ प्रतिशत अभिभावक र प्रर्याप्त छैन कपि, कलम, झोला, पोशाक र खाजा खानसमेत पुग्नेगरी दिए हुन्थ्यो भन्नेमा ६२.५ प्रतिशत विद्यार्थीहरू रहेकाछन् जसले विद्यार्थीलाई विद्यालयसम्म पुऱ्याउने भर्नादर बढाउने र सकारात्मक सोचको विकास गराएको छ तर अभिप्रेरणाकै रूपमा विद्यार्थीलाई अझ उत्साहित गराउन सकेको छैन ।

### ४.१.५ शिक्षा कार्यालयले अपनाएका नीति

नीति निर्माण गर्ने एउटा तह हुन्छ भने निर्देशन दिने अर्को तह हुन्छ त्यस्तै कार्यान्वयन तह अर्कै रहेको हुन्छ । भन्ने गरिन्छः नीति बनाइन्छ त्यसलाई कार्यान्वयनमा ल्याइदैन त्यसैले छात्रवृत्तिका लागि बनाइएका नीतिहरूमा निर्देशन दिने तथा कार्यान्वयनमा ल्याउने तहले के गर्ने गरेको छ भन्ने कुरा हेर्नको लागि यहाँ सरकारी निकायका कर्मचारीहरूबाट नीतिगत रूपमा व्यवस्था भएका कुराहरूलाई कसरी कार्यान्वयनमा ल्याइएको छ भन्ने कुरा हेर्न निम्न तालिकामा राखिएको छ । यस तालिकामा लेखिएका कुराहरू कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ मा व्यवस्था भएका छन् र कार्यान्वयन कसरी गरिएको छ भन्ने कुरा यहाँ हेरिएको छ ।

तालिका ५ शिक्षा कार्यालयले अपनाएका नीति

| क्र.स. | विवरण | स्रोत व्यक्ति | शा.अ. | वि.नि. |
|---|---|---|---|---|
| १ | जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति गठन गरेको | - | - | - |
| २ | लक्षित वर्गलाई छात्रवृत्ति व्यवस्थापन सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने गरेको | - | १ | १ |
| ३ | छात्रवृत्ति वितरणका आधारहरू र रकम जिल्ला शिक्षा कार्यालयको सूचना पाटीमा टाँस गरेको | - | - | - |
| ४ | जिल्ला शिक्षा कार्यालयको निर्देशन बमोजिम विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरू विकास गरी छात्रवृत्ति पाउने बालबालिकाहरूको नामावली छनौट गर्ने गरेको | १ | - | - |

स्रोतः स्थलगत सर्वेक्षण (२०६७)

उपर्युक्त तालिकामा लेखिएका ४ वटा बुँदा नै प्रकृयागत रूपमा जिल्ला शिक्षा कार्यालयले गर्नुपर्ने हुन्छ त्यस्तै कार्यान्वयन गर्ने बेलामा स्थानीय निकायको अवस्था हेरी स्रोत व्यक्ति तथा वि.नि.ले विद्यालयहरूलाई निर्देशन दिने गर्दछन् । यहाँ लक्षित वर्ग को हो भनी वास्तविक लक्षित वर्ग पहिचान गर्न विद्यालय व्यवस्थापन समितिलाई निर्देशन गरी छात्रवृत्ति पाउने बालबालिकाको सुनिश्चितता गर्ने कुरामा शाखा अधिकृत र वि.नि.ले व्यवस्थापन समितिलाई निर्देशन गरी क्रियाशील बनाएको पाइन्छ । यस्तै स्रोत व्यक्तिको पनि शिक्षा कार्यालयकै निर्देशन बमोजिम व्यवस्थापन समितिले निश्चित आधार तयार गरी छात्रवृत्ति पाउने बालबालिकाको नामावली छनौट गर्ने कुरा प्राप्त भएको छ । यहाँ लक्षित बालबालिका छनौटका लागि कार्यालयबाट विद्यालय व्यवस्थापन समितिलाई नै क्रियाशील बनाउने नीति अवलम्बन गरेको पाइएको छ ।

### ४.१.६ छात्रवृत्तिको प्रभावकारी व्यवस्थापनका लागि व्यवस्थापन प्रकृया

यहाँ छात्रवृत्ति पाउने लक्षित वर्ग भनेर छात्रा, दलित, अपाङ्ग, द्वन्द्व पिडित बालबालिका भनिएको छ तर कतिपय विद्यालयमा जुन लक्षित वर्ग हुन् उनीहरूलाई भनी तोकिएर आएको छात्रवृत्ति रकम नपाएको गुनासो पनि नसुनिएको होइन । त्यसैले विद्यालयमा प्राप्त छात्रवृत्ति रकम लक्षित वर्गले पाएका छन् की छैनन् र कार्यालयको त्यससँग सम्बन्धित धारणा पनि कस्तो रहेको छ भन्ने कुरा हेर्नको लागि निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६ छात्रवृत्तिको प्रभावकारी व्यवस्थापनका लागि व्यवस्थापन प्रकृया

| क्र.स. | विवरण | वि.व्य.स. | स्रोत व्यक्ति | शा.अ. | वि.नि. | औषत | औषत प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालयबाट पठाउने/प्राप्त भएको छात्रवृत्ति लक्षित समूहले/समूहलाई वितरण गर्ने/गरिएको | २ | १ | १ | - | ४ | ५७ |
| ३ | विभाग/कार्यालयबाट जो-जसलाई तोकेर आएको छ उसैलाई मात्र वितरण गर्ने/गरिएको छ | २ | - | - | १ | ३ | ४३ |
| | **जम्मा** | ४ | १ | १ | १ | ७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण (२०६७)

उपर्युक्त तालिकामा कार्यालयका कर्मचारीको निर्देशन पनि कार्यालयबाट पठाउने छात्रवृत्ति लक्षित समूहलाई मात्र वितरण गर्ने त्यस्तै विभाग वा कार्यालयबाट जो-जसलाई तोकेर आएको छ उसलाई मात्र वितरण गर्ने कुरा पनि कार्यालयकै कर्मचारीबाट आएको छ । यहाँ जो-जसलाई तोकेर आएको छ उसलाई मात्र वितरण गर्ने भन्ने कुराबाट पनि लक्षित वर्गलाई दिनु पर्दछ भन्ने निर्देशन शिक्षा कार्यालयका कर्मचारीको पाइन्छ ।

त्यस्तै कार्यान्वयन तहमा आएर कार्यालयबाट प्राप्त छात्रवृत्ति रकम लक्षित समूहलाई वितरण गर्ने भन्नेमा औषतमा आएर ५७ प्रतिशतले लक्षित समूहलाई दिएको र पाएको कुरा आएको छ भने कार्यालयबाट जो-जसलाई तोकेर आएको छ उसलाई वितरण गर्ने र गरिएको भन्नेमा औषतमा ४३ प्रतिशत उत्तरदाताको भनाई आएको छ ।

यहाँ विद्यालयमा पठाइने छात्रवृत्तिको प्रभावकारी व्यवस्थापन भएको छ की छैन जुन लक्षित वर्ग हुन् उनीहरूले छात्रवृत्ति पाएका छन् की छैनन् वास्तवमा दुरुपयोग पो भएको छ की भनी हेर्नका लागि तयार गरिएको प्रश्नावलीको उत्तरका आधारमा कार्यालयबाट प्राप्त हुने छात्रवृत्ति रकम लक्षित वर्गले पाएको देखिन्छ ।

### ४.१.७ लक्षित समूहले प्राप्त गर्ने छात्रवृत्तिको सुनिश्चितता

विद्यालयमा छात्रवृत्ति धेरै थोरै जे भए पनि प्राप्त त हुन्छ तर त्यो रकम लक्षित बालबालिकाले नै पाएकी पाएनन् भनी प्र.अ.सँग त्यसको सुनिश्चितताका बारेमा गरिएको प्रश्नको उत्तरलाई यहाँ जस्ताको तस्तै राखिएको छ ।

"कक्षा शिक्षकको सिफारिसमा शिक्षक कर्मचारीबाट पारित गरी विद्यालय व्यवस्थापन समिति र अभिभावक संघसम्म गई त्यसको छनौट हुने हुँदा लक्षित समूह भन्दा बाहिर गएर छात्रवृत्ति वितरण हुन सक्दैन ।"

त्यस्तै अर्को विद्यालयका प्र.अ. ले पनि छात्रवृत्ति वितरण गर्दा "निर्देशिकाले तोके अनुसार नै वितरण गर्नुपर्ने हुँदा लक्षित वर्गले पाएको कुरा सुनिश्चित गर्न सकिन्छ" भन्नु हुन्छ ।

त्यसरी नै अर्को विद्यालयका प्र.अ. पनि "नेपाल सरकारको नीति नियम अनुसार छात्रवृत्ति वितरण गर्नु पर्ने भएकोले छात्रवृत्ति वितरणमा सुनिश्चितता भएको कुरामा ढुक्कसँग भन्न सकिन्छ ।"

त्यस्तै अर्को विद्यालयका प्र.अ. भन्नुहुन्छ "यस विद्यालयमा अध्ययनरत सम्पूर्ण दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको र ५० प्रतिशत छात्रा छात्रवृत्तिमा विद्यार्थीको शैक्षिकस्तर, आर्थिक स्तर आदिको पहिचान गरी वितरण गर्ने गरिएको छ जुन कुरा निर्देशिकामा उल्लेख छ । त्यसैले लक्षित समूहले पाएको कुरा सुनिश्चित गर्न सकिन्छ ।"

### ४.१.८ छात्रवृत्ति कार्यक्रमका सवल पक्षहरू

प्रचलनमा हेर्दा जुनसुकै कार्यको मूल्याङ्कन गर्न कुनै व्यक्तिलाई जिम्मेवारी दिइयो भने उसले सबभन्दा पहिले उसको नकारात्मक पक्ष औल्याउने गर्दछ, यो त नेपालीहरूको बानि नै भैसकेको छ । कुनै पनि व्यक्तिको वा कार्यक्रमको सवल पक्ष र कमजोर पक्ष दुबै हुन्छन् भन्ने विषयमा प्राय सबै व्यक्तिको ध्यान पुगेको पाइदैन । यदाकदा भएका कमी-कमजोरीलाई मात्र अगाडि ल्याएर उसको राम्रो पक्षलाई लुप्त रूपमा राख्ने बानिले गर्दा कार्यमा नैराष्यता पैदा हुन सक्छ । यहाँ छात्रवृत्ति कार्यक्रमका केही सुधार गर्नुपर्ने पक्षहरू सँगसँगै सबल पक्षहरू पनि रहेका छन् । छात्रवृत्ति कार्यक्रमसँग प्रत्यक्ष रूपमा घुलमिल हुने र यसका राम्रा तथा सुधार गर्नुपर्ने पक्षहरूसँग परिचित हुँदै पठन-पाठनलाई अगाडि बढाउने जिम्मेवारी पाएका प्र.अ.बाट सबल पक्षको रूपमा निम्न कुराहरू प्राप्त भएका छन् । छात्रवृत्तिका कारणबाट विद्यार्थी नियमित भएका छन्, यसले विद्यार्थीको कक्षा छाड्ने दर घट्न सहयोग पुऱ्याएको छ, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको पढाइमा हौसला प्राप्त भएको छ, विद्यार्थीहरू अनुशासित छन्, विद्यार्थीको पारीवारिक पृष्ठभूमि थाहा पाउन सहयोग पुगेको छ र विद्यार्थीहरूको विद्यालय जाने संख्यामा पनि बृद्धि भएको छ । छात्रवृत्तिका कारण दलित तथा विपन्न वर्गलाई सहयोग पुगेको छ, शैक्षिक गुणस्तरमा बृद्धि भएको छ साथै अभिभावकको विद्यालयप्रति सकारात्मक सोचमा बृद्धि भएको छ भने आर्थिक भार पनि कम भएको कुराहरू सबल पक्षको रूपमा लिइएको छ ।

## ४.२ छात्रवृत्तिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

शिक्षा प्राप्त गर्ने आधारभुत तहको रूपमा प्राथमिक शिक्षालाई मानिन्छ । त्यसैले प्रा.वि. उमेर समुहका सम्पूर्ण बालबालिकाहरू आफ्नो उमेर समूहका सम्पूर्ण बालबालिकाहरू आफ्नो उमेर समयमा नै विद्यालयमा भर्ना भई उच्चतम सिकाई उपलब्धी प्राप्त गरी तह पूरा गर्न सकेको खण्डमा माथिल्लो तहको शिक्षाले आशा गरे अनुसार गति अगाडि बढाँउछ । राज्यले निरक्षरता उन्मुलनका लागि ल्याएका प्रशस्त प्रोत्साहन कार्यक्रम हुँदाहुदै पनि प्राथमिक विद्यालय उमेर समुहका सबै बालबालिकाहरू विद्यालयमा समाहित भैसकेको अवस्था छैन । यसरी समाहित नभएका बालबालिकाहरू भनेका गरिबीले समस्याग्रस्त बालबालिका दलित जनजातिका बालबालिका, सडक बालबालिका असहाय अनाथ बालबालिका, रोगग्रस्त बालबालिका र श्रमिक बालबालिका रहेका छन् । त्यसैले यस्ता लक्षित बालबालिकाहरू प्रति छात्रवृत्ति कार्यक्रमले कत्तिको प्रभाव पार्न सकेको छ, छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाको नियमितताको अवस्था, विद्यार्थीहरूको कक्षोत्तिर्ण अवस्था, विद्यार्थीको कक्षा छाड्ने अवस्था जस्ता विषयमा विद्यालय सर्वेक्षण फारामबाट सङ्कलित तथ्याङ्कहरूलाई तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.१ विद्यालय सेवा क्षेत्रमा प्रा.वि. तहका बालबालिकाको सहजै देखिने भर्नादर (GER)

प्राथमिक तहका छात्र/छात्राहरूको सहजै देखिने भर्नादर विद्यालय सेवा क्षेत्रबाट प्राथमिक तहमा पढ्न जाने विद्यालय उमेरका बालबालिकाहरूको संख्या सेवा क्षेत्रबाट प्राथमिक तहमा पढ्न जाने सबै बालबालिकाहरूको संख्याद्वारा निर्धारण हुने गर्दछ । राष्ट्रिय रूपमा दलित, जनजाति र अन्य सबै छात्राहरूको सहजै देखिने भर्नादर १४१.४ प्रतिशत र नवलपरासीको १४७.५ प्रतिशत Flash I 2009 – 2010 (२०६६) बाट देखिन्छ । यस्तै अध्ययनका लागि छनौट गरिएका ४ वटा विद्यालयहरूको सहजै देखिने भर्नादर तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७ विद्यालय सेवा क्षेत्रमा प्रा.वि. तहका बालबालिकाको सहजै देखिने भर्नादर


| क्र. सं. | विद्यालयको नाम | सेवा क्षेत्रको ५-९ वर्षका विद्यार्थी संख्या | सेवा क्षेत्रबाट प्रा.वि. तहमा जाने विद्यार्थी संख्या | सहजै देखिने भर्नादर |
|---|---|---|---|---|
| १. | पञ्चकन्या प्रा.वि., गैंडाकोट-३ | ७८ | ७८ | १०० |
| २. | भाग्योदय प्रा.वि., गैंडाकोट-६ | ३३६ | १७३ | ५१.४८ |
| ३. | मौलादेवी प्रा.वि., गैंडाकोट-१ | १९० | १९७ | १०० |
| ४. | सरस्वती प्रा.वि., गैंडाकोट-५ | १०५ | १२७ | १२०.९५ |
| **जम्मा** | | **७१६** | **५७५** | **८१** |

स्रोतः- विद्यालय तथ्याङ्क विवरण फाराम (२०६६)

विद्यालयमा बालबालिकाको सहजै देखिने भर्नादर स्थिति पैदा गराउने दुईवटा कारणहरू हुन्छन् । एउटा कारण ५ वर्षभन्दा कम उमेरका बालबालिकाहरू प्राथमिक तहमा भर्ना हुनु हो भने दोस्रो कारण ५-९ वर्ष भन्दा माथिका उमेरका बालबालिका प्राथमिक तहमा भर्ना हुनु हो । यस अध्ययनको लागि छनौट गरिएका विद्यालयमा पहिलो कारणको प्रभाव पर्दैन किन की जुन विद्यालय अध्ययनको लागि छनौटमा परेका छन् त्यसमा ३ वटा विद्यालयले ECD कक्षा सञ्चालनमा ल्याएका छन् १ वटा विद्यालयको सेवा क्षेत्र विवरण अनुसार विद्यालयमा सम्पूर्ण विद्यार्थीहरू आउन सम्भव छैन । उपर्युक्त तालिकामा सहजै देखिने भर्नादर २ वटा विद्यालयमा १०० प्रतिशत देखिएको छ भने १ वटा विद्यालयमा १२१ प्रतिशत देखिएको छ । जुन देखिनुको कारण विद्यार्थीहरू भर्ना हुने परीक्षामा सम्मिलित नहुने र पछि पुनः भर्नागर्ने कारणले ५-९ वर्ष भन्दा बढी उमेरका बालबालिका पनि प्रा.वि. तहमा जाने गर्दछन् । विद्यालयको सेवा क्षेत्रमा अस्थायी बसोबासका मानिसहरू पनि भएको कारण र बसाई सराई पनि अर्को कारण भएको छ । जुन भाग्योदय प्रा.वि.मा सहजै देखिने भर्नादर ५१.४५ प्रतिशत छ यो सहजै देखिने भर्नादर निकै कम हो । यस्तो हुनुको कारण सेवा क्षेत्रमा रहेका बालबालिकाहरू विद्यालय जाने विद्यालयहरू अन्य पनि भएको कारण सबै बालबालिका त्यस विद्यालयमा नगएको देखिन्छ । सहजै देखिने भर्नादर कम देखिनुले बालबालिका विद्यालय जानबाट वञ्चित भएको हो भन्ने देखिन्छ तर यहाँ यो अर्थ होइन जुन विद्यालय वरिपरी ४ वटा अन्य विद्यालय पनि छन् । जो-जसलाई जहाँ पाएक पर्छ सोही विद्यालयमा जानुको कारणले कम भएको देखिन्छ ।

यस अध्ययन सुकुम्बासी जनजातिहरू र दैनिक ज्यालादारी गरी गुजारा गर्ने समुदायमा गरिएको छ । त्यस समुदायमा सहजै देखिने भर्नादर ८१ प्रतिशत अध्ययनले देखाउनु भनेको कारण जे सुकै भए पनि बालबालिका प्रा.वि. तहको शिक्षाबाट अझै पछि परेको देखिन्छ । Frederick Herzberg को अभिप्रेरणात्मक तत्व जसले असल काम र काममा बढोत्तर गर्दछ त्यस्तै आरोग्यतत्व जसले काम विगार्न दिंदैन तर कामको प्रगतितिर लम्कदैन । यहाँ लक्षित वर्गका लागि व्यवस्था गरिएको छात्रवृत्ति कार्यक्रमले बालबालिका पूर्ण रूपमा विद्यालयमा भर्ना भएको देखिएको छैन विद्यालय बाहिर पुऱ्याएको कुरा अध्ययनबाट देखिन आएकोले Frederick Herzberg को आरोग्य सिद्धान्त सकृय भएको कुरा देखिएको छ ।

विद्यालय सेवा क्षेत्रमा प्रा.वि. तहका बालबालिकाको सहजै देखिने भर्नादर




स्रोतः- विद्यालय तथ्याङ्क विवरण फाराम (२०६६)

यस बार ग्राफले पनि विद्यालय सेवा क्षेत्रमा प्रा.वि. तहका बालिकालिकाको सहजै देखिने भर्नादरको तुलनात्मक स्थितिलाई चित्रित गरेको छ ।

### ४.२.२ विद्यालय सेवा क्षेत्रमा बालबालिकाहरूको खुद भर्नादर (NER)

विद्यालय सेवा क्षेत्रबाट प्रा.वि. तहमा जाने ५-९ वर्षका बालबालिकाको संख्या र सेवा क्षेत्रहरूको कुल ५-९ वर्षका बालबालिकाहरूको संख्याले खुद भर्नादर निर्भर गर्दछ । नेपालमा राष्ट्रिय रूपमा बालबालिकाको खुद भर्नादर ९३.७ प्रतिशत छ भने नवलपरासी जिल्लाको खुद भर्नादर ९६.७ प्रतिशत देखिन्छ । Flash Report I 2009-10 (२०६६) यस

अध्ययनका लागि छनौट गरिएका विद्यालयहरूको खुद भर्नादरको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८ विद्यालय सेवा क्षेत्रमा प्रा.वि. तहका बालबालिकाको खुद भर्नादर

| क्र. सं. | विद्यालयको नाम | सेवा क्षेत्रका ५-९ वर्षका बालबालिकाको संख्या | सेवा क्षेत्रबाट प्रा.वि. तहमा जाने ५-९ वर्षका बालबालिका को संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | पञ्चकन्या प्रा.वि., गैंडाकोट-३ | ७८ | ७८ | १०० |
| २. | भाग्योदय प्रा.वि., गैंडाकोट-६ | ३३६ | १५८ | ४७ |
| ३. | मौलादेवी प्रा.वि., गैंडाकोट-१ | १८१ | १८१ | १०० |
| ४. | सरस्वती प्रा.वि., गैंडाकोट-५ | १०५ | १५० | १०० |
| **जम्मा** | | **७००** | **५६७** | **८१** |


स्रोतः- विद्यालय तथ्याङ्क विवरण फाराम (२०६६)

माथिको तालिकामा ३ वटा विद्यालयको खुद भर्नादर १०० प्रतिशत देखिएको छ । त्यस्तै १ वटा विद्यालयको खुद भर्नादर जम्मा ४७ प्रतिशत देखिएको छ अध्ययनमा छनौट भएका ४ वटा विद्यालयहरू मध्ये ३ वटा विद्यालयको खुद भर्नादर समान देखिनु र १ वटा विद्यालयको खुद भर्नादर निकै कम देखिनुको कारण विद्यालय सेवा क्षेत्रमा अन्य विद्यालयहरू पनि भएको कारण खुल्न आएको छ । अध्ययनको लागि छनौट भएको विद्यालय सेवा क्षेत्रको माझमा हुनु र विद्यालयको ३ वटा छेउछाउमा अन्य विद्यालय हुनाले पायक पर्ने विद्यालयमा विद्यार्थीहरू भर्ना हुने हुँदा खुद भर्नादर कम भएको कारण खुल्न आएको छ । औषतमा ८१ प्रतिशत खुद भर्नादर अध्ययनबाट देखिन आएको छ, अध्ययनकै आधारमा विश्लेषण गर्ने हो भने अझै १९ प्रतिशत प्रा.वि. उमेरका बालबालिका विद्यालय भर्ना हुन बाँकी भई शिक्षाबाट वञ्चित रहेको देखिन्छ । विद्यालय सेवा क्षेत्रको जनसंख्या भनेको जनजाति तथा आदिबासी पनि रहेका छन् भने अल्पसंख्यक रूपमा रहेका बोटे, माझी समुदाय पनि त्यसै सेवा क्षेत्र भित्र पर्दछन् । आमाबाबु दैनिक ज्यालादारीमा काम गर्ने छोराछोरीलाई विद्यालय भर्ना गरेपनि रेखदेख र घरमा अध्यापन गराउन समय नपाउने कारण आफ्ना छोराछोरी विद्यालय नगएको कारण खुल्न आएको छ । यो हुनुको कारण अभिभावकको चरम गरिबी र समुदाय सचेत नहुनु पनि हो । "छात्रवृत्ति कार्यक्रम प्रभावकारी हुँदा हुँदै पनि चरम गरिबीको चपेटामा परेका अभिभावकहरूका छोराछोरीको लागि छात्रवृत्ति रकम तथा शिक्षाको सबै

लागत समेट्न सक्ने गरीको रकम नभएका कारणले गरिब तथा हातमुख जोर्न धौ-धौ परिरहेका समूहहरूका लागि यो अपेक्षा गरिए अनुरूप हुन सकेको छैन ।

Frederick Herzberg ले आफ्नो प्रेरक आरोग्य सिद्धान्तमा अभिप्रेरणात्मक तत्व जसले असल काम र सकारात्मकतातिर डोऱ्याउँछ भने आरोग्य तत्व जसले काम बिग्रन दिँदैन तर प्रगतितिर पनि लैजादैन भन्ने कुरा उल्लेख गर्नु भएको छ । यहाँ छात्रवृत्ति कार्यक्रमले विद्यार्थीलाई विद्यालय भर्नाको लागि अभिप्रेरित गरेको त छ तर उमेर समूहका पिछडिएका, चरम गरिबीको रेखामुनी रहेका बालबालिकालाई छात्रवृत्ति रकमले आकर्षण गर्न नसकेको अवस्थामा छात्रवृत्ति रकम आरोग्यतत्वको रूपमा रहेको देखिन्छ । अध्ययनमा संलग्न विद्यालयहरूको खुद भर्नादर स्थितिलाई निम्न चार्टमा यसरी देखाउन सकिन्छ ।

विद्यालय सेवा क्षेत्रमा प्रा.वि. तहका बालबालिकाको खुद भर्नादर स्थिति




स्रोतः- विद्यालय तथ्याङ्क विवरण फाराम (२०६६)

यस पाइग्राफले पनि विद्यालय सेवा क्षेत्रमा प्रा.वि. तहका बालिकालिकाको खुद भर्नादर स्थितिको तुलनात्मक स्थितिलाई चित्रित गरेको छ ।

### ४.२.३ विद्यार्थी नियमितता

विद्यार्थीहरूको विद्यालयमा हुने नियमितताले विद्यार्थीको सिकाई उपलब्धी, कक्षा छाड्नेदर घटाउने र दोहोऱ्याउने दरमा कमी ल्याउने जस्ता विषयमा सकारात्मकता तिर अगाडि बढाउँछ । दिनको करिब एक तिहाई समय विद्यार्थीले विद्यालयमा बिताउँछन् विद्यार्थीले विद्यालयमा बिताउने यस समयमा विद्यार्थी ज्ञान बढाउन विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । वर्षभरिमा ३६५ दिन मध्येबाट सबैखाले बिदाहरू कटाएर एक शैक्षिक सत्रमा २२० दिन खुल्नु पर्ने र न्यूनतम १८० दिन पढाई सञ्चालन गर्नुपर्ने व्यवस्था शिक्षा नियमावलीमा व्यवस्था गरेको छ । तलको तालिकामा अध्ययनमा छनौट भएका विद्यालयहरू खुलेको दिन, पढाई भएको दिन र छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने बालबालिकाहरूको नियमितताको अवस्था उल्लेख गरिएको छ ।

तालिका ९ बालबालिकाको नियमितताको अवस्था

| क्र. सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाई भएको दिन | बालबालिकाको औषत उपस्थिति दिन (परीक्षामा सहभागी भएको दिन बाहेक) | |
|---|---|---|---|---|---|
| | | | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
| १. | पञ्चकन्या प्रा.वि., गैंडाकोट-३ | २५२ | २१२ | ३० | ५२ |
| २. | भाग्योदय प्रा.वि., गैंडाकोट-६ | २३४ | १९५ | १८२ | १८० |
| ३. | मौलादेवी प्रा.वि., गैंडाकोट-१ | २३० | १९० | १९६ | १६५ |
| ४. | सरस्वती प्रा.वि., गैंडाकोट-५ | १९० | १६० | ८७ | ८३ |
| **जम्मा** | | **२२७** | **१८९** | **११७** | **१२०** |

स्रोतः- विद्यालय तथ्याङ्क विवरण फाराम (२०६६)


उपर्युक्त तालिकामा सबै विद्यालयहरू १ वर्षमा २२० दिन खुल्न पर्ने कुरा शिक्षा नियमावलीमा उल्लेख भएता पनि सबै विद्यालय खुलेको देखिदैन । त्यस्तै कम्तिमा १ वर्ष भरिमा १८० दिन पठन-पाठन हुनु पर्नेमा सबै विद्यालयमा १८० दिन विद्यालय खुलेर पढाई भएको पनि देखिदैन । तुलनात्मक रूपमा हेर्दा सबै भन्दा बढी दिन विद्यालय खुलेको पञ्चकन्या प्रा.वि. मा वर्ष भरिमा २५२ दिन खुलेको छ भने सबै भन्दा कम खुलेको विद्यालय सरस्वती प्रा.वि. १९० दिन खुलेको देखिन्छ । यसरी १ वर्षमा १८० दिन पढाई हुनुपर्नेमा सबै

भन्दा बढी पढाई भएको विद्यालय पञ्चकन्या प्रा.वि. मा २१२ दिन र सबै भन्दा कम पढाई भएको विद्यालय सरस्वती प्रा.वि. १६० दिन पढाई भएको देखिन्छ । यहाँ कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ मा छात्रवृत्ति नपाएका र छात्रवृत्ति वितरण गर्दाको समयमा विद्यालय खुलेको दिनको कम्तिमा ७० प्रतिशत हाजिर भएका छात्र/छात्राहरूलाई मात्र दोहोरो नपर्ने गरी अभिभावकहरू तथा जि.शि.का.को प्रतिनिधिको रोहवरमा प्रति विद्यार्थी बार्षिक निर्देशिकामा तोकिए बमोजिमका दरले छात्रवृत्ति वितरण गर्ने गराउने व्यवस्था मिलाई सो को नामावली सहितको विवरण जिल्ला शिक्षा कार्यालयमा अद्यावधिक गरी राख्ने र सो को समष्टिगत विवरण शिक्षा विभागमा उपलब्ध गराउने भन्ने कुरा निर्देशिकामा उल्लेख भएता पनि सबै विद्यालयका छात्रवृत्ति पाएका विद्यार्थीको संख्या हेर्दा सबै विद्यालयका विद्यार्थीको विद्यालय खुलेको दिनको औषत उपस्थिति हेरी ७० प्रतिशत पुगेको देखिदैन । २ वटा विद्यालयमा मात्र ७० प्रतिशत भन्दा बढी हाजिर देखिएको छ भने २ वटा विद्यालयमा निकै कम हाजिरी देखिन्छ ।

यसरी औषतमा सबै विद्यालयका विद्यार्थीको उपस्थिति दिन हेर्दा छात्रवृत्ति पाउने विद्यार्थीको भन्दा छात्रवृत्ति नपाउने विद्यार्थीको औषत उपस्थिति दिन बढी देखिन्छ ।

Frederick Herzberg को प्रेरक आरोग्य सिद्धान्तसँग तुलना गरेर हेर्दा छात्रवृत्ति कार्यक्रमले बालबालिकालाई विद्यालय नियमित गर्नमा अभिप्रेरणा गर्नु पर्ने, विद्यार्थी विद्यालय जान उत्साहित हुनु पर्नेमा प्रेरक तत्वको रूपमा पूर्ण रूपमा काम नगरी छात्रवृत्ति कार्यक्रमले आरोग्य तत्वका रूपमा काम गरेको देखिन्छ ।

बालबालिकाको नियमितताको अवस्था




स्रोतः- विद्यालय तथ्याङ्क विवरण फाराम (२०६६)

### ४.२.४ विद्यार्थीहरूको कक्षोत्तिर्ण अवस्था

जब विद्यार्थीहरू विद्यालयमा भर्ना हुन्छन् तिनीहरूको प्रमुख उद्देश्य भनेको उपयुक्त अङ्क ल्याई कक्षा उर्तिण हुनु हो । एक शैक्षिक सत्रको अध्ययन पश्चात् विद्यार्थीले तोकिएका सिकाई उपलब्धिहरू हासिल गरी माथिल्लो कक्षामा जानु नै कक्षोर्त्तीण हुनु हो । विशेषत प्राथमिक तहमा उदार कक्षोन्नति प्रणाली नीति अवलम्बन गर्ने सरकारी नीति (विद्यालय क्षेत्र सुधार आयोजना २०६६-२०७२) भएता पनि २०६६ मा पाइलट कार्यक्रमको रूपमा रुपन्देही, कपिलवस्तु, डडेलधुरामा कार्यान्वयनमा ल्याइएता पनि अझै सबै विद्यालयमा यस नीतिलाई अपनाउन सकिरहेका छैनन् । उदार कक्षोन्नति प्रणालीमा पनि विद्यार्थीले निश्चित मापदण्ड पूरा गरी कक्षा उर्त्तिण हुनु पर्छ । अहिले कुनै कुनै जिल्लामा सञ्चालनमा ल्याइएका पठन सीप कार्यक्रमले Balance Approach लाई प्राथमिकता दिएको पाइन्छ । जसमा एउटा कक्षामा पढ्ने विद्यार्थी कुनै जान्ने हुन्छ त कुनै कमजोर हुन्छ ति दुबै विद्यार्थी बीचको दुरी फरक हुनु हुँदैन जसको कारण पछि कक्षा छाड्ने र दोहोऱ्याउने दर बढ्न सक्छ । त्यसैले यसको अर्थ यो होइन की जान्ने विद्यार्थीलाई तलझारी कमजोर सँगसँगै लैजाने । कमजोर विद्यार्थीलाई विभिन्न तरिकाबाट सिकाइमा अगाडि बढाएर जान्ने विद्यार्थी सरह लैजानु हो । यस अध्ययनमा छनौट भएका विद्यालयहरूले पनि उदार कक्षोन्नति प्रणाली र Balance Approach लागु गरेका छैनन् । पुरानै परीक्षा पद्धतिका आधारमा कक्षा उर्त्तिण गरेको पाइयो । यस अध्ययनमा छनौट भएका विद्यालयहरूका विद्यार्थीको कक्षोर्तीण अवस्थालाई निम्नानुसार तालिकाबाट देखाइएको छ ।

तालिका १० विद्यार्थीको कक्षोत्तीर्ण अवस्था

| क्र. सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | परीक्षामा सम्मिलित विद्यार्थी संख्या | छात्रवृत्ति पाउने उर्त्तिण विद्यार्थी संख्या | छात्रवृत्ति पाउने प्रतिशत | छात्रवृत्ति नपाउने उर्त्तिण विद्यार्थी संख्या | छात्रवृत्ति नपाउने प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | पञ्चकन्या प्रा.वि. | ७८ | ३८ | ३० | ७९ | ८ | २१ |
| २. | भाग्योदय प्रा.वि. | १४५ | ११८ | ८२ | ६९ | ३६ | ३१ |
| ३. | मौलादेवी प्रा.वि. | २०७ | १९२ | ४३ | २२ | १२३ | ६४ |
| ४. | सरस्वती प्रा.वि. | १२७ | १२० | ७४ | ६२ | ४६ | ३८ |
| **जम्मा** | | **५५७** | **४६८** | **२२९** | **४९** | **२१३** | **४६** |

स्रोतः- विद्यालयको परीक्षा विवरण (२०६६)

उपर्युक्त तालिकामा अध्ययनमा छनौट भएका ४ वटा विद्यालयहरू मध्ये परीक्षामा सम्मिलित भएका विद्यार्थीहरू मध्येबाट सबै भन्दा बढी ७९ प्रतिशत पञ्चकन्या प्रा.वि. र सबै भन्दा कम प्रतिशत मौलादेवी प्रा.वि. (छात्रवृत्ति पाएका मध्ये) मा देखिएको छ । सबै विद्यालयको उर्त्तिण प्रतिशतलाई औषतमा हेर्दा छात्रवृत्ति नपाएका विद्यार्थीहरूको उर्त्तिण प्रतिशत भन्दा छात्रवृत्ति पाएका विद्यार्थीको उर्त्तिण प्रतिशत नै बढी देखिएको छ ।

यहाँ Frederick Herzberg को प्रेरक आरोग्य सिद्धान्त अनुसार जहाँ छात्रवृत्ति पाएका विद्यार्थीहरू छात्रवृत्तिको कारण विद्यार्थीको उर्त्तिण प्रतिशत एकसय नै हुनु पर्ने प्रेरक तत्व (छात्रवृत्ति) ले विद्यार्थीलाई पढाइमा हौसला प्रदान गरी विद्यार्थीको उर्त्तिणदरलाई अभिप्रेरणा दिनु पदर्थ्यो । यहाँ देखिएको तथ्याङ्क अनुसार छात्रवृत्तिका कारण विद्यार्थीको उर्त्तिण प्रतिशत बढी त देखिएको छ तर अभिप्रेरणाको रूपमा देखिएको छैन । यसैले नगन्य रूपमा विद्यार्थीलाई वितरण गर्ने छात्रवृत्ति यहाँ आरोग्य तत्वको रूपमा देखिन्छ ।

### ४.२.५ विद्यार्थीहरूको कक्षा छाड्ने अवस्था

सबैका लागि शिक्षा अभियान मध्येको एउटा कार्यक्रम छात्रवृत्ति हो भने अर्को कार्यक्रम विद्यार्थी भर्ना अभियान हो । शैक्षिक सत्रको शुरुमा सबै विद्यालयहरूले विद्यार्थीहरूको घरदैलो गरी विद्यालयको ढोकासम्म सबै विद्यार्थीलाई पुऱ्याउने काम त गर्दछन् त्यसलाई विद्यालयमा टिकाउने काम छात्रवृत्ति कार्यक्रमले गर्दछ । यति हुँदा हुँदै पनि तिनीहरूको विद्यालयमा टिकाउदर अन्तिम परीक्षासम्म नहुन पनि सक्छ । अध्ययनमा छनौट भएका

विद्यालयहरूका कक्षा १,२ र ३ लाई आधार मानेर कक्षा ३ को नतिजाको आधारमा विद्यार्थीले कक्षा छाड्ने अवस्थालाई निम्न तालिकाबाट हेर्न सकिन्छः

तालिका ११ विद्यार्थीहरूको कक्षा छाड्ने अवस्था

| क्र. सं. | विद्यालयको नाम | भर्ना भएका विद्यार्थीको संख्या | कक्षा छाड्ने विद्यार्थी | | कैफियत |
|---|---|---|---|---|---|
| | | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | |
| १. | पञ्चकन्या प्रा.वि. | ४३ | छैन | - | |
| २. | भाग्योदय प्रा.वि. | १४५ | - | - | रेकर्ड प्राप्त नभएको |
| ३. | मौलादेवी प्रा.वि. | १५२ | ५ | १४ | |
| ४. | सरस्वती प्रा.वि. | ९७ | २ | ३ | |
| **जम्मा** | | ४३७ | ७ | १७ | |

स्रोतः- विद्यालय तथ्याङ्क विवरण फारम (२०६६)

उपर्युक्त तालिकामा कक्षा १-३ सम्मका विद्यार्थीहरूको तथ्याङ्कलाई आधार लिएर कक्षा छाड्ने विद्यार्थीको रेकर्ड हेरिएको छ । यहाँ पञ्चकन्या प्रा.वि.को विद्यालय रेकर्डबाट प्र.अ.ले कक्षा छाड्ने विद्यार्थीको रेकर्ड छैन भनि तथ्याङ्क नदिनु भएपनि माथिल्लो तालिकामा विद्यार्थी कक्षोर्त्तिण अवस्था हेर्दा त्यस तालिकामा जम्मा भर्ना भएका ७८ विद्यार्थीको संख्या परीक्षामा सम्मिलित विद्यार्थीको संख्या ३८ मात्र देखिनुले सकारात्मक नतिजा देखिएको छैन । यस पञ्चकन्या प्रा.वि.बाट प्राप्त तथ्याङ्क हेर्दा शिक्षकहरूको पनि कामचोर प्रवृत्ति देखिएको छ जहाँ की स्रोत केन्द्र तथा शिक्षा कार्यालयबाट जे-जस्तो Format आउँछ सो अनुसार मिलान गरी रेकर्ड पठाउँदा शिक्षकमा पनि पेशाप्रति आत्मीकरण नभएको हो की जस्तो देखिन्छ ।

यसरी भाग्योदय प्रा.वि.को कक्षा छाड्ने दरको अवस्थामा कुनै तथ्याङ्क प्राप्त हुन सकेन । यसरी मौलादेवी प्रा.वि.मा भर्ना भएका १५२ जना विद्यार्थीमा कक्षा छाड्ने विद्यार्थीको रेकर्ड हेर्दा छात्रवृत्ति पाएका विद्यार्थी भन्दा नपाएका विद्यार्थीको कक्षा छाड्ने संख्या बढी देखिन्छ । त्यस्तै सरस्वती प्रा.वि.मा पनि ९७ जना भर्ना भएका विद्यार्थीमा छात्रवृत्ति पाएका विद्यार्थी भन्दा नपाएका विद्यार्थीहरूको कक्षा छोड्ने संख्या बढी देखिएको छ । जुन सकारात्मकतर्फ उन्मुख छ, यहाँ Frederick Herzberg को प्रेरक आरोग्य सिद्धान्तमा अभिप्रेरणात्मक तत्व सक्रिय देखिन्छ । छात्रवृत्तिले विद्यार्थीलाई विद्यालयको ढोकासम्म पुऱ्याउन सकारात्मक भूमिका खेलेको छ तर पनि सोचेजस्तो उपलब्धी प्राप्त हुन भने सकेको छैन ।

यहाँ Frederick Herzberg को प्रेरक आरोग्य सिद्धान्तसँग तुलना गरेर हेर्दा अभिप्रेरणात्मक तत्व यस्तो तत्व हो जसले विद्यार्थीलाई विद्यालयमा नियमितता ल्याउन र कक्षा दोहोऱ्याउने, छाड्नेदरमा कमी ल्याई विद्यार्थीलाई सकारात्मकता तिर उन्मुख गर्नु पर्दछ । त्यो कुरा केहीहदसम्म भएको देखिएता पनि आरोग्य तत्व पनि उत्तिकै रूपमा देखिएको छ । आरोग्य तत्वले काम बिग्रन नदिनु तर उत्कृष्टता तिर पनि नजाने मध्यम अवस्थामा आरोग्य तत्वलाई मानिन्छ । यहाँ छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको सकारात्मक सोचाई भएको देखिएता पनि भर्नादर वृद्धि, कक्षा छाड्नेदर र दोहोऱ्याउने दरमा कम हुँदै गए पनि पूर्ण रूपमा यो समस्या हटेको देखिदैन ।

### ४.२.६ बालबालिकाहरूको सिकाई उपलब्धिको स्थिति

अध्ययनमा छनौट भएका विद्यालयहरू प्रा.वि. (१-५) मात्र रहेका छन् । बालबालिकाको शैक्षिक उपलब्धिको स्थिति हेर्न आधारभूत तह (१-३) कक्षा ३ का विद्यार्थीको मुख्य पाठ्यक्रम नेपाली, गणित र अंग्रेजी विषयमा विद्यार्थीले प्राप्त गर्ने प्राप्ताङ्कलाई आधार मानि सिकाई उपलब्धिको स्थिति हेरिएको छ । बालबालिकाले आफूले सिकेका सिकाइका साथ परीक्षामा उच्चतम् अंकल्याई कक्षा उत्तिर्ण हुनु गुणस्तरीय शिक्षाको पहिचान हो । त्यसैले यहाँ कक्षा ३ को बार्षिक परीक्षा नतिजालाई सिकाई उपलब्धिका रूपमा लिई अध्ययनमा संलग्न विद्यालयहरूका बालबालिकाको परीक्षाको नतिजा स्थितिलाई मात्र निम्न तालिकामा राखी विश्लेषण गरिएको छ ।

तालिका १२ बालबालिकाहरूको सिकाई उपलब्धिको स्थिति

| क्र. सं. | विद्यालय | विषयगत औषत प्राप्ताङ्क | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | गणित | | अंग्रेजी | |
| | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
| १. | पञ्चकन्या प्रा.वि. | ६५ | ६३ | ८३ | ८१ | ७४ | ७४ |
| २. | भाग्योदय प्रा.वि. | ५० | ४१ | ४७ | ४० | ३६ | २९ |
| ३. | मौलादेवी प्रा.वि. | ४२ | ३८ | ३६ | ४२ | ३१ | ३० |
| ४. | सरस्वती प्रा.वि. | ६० | ४८ | ५४ | ४९ | ४३ | ४७ |
| **जम्मा** | | **५४** | **४८** | **५५** | **५३** | **४६** | **४५** |

स्रोतः विद्यालय तथ्याङ्क विवरण फारम (२०६६)

उपर्युक्त तालिकामा छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने बालबालिकाको कक्षा ३ को बार्षिक परीक्षाको विषयगत औषत प्राप्ताङ्कको स्थितिलाई तुलनात्मक रूपमा देखाइएको छ । यहाँ पञ्चकन्या प्रा.वि.का बालबालिकाको सिकाई उपलब्धी हेर्दा छात्रवृत्ति नपाउने बालबालिकाको भन्दा छात्रवृत्ति पाउने बालबालिकाको औषत प्राप्ताङ्क बढी देखिएको छ । त्यस्तै भाग्योदय प्रा.वि.को पनि छात्रवृत्ति प्राप्त नगर्ने भन्दा छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाको औषत प्राप्ताङ्क बढी नै देखिन्छ । मौलादेवी प्रा.वि.मा भने छात्रवृत्ति नपाएका विद्यार्थीको गणित विषयको औषत प्राप्ताङ्क बढी देखिएको छ । त्यस्तै सरस्वती प्रा.वि.मा पनि छात्रवृत्ति नपाएका विद्यार्थीको अंग्रेजी विषयमा औषत प्राप्ताङ्क बढी नै देखिन्छ । हरेक

विद्यालयको तथ्याङ्क अलग-अलग भन्दा पनि औषतमा हेर्दा छात्रवृत्ति नपाउने भन्दा पाउनेको प्राप्ताङ्क नै बढी देखिन्छ । तर छात्रवृत्ति नपाएका बालबालिकाको तुलनामा छात्रवृत्ति पाएका बालबालिकाको उपलब्धी बढी भए पनि उत्साहजनक रूपमा देखिदैन ।

यहाँ Frederick Herzberg को प्रेरक आरोग्य सिद्धान्तसँग हेर्दा बालबालिकालाई विद्यालयमा सिकाई उपलब्धी बृद्धिका लागि दिने प्रोत्साहन रकम (छात्रवृत्ति) अझै बृद्धि गर्नु पर्ने उच्चतम् अंक ल्याएर उत्तिर्ण हुने विद्यार्थीलाई पुरस्कृत गर्ने, शिक्षक तथा अभिभावकबाट उनीहरूले प्राप्त गरेको उपलब्धिको प्रशंसा गर्ने र उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरू अब पछि हट्न नहुने उत्तरदायित्व बहन विद्यार्थीमा गराउन सकेको खण्डमा प्रेरक तत्व सक्रिय हुने देखिन्छ ।

### ४.३ छात्रवृत्ति व्यवस्थापनमा देखिएका समस्याहरू

मानव विकासको मुख्य आधारको रूपमा शिक्षालाई नै सर्वस्वीकार्य मानिएको छ । त्यसैले सबै बालबालिकाहरूलाई शैक्षिक मूलधारमा समावेश गर्नका लागि नेपाल सरकारले विभिन्न शैक्षिक कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ । कार्यान्वयनमा ल्याइएका कार्यक्रमहरू मध्येको एक अंगका रूपमा छात्रवृत्ति कार्यक्रमलाई मानिन्छ । यस्तो छात्रवृत्ति कार्यक्रमबाट पनि राज्यले सोचे अनुरुपको उपलब्धी अझै प्राप्त हुन सकेको छैन । यहाँ अध्ययन गरिएको अध्ययन क्षेत्रका उत्तरदाताहरूले दिएको उत्तरको आधारमा निम्न समस्याहरूलाई उप-शिर्षकमा राखी व्याख्या गरिएको छ ।

#### क) छात्रवृत्ति तोकिएको आधारमा वितरण गर्नु पर्ने बाध्यता

नेपाल सरकारले लक्षित वर्ग भनि सम्पूर्ण दलित विद्यार्थी, ५० प्रतिशत छात्रा, सहिदका छोराछोरी, द्वन्द्व पिडित बालबालिका, कमलरीका लागि छात्रवृत्ति, HIV/AIDS प्रभावित बालबालिका, अपाङ्ग बालबालिका, कर्णाली क्षेत्रका बालबालिका भनि तोकेको पाइन्छ । यस नेपाल सरकारले निर्धारण गरेको लक्षित बालबालिकाको सूचक अनुसार यस अध्ययन क्षेत्रमा लक्षित वर्गहरू ५० प्रतिशत छात्रा र दलित विद्यार्थीहरू रहेका छन् । कार्यालयबाट आउने छात्रवृत्ति रकम पनि यिनै लक्षित वर्गका बालबालिकाका लागि मात्र प्राप्त हुन्छ र यिनै

बालबालिकालाई मात्र छात्रवृत्ति वितरण गर्नुपर्ने बाध्यता हुन्छ । यसरी प्राप्त हुने छात्रवृत्ति रकमले गरिब, जनजाति तथा जेहेन्दार विद्यार्थीलाई वितरण गर्न सकिदैन । लक्षित वर्गमा पर्ने बालबालिका केही सक्षम परिवारका पनि हुन्छन् जसलाई त्यो छात्रवृत्ति रकमले कुनै मूल्य राख्दैन तर सोही छात्रवृत्ति रकम अन्य बालबालिका जुन अति गरिब छन् तर लक्षित वर्ग भित्र पर्दैनन् उनीहरूलाई दिनको लागि अनुमति छैन । अन्य बालबालिकाको अवस्थामा तोकिएको आधारमा छात्रवृत्ति वितरण गर्ने प्रकृया त्यति लाभदायक नभएकोले वितरण प्रकृया समस्याको रूपमा देखिएको छ ।

**ख) घरायसी खर्चमा प्रयोग**

अध्ययनमा छनौट भएका सबै विद्यार्थीले छात्रवृत्ति पोशाकका रूपमा नै वितरण गरेको पाइएको छ । विद्यालयहरूले विद्यार्थीका लागि पोशाक नै किनेर वितरण गर्ने गरेकोमा सो प्रकृयालाई अभिभावकहरूले नरुचाएर विरोध गरेपछि बालबालिकाका लागि पोशाक खरिद गर्न विद्यार्थी र अभिभावकको रोहवरमा पैसा नै उपलब्ध गराउने गरेको कुरा प्र.अ.हरूबाट आएको छ । यस्तो रकम अभिभावकले विद्यार्थीलाई पोशाक खरिद नगरेर आफूले आफ्नो घरायसी खर्चमा प्रयोग गर्ने र बालबालिका उही पहिलेकै अवस्थामा विद्यालय आउने अभिभावकले प्र.अ. तथा शिक्षकलाई दोष लगाउने जस्ता प्रवृत्तिले छात्रवृत्ति रकमको पूर्ण रूपमा सदुपयोग देखिएको छैन । यसरी पैसा बुझेर घरायसी खर्चमा प्रयोग गर्ने कुरा पनि समस्याको रूपमा रहेको पाइन्छ ।

**ग) निर्देशिकामा उल्लेख भए अनुसारको रकम विद्यालयमा प्राप्त नहुनु**

यस अध्ययनमा छनौट भएका प्रा.वि.हरू जुन विद्यालयमा छात्रवृत्ति के-कसरी र कति आउँछ भनेर सोधनी गरिएकोमा सबै विद्यालयमा एकै किसिमले छात्रवृत्ति रकम नआएको गुनासो प्र.अ.बाट आएको छ । एउटै जिल्लाको त्यो पनि एउटै स्रोत केन्द्र अन्तर्गतका सबै विद्यालयमा एकै रूपमा छात्रवृत्ति रकम प्राप्त भएको छैन । कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ मा हिमाली, पहाडी र तराई क्षेत्रका लागि छात्रवृत्ति रकम फरक-फरक तोकिएको छ यस अध्ययन क्षेत्रमा (तराई) स्टेशनरी मात्र रु.१५०।-, पोशाक मात्र रु.३००।-, स्टेशनरी तथा पोशाक दुबैलाई रु.४५०।- गरी तोकेकोमा सबै विद्यालयमा सो अनुसारको रकम प्राप्त

भएको छैन भने कुनै विद्यालयमा निर्देशिकामा उल्लेख भएको रकम प्राप्त भएको छ । त्यसैले सबै विद्यालयमा छात्रवृत्ति निकासामा एकरूपता नहुनु पनि समस्याको रूपमा देखिन्छ ।

### घ) छात्रवृत्तिको रकम के-कति भनेर एकिन नहुनु

विद्यालयमा निकासा हुँदा सबै रकम एकमुष्ठ रूपमा विद्यालयको खातामा राखिदिने त्यो रकम के-के खर्चका लागि जम्मा भएको हो भनेर स्पष्ट फाँटबारी कार्यालयबाट विद्यालयमा नपठाउने जस्ता प्रकृयाले विद्यालयको छात्रवृत्ति रकम वितरणमा सबै विद्यालयमा एकरूपता नभएको पनि हुन सक्छ । हरेक विद्यालयमा आर्थिक अभाव रहेकै हुन्छ प्राय सबै सामुदायिक विद्यालय आर्थिक रूपमा सम्पन्न छैनन् । त्यसैले विद्यालयले पनि यसरी प्राप्त भएको रकम कुन कुन शिर्षकमा प्राप्त भएको हो त्यो खोजीनिती नगरी जुन समस्या छ त्यसमा खर्च गरिहाल्ने र पछि मात्र त्यसको खोजीनिती गर्ने प्रकृयाले पनि समस्या सृजना गरेको छ । यसरी निकासा हुँदा छात्रवृत्ति, शिक्षक तलब, अन्य खर्च, मसलन्द भनेर छुट्याएर निकासा नहुने र यति नै रकम छात्रवृत्ति हो भनेर किटान गरेर प्राप्त नहुने चलनले पनि छात्रवृत्ति वितरणमा समस्या ल्याएको छ ।

### ङ) अभिभावकको चेतनाको कमी

अध्ययनमा छनौटमा परेका विद्यालयहरू उद्देश्यपूर्ण नमूना छनौट विधिको आधारमा छनौट गरिएको थियो । संयोगबस छनौटमा परेका विद्यालय क्षेत्रका अभिभावकहरूको पढाई लेखाईको स्तर न्यून हुनु त्यस वरपरको वातावरण पढ्नका लागि महत्व दिने खालको नहुनु, पढेर पनि केही हुँदैन भनी पढाइको कुनै मूल्य नदेख्ने जस्ता कुराहरूले पनि बालबालिकाको शिक्षामा प्रभाव पारेको देखिन्छ । अर्को कुरा विहान उठेदेखि साँझसम्म आफू काममा जानुपर्ने जसले गर्दा बालबालिकाको लागि घरमा शैक्षिक वातावरण दिन नसक्ने र दिनभरी छोराछोरीले के-के गरे भन्ने कुरा पनि आफूलाई थाहा नहुने कुरा अभिभावकले व्यक्त गर्नु भएको छ । जुन कारणहरूबाट छात्रवृत्तिको लक्ष्य अनुरुपको उपलब्धी प्राप्त हुन नसकेको बुझ्न सकिन्छ ।

### च) गरिबी

अध्ययन क्षेत्रमा छनौट भएको विद्यालयमा पढ्ने बालबालिकाका अभिभावक अधिकांश ज्याला मजदुरी गरेर दिनचर्या बिताउने हुनुहुन्छ । कुनै दिन काममा नजाँदा आफ्नो घरमा चुल्हो बल्दैन । तथापी पनि अभिभावकहरू दिनभरी कमाएर ल्याएको रकमबाट आफ्ना छोराछोरीको शिक्षाको लागि कुनै बजेट छुट्याउँदैनन् । उनीहरू ज्याला बुझे पछि पहिलो प्राथमिकता आफूले पिउने रक्सी र मासुलाई दिन्छन् भने त्यस पछिको प्राथमिकता घरका लागि खाद्यान्न हुन जान्छ केही बढी पैसा कमाएको दिन घरमा नै नगई पैसा बाटोमा नै सकेर आफूमात्र मोजमस्तीमा लाग्ने दिनभरी "कमाउने रातभरी रमाउने" जस्ता उखानलाई सार्थक बनाउँदै आफ्ना छोराछोरी प्रति उत्तरदायीपन नदेखाउने जस्ता कारणबाट सबै बालबालिका विद्यालयमा निरन्तर हुन नसकेको गुनासो पनि प्र.अ., अभिभावक तथा विद्यालय व्यवस्थापन समितिबाटै आएको छ । जब मानिस गरिब हुन्छ यस्तो परिवेशमा मंहगीले मानिसले ज्यालादारीमा कमाएको पैसाले केही परिवर्तन गर्न सकिदैन भनि हिनताबोध गर्दछ उसले केही पनि नसोची आफ्नो कमाई आफैले मात्र मोजमस्तीमा खर्च गर्दछ जुन कारण बालबालिकाको शिक्षामा प्रभाव पर्न जान्छ ।

### छ) छात्रवृत्ति रकमको कमी

EFA को लक्ष्य अनुरुप प्राथमिक शिक्षा निःशुल्क छ तथापी सबै बालबालिकालाई शैक्षिक मूलधारमा आउन कुनै पनि वर्ग र तहका बालबालिकालाई बाधा अवरोध नपुगोस भनि नेपाल सरकारले लक्षित वर्ग पहिचान गरी छात्रवृत्ति कार्यक्रम अगाडि बढाएको सन्दर्भमा त्यस्ता लक्षित वर्गका लागि यस्तो छात्रवृत्ति रकम कम भएको कुरा वि.व्य.स.का पदाधिकारीबाट आएको गुनासो सान्दर्भिक देखिएको छ । बालबालिकालाई निःशुल्क शिक्षा हुँदा त विद्यालय भन्दा बाहिर रहेका बालबालिका कुनै स्टेशनरी मात्र, कुनै पोशाक मात्रले पनि विद्यार्थीलाई विद्यालयमा निरन्तर हुने गरी आकर्षण गर्न सकेको छैन जुन कुरा समस्याको रूपमा रहेको छ ।

### ज) बालमानोविज्ञानमा प्रभाव

यस अध्ययनमा समावेश भएका विद्यालय आदिबासी जनजाति र सुकुम्बासीहरूको बाहुल्यता भएका विद्यालयहरू भएका कारण छात्रवृत्ति पाउने ५० प्रतिशत छात्रा र सम्पूर्ण दलित

विद्यार्थीहरू हुन्छन् ति सबैले छात्रवृत्ति पाउँछन् आर्थिक र सामाजिक स्तर कमजोर भएको अन्य बालबालिकाले छात्रवृत्ति पाउँदा हामीले नपाउने कारण के हो ? भनि अभिभावकलाई प्रश्न गर्ने गर्दछन् यस्तो प्रश्नको जवाफ अभिभावकहरूसँग छैन । वितरण गरिने छात्रवृत्तिले वर्ग छुट्टिन गई छात्रवृत्ति नपाउने बालबालिकाको मनोविज्ञानमा प्रभाव पारेको छ ।

### झ) अन्य छात्रवृत्ति दातालाई आकर्षित गर्न नसक्नु

अधिकांश अभिभावक तथा समुदायको धारणा सामुदायिक विद्यालय सरकारी बजेटबाट सञ्चालन हुने हुन् यसमा हाम्रो कुनै दायित्व छैन र शिक्षक, प्र.अ.ले पनि शिक्षा कार्यालयबाट विद्यालयमा आउने छात्रवृत्ति वितरण गर्ने र अन्य छात्रवृत्तिका लागि वैकल्पिक स्रोतको खोजी गर्ने प्रवृत्ति छैन । यसतर्फ वि.व्य.स., प्र.अ. तथा अभिभावकको त्यति ध्यानाकर्षण हुन नसक्नु जस्ता कारणले बार्षिक कार्यक्रममा नै यस्ता कार्यक्रमलाई नपार्ने जस्ता कारणबाट अन्य छात्रवृत्तिदाताको खोजी गर्ने प्रवृत्ति छैन । अन्य छात्रवृत्तिदाताको खोजीगर्न सकेमा नेपाल सरकारको लक्षित वर्ग भन्दा अन्य जेहेन्दार, गरिब, जनजातिलाई पनि छात्रवृत्ति वितरण गर्न सकिने प्रवल सम्भावना रहन्छ । त्यसैले अन्य छात्रवृत्ति दातालाई आकर्षण गर्ने कार्यक्रम ल्याउन जरुरी देखिन्छ ।

### ञ) अन्य जातीहरू पनि दलित लेखाउन अग्रसर

दलित र ५० प्रतिशत छात्राका लागि नेपाल सरकारले वितरण गर्ने छात्रवृत्ति कार्यक्रमबाट अन्य जातजातिका बालबालिका पनि छात्रवृत्ति पाउने प्रलोभनमा दलित जातजाति लेखाउन अग्रसर देखिन्छन् । जब की एउटै सामाजिक परिवेश, आर्थिक अवस्था र एउटै रहनसहनमा हुर्केका बालबालिका सँगसँगै पढ्ने दौतरी एउटाले छात्रवृत्ति पाउँदा सँगैको अर्को साथीले नपाउँदा उसले पनि दलितको जात लेखाउन अग्रसर हुन्छ । त्यसैले प्राथमिक तहमा लक्षित वर्ग किटान गरी छात्रवृत्ति वितरण गर्ने प्रकृयाले पनि यस्तो हुन गएको धारणा अभिभावकहरूको पाइएको छ ।

### ट) विद्यार्थी संख्या र उपलब्ध कोटामा मेल नखानु

विद्यालयमा छात्रवृत्तिका लागि लक्षित भनेर तोकिएका विद्यार्थीहरूका लागि निकासा हुने छात्रवृत्ति रकमले ति विद्यार्थी संख्यालाई पुग्ने गरी रकम उपलब्ध नहुँदा विद्यार्थी र छात्रवृत्ति रकम बीच तालमेल हुँदैन जसले गर्दा प्राप्त छात्रवृत्ति रकमले सबै लक्षित बालबालिकालाई

पुऱ्याउँदा नगन्य रूपमा उपलब्ध हुने छात्रवृत्ति रकम पनि अझै कम हुन जान्छ । यसरी वि.नि. तथा आर.पि.बाट नै यो समस्या देखिएको कुरा आउनु भनेको अधिकांश विद्यालयको समस्याको रूपमा देखिनु हो ।

### ठ) सरकारी विद्यालय गरिबको मात्र विद्यालय भन्ने धारणा

नेपाल सरकारको शैक्षिक निती अनुरूप दुई प्रकारका विद्यालय नेपालमा प्रचलित छ निजी विद्यालय र सामुदायिक विद्यालय । यि दुई विद्यालयमा पढाई हुने पाठ्यक्रम पनि फरक-फरक छन् । समाजमा केही हुनेखाने वर्गले निजी विद्यालयमा पठन-पाठनको लागि पठाएको देखिन्छ भने अर्थिक अवस्था कमजोर भएका र विपन्न परिवारका बालबालिका सामुदायिक विद्यालयमा पढ्न जान्छन् जसको कारण समाजमा सामुदायिक विद्यालय गरिबहरूको विद्यालय भन्ने एक किसिमको धारणा पाइन्छ । विद्यालयमा बालबालिकासँग प्रत्यक्ष रूपमा रहने प्र.अ. बाट आएको यो विचारबाट पक्कै पनि यो समस्याको रूपमा देखिएको छ ।

## ४.४ छात्रवृत्ति वितरण व्यवस्थापनमा देखिएका समस्या निराकरणका उपाय

क) सरकारको छात्रवृत्ति कार्यक्रमलाई शिरोधार्य गर्दै आफ्नो सेवा क्षेत्र भित्रका विद्यालयमा आउने छात्र/छात्राहरू मध्ये लगनशिल, जेहेन्दार, अनुशासित र गरिब छात्र/छात्राको शिक्षक अभिभावक प्र.अ. ले सामुहिक अनुगमन गरी सो अनुसार छात्रवृत्ति वितरण गरेमा प्रभावकारी हुने कुरा ५० प्रतिशत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र ५० प्रतिशत प्र.अ.ले सुझाव दिनु भएको छ ।

ख) जिल्ला शिक्षा कार्यालयबाट रकम समयमा निकासा हुने, छात्रवृत्ति कार्यान्वयन निर्देशिकामा उल्लेख भए बमोजिमको निकासा भएमा केहि हदसम्म समस्या समाधान गर्न सकिने कुरा ५० प्रतिशत प्र. अ. बाट सुझावको रूपमा आएको छ ।

ग) जिल्ला शिक्षा कार्यालयबाट प्राप्त छात्रवृत्ति वितरण गर्दा जातीय हिसाब र छात्रालाई मात्र छात्रवृत्ति प्राप्त हुने हुँदा ब्राम्हण क्षेत्री, जेहेन्दार र गरिब भएता पनि वितरण गर्न नमिल्ने र दलित धनी विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नुपर्ने बाध्यता छ, यस्तो बाध्यतालाई कार्यालयबाट जातीय हिसाब भन्दा पनि जेहेन्दार, नियमित र गरिब परिवारको निमित्त

छात्रवृत्ति उपलब्ध गर्ने भन्ने निर्देशन भए अझ प्रभावकारी हुने कुरा ५० प्रतिशत प्र. अ. ले सुझाव दिनु भएको छ ।

घ) विद्यालयमा प्रा.वि. तह (१-५) का सम्पूर्ण विद्यार्थीलाई प्रर्याप्त पुग्ने गरी छात्रवृत्ति पाए हुन्थ्यो । सबैले नपाउँदा पाउने विद्यार्थीको अगाडि नपाउने विद्यार्थी नैरास्य भएर जाने गर्दछन् । त्यसैले सबै विद्यार्थीलाई समावेश गराउने गरी छात्रवृत्ति वितरण गर्न सकेमा अझ प्रभावकारी हुने कुरा ५० प्रतिशत वि.व्य.स. र ७५ प्रतिशत अभिभावकको रहेको पाइन्छ ।

ङ) छात्रवृत्ति उपलब्ध गराउँदा कार्यालयबाट नै विद्यार्थीले जे पाउने हो त्यो तोकेर नै (स्टेशनरी, पोशाक, झोला) आए झन राम्रो हुने थियो । अथवा यसको अलावा अभिभावकलाई अझ सचेत बनाएर बालबालिकाको शिक्षा प्रति उत्तरदायि बनाउन सकेमा नगद छात्रवृत्ति पनि प्रभावकारी हुने देखिन्छ ,भन्ने सुझाव विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले दिनुभएको छ ।

च) केही अभिभावकहरूबाट दलित मात्र नभएर प्रा.वि. तहमा अध्ययन गर्ने सबै विद्यार्थीले छात्रवृत्ति पाउन पाए हुन्थ्यो । सबै दलित गरिब हुँदैनन् र सबै गैरदलित धनी पनि हुँदैनन् त्यसैले कसैलाई काखा र कसैलाई पाखा नगरी वास्तविक गरिब पहिचान गरि छात्रवृत्ति वितरण गर्दा अझ प्रभावकारी हुन्छ की ? भनि सुझाव दिनु भएको छ ।

छ) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीबाट छात्रवृत्ति सम्बन्धि समस्या समाधानको लागि यस कार्यक्रमले जातीय, वर्गीय, लैङ्गिक छुट्याउनु भन्दा गरिब, जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन दिने खालको छात्रवृत्ति प्रदान गरेमा राम्रो हुन्छ ।

ज) विद्यालयमा वितरण गरिने छात्रवृत्ति नेपाल सरकारले तोकेको मापदण्ड अनुसार दलित छात्रवृत्ति र ५० प्रतिशत छात्रा मात्र भनी तोकेको र उक्त छात्रवृत्ति सोही अनुसार वितरण गर्नुपर्ने भएको छ । यसरी विद्यालयमा छात्रवृत्ति पाउने दलित छात्र छात्रा भन्दा गरिब अन्य जातिका छात्र छात्राहरू पनि अधिकांश हुने हुँदा उनीहरूमा निरासपना आउनुका साथै कपि, कलम, पोशाक खरिद गर्न नसक्नुको कारण उनीहरू विद्यालयमा नियमित हुन नसकिरहेको हुँदा उक्त छात्रवृत्तिलाई विद्यालयमा अध्ययन गर्ने विद्यार्थी मध्येमा अति गरिब, विपन्न छनौट गरी छात्रवृत्ति वितरण गरेमा प्रभावकारी हुन सक्ने देखिन्छ भनि विद्यालय व्यवस्थापन समितिका पदाधिकारीबाट सुझाव दिनु भएको छ ।

### ४.४.१ छात्रवृत्ति समस्या समाधानको लागि विद्यालयको तर्फबाट गर्नुपर्ने उपाय

विद्यालयसँग प्रत्यक्ष रूपमा नजिक हुने विद्यालय निरीक्षक, स्रोत व्यक्तिहरू हुन् भने अप्रत्यक्ष वा प्रत्यक्ष रूपमा विद्यालयसँग सम्बन्ध राख्ने शिक्षा कार्यालयका शाखा अधिकृतहरू हुन् । यिनै वि.नि., स्रोत व्यक्ति तथा शा.अ. ले छात्रवृत्ति वितरणमा देखिएको समस्या समाधानको लागि विद्यालयले आफ्नो विद्यालयमा आउने विद्यार्थी तथा अन्य अभिभावकहरूलाई छात्रवृत्ति दिने निकाय र पाउने वर्ग को-को हुन् तिनीहरूलाई सु-सुचित गर्ने, वितरणको लागि उपसमिति गठन गर्ने, छात्रवृत्ति कोटा कति प्राप्त हुन्छ सो अनुसार मात्र विद्यार्थी छनौट गर्ने, दामासाहीले वितरण नगर्ने, वितरण पछि विद्यालयमा के-कस्तो प्रभाव पर्‍यो त्यसको समीक्षा गर्नुपर्ने कुरा स्रोत व्यक्तिबाट विद्यालयलाई सुझाब दिनु भएको छ । त्यस्तै विद्यालयसँग प्रत्यक्ष सम्बन्ध राख्ने विद्यालय निरीक्षकले पनि विद्यालयले छात्रवृत्ति वितरण गर्दा गरिब विद्यार्थी चिन्न सक्नु पर्दछ, छात्रवृत्ति रकम समयमा नै माग गर्नु पर्दछ, शिक्षा कार्यालयबाट छात्रवृत्ति रकम विद्यालयमा प्राप्त हुने वित्तिकै वितरण गर्ने कुरा विद्यालयतर्फबाट गर्नु पर्ने सुझाब दिनु भएको छ । यसरी शिक्षा कार्यालयबाट विद्यालयमा रकम निकासा गर्ने शा.अ.ले विद्यालयकोतर्फबाट गर्नुपर्ने सुधारहरूमा विद्यालयले छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाको Data Base बनाउनु पर्ने, निजी तथा गैरसरकारी संस्थालाई आकर्षित गर्ने खालको कार्य विद्यालयले गर्नुपर्ने, छात्रवृत्ति पाउने र नपाउने बीचको शैक्षिक गुणस्तरको अध्ययन अनुसन्धान गर्न विद्यालयले पहल गर्नुपर्ने आदि विषयमा विद्यालयले सुधार गर्न सकेको खण्डमा छात्रवृत्ति समस्या समाधानमा सहयोग पुग्ने देखिन्छ ।

### ४.४.२ बालबालिकाहरूलाई विद्यालयमा आकर्षित गरी थप प्रभावकारी बनाउने उपाय

विद्यालयमा कति बालबालिका स्वयं आफै पछाडी परेका हुन्छन् भने केही बालबालिकालाई सामाजिक परिवेशले पछाडी पारेको हुन्छ । यसरी समाजमा पछाडी परेका र पारिएका बालबालिकालाई विद्यालयमा आकर्षित गरी थप प्रभावकारी बनाउने उपायका सन्दर्भमा शा.अ.को निम्न धारणा रहेको छ । विद्यालयमा प्रभावकारी सूचना संयन्त्रको व्यवस्था गर्नु पर्दछ ताकी विद्यालयको हरेक सूचनाबाट कुनै पनि सरोकारवाला पछाडी नपरुन् र सबै सु-

सुचित हुन सकुन् । ५० प्रतिशत छात्रा, दलित विद्यार्थीका साथै गरिब तथा जेहेन्दार छात्रवृत्तिको व्यवस्था गर्नु पर्दछ । बालबालिका कुनै पनि शैक्षिक अवसरबाट वञ्चित नहुन आमा बुवाको आर्थिक अवस्था नै मजबुद हुन जरुरी छ भने बालबालिका पनि आफ्नो शैक्षिक अवस्था पार गरेपछि कुनै न कुनै रूपमा शिक्षाको उपयोग गरी जीविकोपार्जन गर्न सक्ने हुनु पर्दछ । त्यसैले जीवनपयोगी शिक्षाको व्यवस्था हुनु पर्दछ । बालबालिकाको स्वतन्त्रताको हक, खेल्न पाउने हक, पढ्न पाउने हक, आधारभूत बाल अधिकारको प्रयोग गर्दै निडर रूपमा विद्यालय जाने, विद्यालयमा स्वतन्त्र रूपमा अध्ययन गर्न पाउने, स्वतन्त्रपूर्वक खेल्न पाउने, बालबालिकालाई कुनै डरको महसुस नै नभई विद्यालयमा पढ्ने वातावरण मिलाउनु पर्दछ । त्यस्तै स्रोत व्यक्तिले पनि बालबालिकालाई विद्यालयमा आकर्षित गर्न विद्यार्थीलाई प्रत्यक्ष प्रभाव पर्ने खालका सहुलियत वितरण गर्नु पर्ने त्यसको सदुपयोगको लागि सम्बन्धित निकायले निगरानी गर्नुपर्ने, सहुलियतको वितरण गर्दा निश्चित आधार बनाएर वितरण गर्ने, विद्यालयले यस्ता कार्यक्रमलाई आफ्नो योजनामा समावेश गर्ने र थप कार्यक्रम माग गर्ने, नियमित अनुगमन गर्ने गरेमा बालबालिकाहरूलाई विद्यालयमा आकर्षित गरी प्रभावकारी बनाउन सकिन्छ ।

# परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

नेपाल सरकारले सन् २०१५ सम्म मुलुकबाट निरक्षरता उन्मुलन गर्ने लक्ष्य अनुरूप सञ्चालन गरिएको विभिन्न कार्यक्रमहरू मध्येको एक महत्वपूर्ण कार्यक्रमको रूपमा छात्रवृत्ति कार्यक्रमलाई लिइन्छ । त्यसमा विद्यालय पहुँचबाट टाढा रहेका र पछाडी पारिएका वर्गहरूलाई विद्यालयको ढोकासम्म पुऱ्याउने लक्ष्य अनुरूप लक्षित वर्गहरूलाई छात्रवृत्ति वितरण कार्यक्रम अगाडि ल्याएको छ । सो अनुरूप लक्षित वर्गका बालबालिकाका लागि छात्रवृत्तिको व्यवस्थापन र शैक्षिक उपलब्धिमा प्रभाव शिर्षकमा गरिएको अध्ययनको व्याख्या विश्लेषणका आधारमा निम्न अनुसारको प्राप्तीहरू प्राप्त भएका छन् र सो को आधारमा निष्कर्ष निकालिएको छ । यसरी प्राप्त भएका प्राप्ती र निष्कर्षको आधारमा सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्ति

अगाडिका खण्डहरूमा प्रस्तुत भएको विश्लेषण र प्राप्त नतिजाका आधारमा निम्न अनुसारको प्राप्तिहरू पाइएका छन् ।

क) अध्ययन गरिएका ४ वटा विद्यालयहरूको तथ्याङ्क विश्लेषण गर्दा बालबालिकाको सहजै देखिने भर्नादर बढीमा १२१ देखिएको छ, कम्तिमा ५० प्रतिशत देखिएको छ र औषतमा ८१ प्रतिशत देखिएको छ ।

ख) यसरी बालबालिकाको खुद भर्नादरको अवस्था हेर्दा पनि ३ वटा विद्यालयमा १०० प्रतिशत नै देखिन्छ । त्यस्तै एउटा विद्यालयमा ४७ प्रतिशत मात्र देखिन्छ भने औषतमा ८१ प्रतिशत मात्र देखिएको छ ।

ग) बालबालिकाको नियमितताको अवस्था हेर्दा छात्रवृत्ति पाउने विद्यार्थीको भन्दा नपाउने विद्यार्थीको औषत उपस्थिति दिन बढी देखिन्छ ।

घ) बालबालिकाको कक्षोत्तिर्ण अवस्था हेर्दा छात्रवृत्ति पाएका विद्यार्थीको उत्तिर्ण प्रतिशत बढी पाइएको छ ।

ङ) बालबालिकाको कक्षा छाड्ने विद्यार्थी संख्या हेर्दा छात्रवृत्ति पाएका विद्यार्थी भन्दा छात्रवृत्ति नपाएका विद्यार्थीहरू नै कक्षा छाड्ने संख्या बढी देखिएको छ ।

च) छात्रवृत्ति वितरणका लागि छात्रवृत्ति कार्यक्रम निर्देशिका तथा शिक्षा कार्यालयको निर्देशन बमोजिम नै लक्षित छात्र छात्रा छनौट गरी छात्रवृत्ति वितरण गरेको पाइयो ।

छ) छात्रवृत्ति रकमको प्रर्याप्तता र अपर्याप्तता हेर्दा छात्रवृत्ति रकम पर्याप्त नभएको कुरा आएको छ ।

ज) छात्रवृत्ति कार्यक्रम कार्यान्वयन निर्देशिका हरेक विद्यालयमा ७५ प्रतिशत प्र.अ.सँग निर्देशिका हातमा रहेको र २५ प्रतिशत प्र.अ.सँग निर्देशिका उपलब्ध नभएको कुरा आएको छ ।

झ) विद्यालय व्यवस्थापन समितिलाई यस्ता खाले निर्देशनको जानकारी छ कि छैन भनेर हेर्दा ७५ प्रतिशत व्यवस्थापन समितिका पदाधिकारीहरूलाई जानकारी छ भने २५ प्रतिशत लाई निर्देशिकाको बारेमा जानकारी नभएको पाइयो ।

ञ) छात्रवृत्ति रकम सबै विद्यालयले पोशाकमा मात्र दिएको देखिएको छ तर सबै विद्यालयका बालबालिकाले समान रूपमा नभएर फरक -फरक रकम पाएको कुरा आएको छ । (२५०, ३००, ३५०, ४५०)

ट) छात्रवृत्ति रकमले अभिभावकहरूमा केही मात्रामा भएपनि आर्थिक भार कम भएको पाइएको छ । आफ्ना छोरा-छोरीलाई नाङ्गो राख्न मिल्ने थिएन जे-जसो गरेर भएपनि लुगाफाटो किन्नै पर्ने थियो त्यसैले आंशिक रूपमा सहयोग पुगेको छ भन्ने अभिभावकहरूको धारणा पाइयो ।

ठ) लक्षित वर्ग भनेर जो-जसलाई तोकेर छात्रवृत्ति आउँछ उसलाई मात्र वितरण गरेको पाइयो । विद्यालयले आफ्नो स्रोतबाट कुनै गरिब, जेहेन्दार भनेर छात्रवृत्ति कोष खडा गरेको पाइएन ।

ड) कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख भए बमोजिमको पूरै रकम विद्यालयमा प्राप्त नभएको कुरा कुनै-कुनै विद्यालयबाट आएको छ ।

ढ) छात्रवृत्तिका कारण बालबालिकाको विद्यालय उपस्थिति दिन बढेको छ ।

ण) अभिभावकहरूको विद्यालयप्रतिको जागरुकता र सकारात्मक सोचको विकास भएको कुरामा सरोकारवालाहरूको सहमत भएको छ ।

त) छात्रवृत्तिले गर्दा विद्यार्थीको पारीवारिक पृष्ठभूमि थाहा पाउन सकिएको कुरा प्राप्त भएको छ ।

थ) दलित र ५० प्रतिशत छात्रा छात्रवृत्ति भनी लक्षित वर्ग तोकेर छात्रवृत्ति प्राप्त हुँदा जातीय वर्गको विभाजन हुन सक्ने कुरा सरोकारवालाहरूबाट आएको छ ।

द) सरोकारवालाहरूबाट धनी वर्ग र गरिब वर्ग भनी धनी र गरिब बीचको दूरी बढ्न सक्ने कुरा आएको छ ।

ध) सरकारी विद्यालय गरिबको मात्र विद्यालय हो भन्ने धारणाको विकास भएको कुरा सरोकारवालाहरूबाट पाइएको छ ।

न) जातीय, वर्गीय, लैङ्गिक छुट्याउनु भन्दा गरिब, जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन दिने खालको छात्रवृत्ति भएमा राम्रो हुने थियो भन्ने सुझाब सरोकारवालाहरूबाट प्राप्त भएको छ ।

प) सबै दलित गरिब हुँदैनन्, सबै गैरदलित धनी पनि हुँदैनन् त्यसैले वास्तविक गरिबको पहिचान गरेर छात्रवृत्ति वितरण गर्न सकेमा छात्रवृत्तिको प्रभावकारिता अझ बढ्न सक्ने कुरा सरोकारवालाहरूबाट प्राप्त भएको छ ।

फ) छात्रवृत्ति पाउने बालबालिकाका अभिभावकले बालबालिकाको शिक्षामा खर्च नगरेर घरायसी खर्चमा पनि प्रयोग गरेको कुरामा सरोकारवालाहरूको सहमति पाइयो । जसबाट शिक्षा, स्वास्थ्य जस्ता आधारभूत कुरामा भन्दा खानपानलाई नै प्राथमिकतामा राखेको पाइएको छ ।

ब) दलित र ५० प्रतिशत छात्राहरूको लागि व्यवस्था गरेको छात्रवृत्ति रकम अत्यन्त थोरै भएको कुरा सबै सरोकारवालाबाट आएको पाइएको छ ।

यसरी अन्तमा अभिभावक तथा विद्यार्थीहरूको धारणा बुझ्दा अभिभावकहरूको बालबालिकाको शिक्षाप्रति सकारात्मक धारणा र आफ्ना बालबालिका छात्रवृत्तिका कारण केही उत्साहित भएका छन् भने पूर्ण रूपमा कोटा अनुरूप नै रकम प्राप्त नभए पनि आंशिक रूपमा अभिभावकलाई आर्थिक सहयोग पुगेको छ भने अनुशासन, सरसफाइमा

विद्यार्थीहरू केही सचेत भएको देखिएको छ । त्यस्तै व्यवस्थापकीय पक्ष हेर्दा कोटा अनुसार प्राप्त भएको रकम विद्यार्थीलाई वितरण गरिएको पनि देखिएको छ ।

## ५.२ निष्कर्ष:

सामुदायिक विद्यालयमा प्राप्त छात्रवृत्ति रकमको वास्तविक सदुपयोग हुँदैन भन्ने जनगुनासो नसुनिएको होइन । यसरी रहेको जनगुनासो साञ्चिकै सत्य हो वा होइन भनी लक्षित वर्गका लागि प्राप्त हुने छात्रवृत्ति रकम र यसले विद्यार्थीको शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पारेको छ त ? भनेर गरिएको यस अध्ययनको नतिजाबाट प्राप्त निष्कर्षलाई निम्न बुँदामा राखिएको छः

क) नेपाल सरकारका लक्षित वर्ग दलित, ५० प्रतिशत छात्रा, द्वन्द्व पिडित बालबालिका, अपाङ्गता भएका बालबालिका आदि रहेता पनि यस अध्ययन क्षेत्रमा लक्षित बालबालिका भनी प्राप्त हुने छात्रवृत्ति दलित र ५० प्रतिशत छात्रा रहेका छन उनीहरूका लागि प्राप्त हुने छात्रवृत्ति उनीहरूलाई नै बाँडिएको छ ।

ख) समाजमा पछाडि परेका/पारिएका वर्गलाई शिक्षाको मूलधारमा ल्याउने एक शैक्षिक अवसरको रूपमा छात्रवृत्ति कार्यक्रम सकारात्मक कार्यक्रमको रूपमा रहेको छ ।

ग) समाजमा पछाडि परेका/पारिएको वर्गलाई शैक्षिक मूलधारमा ल्याउनको लागि सकारात्मक कार्यक्रम हुँदा हुँदै पनि सम्पूर्ण दलित भन्दा पनि तिनीहरू मध्येपनि गरिब, जेहेन्दार विद्यार्थीलाई वितरण गर्दा प्रभावकारी हुने कुराको निष्कर्ष निकालिएको छ ।

घ) सबै बालबालिकालाई वितरण गरिएको छात्रवृत्ति रकम सबै अभिभावकले बालबालिकाको शिक्षामा मात्र लगानी गरेको पाइएन घरायसी खर्चमा समेत खर्च गरेको पाइयो । त्यसैले नगद भन्दा जिन्सी नै दिए उपयुक्त हुने कुरा निष्कर्ष निकालिएको छ ।

ङ) छात्रवृत्ति कार्यक्रमबाट बालबालिकाको शैक्षिक उपलब्धीका पक्षमा हेर्दा विद्यार्थी संख्यामा बृद्धि छ, गुणस्तर बृद्धि छ, अनुशासित छन्, विद्यार्थी नियमित देखिएको छ, जुन कुरा १०० प्रतिशत नभए पनि सकारात्मक पक्षको रूपमा लिनुपर्ने देखिन्छ ।

च) शिक्षा कार्यालयबाट समयमा निकासा नहुने बजेट निकासा हुँदा अन्य शिर्षकसँग गाभिएर निकासा हुने, विद्यार्थी संख्या र उपलब्ध कोटामा मेल नखाने हुनाले छात्रवृत्ति

रकमको निकासा हुँदा प्रथम चौमासिकमा निकासा गरिनु पर्ने, छात्रवृत्ति रकम विद्यालयको खातामा जम्मा भएपछि सो को विवरण खुल्ने गरी विद्यालयमा पठाउनु पर्ने कुरा निष्कर्ष निकालिएको छ ।

छ) सरकारी निकायबाट मात्र प्राप्त छात्रवृत्ति वितरण गरिएको देखियो, विद्यालयले आफ्नै कुनै छात्रवृत्ति कोष खडा गरेको देखिएन । त्यसैले विद्यालयहरूले पनि आफ्नो वरपरका संघ संस्थासँग वा अन्य छात्रवृत्तिदाताहरूसँग कुराकानी गरेर छात्रवृत्ति कोष खडा गरेर जेहेन्दार छात्रवृत्ति वितरण गर्न सकेमा अझ प्रभावकारी रूपमा कार्यक्रम अगाडि बढ्ने कुरा निष्कर्ष निकालिएको छ ।

ज) छात्रवृत्ति कार्यक्रम कसैको अधिकार नभएर बालबालिकाको शैक्षिक गुणस्तर बृद्धि र नियमितताको लागि सहुलियत कार्यक्रम हो । यस्तो सहुलियत निश्चित आधार बनाएर वितरण गर्ने र गरिसकेपछि उपलब्धिको समीक्षा गर्नुका साथै सम्बन्धित निकायले निगरानी गर्न पर्ने निष्कर्ष निकालिएको छ ।

## ५.३ सुझावहरू

नेपाल बहुजाती बहुभाषी र बहुसांस्कृतिक मुलुक हो । यस्तो मुलुकमा कोही वर्ग सामाजिक, आर्थिक तथा शैक्षिक रूपमा अगाडि छन् भने कोही वर्ग सामाजिक, आर्थिक तथा शैक्षिक रूपमा पछाडि परेका छन् । यसरी समाजमा पछाडि परेका/पारिएका वर्गलाई शैक्षिक मूलधारमा ल्याई "सबैका लागि शिक्षा" अन्तर्राष्ट्रिय अभियानलाई सार्थक बनाउने विभिन्न सहुलियत कार्यक्रम मध्येको एउटा कार्यक्रम छात्रवृत्ति कार्यक्रम हो । यो छात्रवृत्ति कार्यक्रमले पनि प्राथमिक तहलाई विशेष महत्व दिएर माथिल्लो तहमा भन्दा प्रा.वि. तहमा नै बढी रकम महत्वका साथ लगानी गरेको पाइन्छ । यहाँ लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र यसले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव विषयमा गरिएको अध्ययनको प्राप्तिहरू र निष्कर्षको आधारमा यस्ता सुझावहरू नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्म अलग-अलग रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**क) केन्द्रीय तहका लागि सुझाव**

नेपालको हालसम्मको संरचना  Top to Down Approach मा नै रहेको छ त्यसैले जुनसुकै विभागको पनि नीति निर्माण केन्द्रतहबाट गरिन्छ भने त्यसलाई कार्यान्वयन गर्ने क्षेत्रहरू जिल्ला हुँदै गाविस स्तरसम्म आइपुग्छ । शिक्षा हेर्ने निकाय शिक्षा मन्त्रालय एवम् त्यसै अन्तर्गतको शिक्षा विभाग र छात्रवृत्ति शाखालाई निम्नअनुसारका सुझावहरू सिफारिस गरिएको छ ।

क) छात्रवृत्ति कार्यक्रमले बालबालिकालाई विद्यालयको ढोकासम्म पुऱ्याई शिक्षाको पहुँचमा बृद्धि ल्याएको कुरा सकारात्मक हुँदा हुँदै पनि सम्पूर्ण दलित विद्यार्थी र ५० प्रतिशत छात्रालाई लक्षित समूह भनी किटानी गरेको छ । सबै दलित समूह गरिब र विद्यालय शिक्षा लिन नसक्ने हुँदैनन् त्यसैले दलित, गैर दलितबाट वास्तविक गरिब पहिचान गर्न सक्ने सूचक तयार गरी लक्षित समूह तय गरिनु पर्दछ ।

ख) यस्ता लक्षित समूह तय गरिसके पछि पहिचान भएका सम्पूर्ण (५०प्रतिशत छात्रा मात्र होइन) लक्षित समूहलाई एक शैक्षिक सत्रमा अध्ययनका लागि पुग्ने गरी छात्रवृत्ति दिने खालको नीति ल्याउन आवश्यक छ ।

ग) लक्षित वर्गका अभिभावकलाई शिक्षाको महत्व बुझाउन कस्तो खालको कार्यक्रम ल्याउन आवश्यक छ त्यसको लागि सम्भाव्यता अध्ययन जरुरी छ । अथवा अभिभावकहरूको लागि आयमूलक कार्यक्रम र बालबालिकाको लागि जीवनउपयोगी शिक्षाको व्यवस्था गर्नु पर्दछ ।

घ) दुई खालको शैक्षिक जनशक्ति तयारी हुने खालको नीति राज्यबाट लागु हुनु हुँदैन । नीजि विद्यालय र सामुदायिक विद्यालयमा अध्ययन गराइने पाठ्यक्रम एउटै हुनु पर्दछ । जसबाट शैक्षिक गुणस्तरमा समानता हुन्छ र सामुदायिक विद्यालय गरिब र दलितको मात्र हो भन्ने धारणा हटाउन सकिन्छ ।

ङ) शिक्षा मन्त्रालयबाट छात्रवृत्ति वापतको रकम पहिलो चौमासिक निकासा हुँदा नै विद्यालयमा पुग्ने गरी निकासा उपलब्ध गराएमा प्रभावकारी हुने थियो ।

च) हाल सरकारी निकायबाट मात्र प्राप्त हुने छात्रवृत्ति वितरण गर्ने प्रचलन छ त्यसैले स्रोत केन्द्र स्तरीय एउटा छात्रवृत्ति कोष खडा गरी त्यस क्षेत्रका उद्योगी, व्यापारी, संघ/संस्थाबाट गरिब र जेहेन्दार विद्यार्थीलाई पढ्नको लागि सहयोगको आव्हान गरी

कोष स्थापना गरेर कोष सञ्चालन गर्ने खालको वातावरण बनाउने र त्यस्ता सहयोग गर्ने दातालाई सम्मान गर्ने खालको नीति ल्याएमा सहयोग दाताहरू पनि बढ्न सक्छन् र कोषको निरन्तरता पनि हुन सक्छ । जसबाट राज्यको व्यय भार पनि कम हुन जान्छ र विद्यालय समुदाय बीचको सम्बन्ध अझ गहिरो बन्न सक्छ ।

छ) विद्यालयको वातावरण बालमैत्री बनाउने खालको नीति ल्याउन सिफारिस गरिन्छ ।

**ख) जिल्ला तह (जि.शि.का.) को लागि सुझाव**

क) जिल्ला शिक्षा कार्यालयले विद्यालयमा प्रथम निकासा पठाउँदा नै छात्रवृत्ति रकम पठाउने गरी केन्द्रीय तहदेखि विद्यालय तहसम्को समन्वय मिलाउन जरुरी देखिन्छ ।

ख) विद्यालयमा निकासा पठाइसकेपछि कुन शिर्षकमा कति रकम पठाइएको छ र कति जनालाई छात्रवृत्ति पठाइएको छ सो विवरण समेत खुल्ने गरी विद्यालयलाई जानकारी दिन जरुरी देखिन्छ ।

ग) छात्रवृत्ति कार्यक्रम निर्देशिकामा अनुगमन सूचकको रूपमा छात्रवृत्ति वितरण गरिसकेपछि छात्रवृत्ति पाउने छात्रा र दलित छात्र छात्राको संख्या निर्णय पुस्तिका निकास विवरण र भर्पाई राखेता पनि जिल्ला शिक्षा कार्यालयबाट विद्यालयले राख्ने छात्रवृत्ति वितरण कार्यक्रमको दिन विद्यालयमा आएर वितरण प्रकृयाको अनुगमन गरेमा पनि छात्रवृत्ति कार्यक्रम थप प्रभावकारी बन्न सक्छ । त्यसैले अनुगमनको लागि सिफारिस गरिएको छ ।

घ) वि.व्य.स. गठन गर्ने प्रकृयामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू राज्यको नीतिसँग परिचित हुन सक्ने र नेतृत्व लिन सक्ने खालको छनौट गर्न स्रोत केन्द्रका प्रतिनिधिहरू/जि.शि.का.ले यस्ता कुरामा विशेष पहल गरिदिन जरुरी देखिन्छ ।

**ग) विद्यालय तहको लागि सुझाव**

जिल्ला तह भनेको केन्द्रले बनाएका नीति नियमहरू कार्यान्वयन गर्ने क्रममा मध्यस्तताको भूमिका निर्वाह गर्ने तह हो भने वास्तविक कार्यान्वयन स्थल भनेको विद्यालय नै हो । विद्यालय

तहबाट कार्यक्रम सम्बन्धी योजना र व्यवस्थापनमा चाल्नु पर्ने कदमहरू निम्नअनुसार सिफारिस गरिएको छ ।

क) छात्रवृत्ति वितरण गर्दा कार्यान्वयन निर्देशिका एवम् शिक्षा कार्यालयको निर्देशनबाट लक्षित समूह छनौट गरी वितरण गर्ने क्रममा लक्षित समूहहरूबाट पनि गरिब, जेहेन्दार विद्यार्थी छनौट गरी वितरण गर्नका लागि विद्यालयलाई सिफारिस गरिन्छ ।

ख) निकासा समयमा माग गर्ने र निकासा प्राप्त भएपछि के-के वापतको रकम प्राप्त भएको हो सो को फाँटबारी जिल्ला शिक्षा कार्यालयबाट तुरुन्त माग गरेर मात्र विनियोजन गरी खर्च गर्न जरुरी देखिन्छ, जसबाट आर्थिक पारदर्शिता हुन्छ ।

ग) विद्यालयमा अध्यापन गराउने शिक्षकहरू आफ्नो पेशाप्रति इमान्दार र कर्तव्यनिष्ठ हुन जरुरी छ ।

घ) विद्यालयमा कतिजनाको लागि छात्रवृत्ति प्राप्त भएको हो सो अनुसार नै विद्यार्थी छनौट गर्ने ।

ङ) छात्रवृत्ति वितरणका लागि छात्रवृत्ति सम्बन्धी छुट्टै उपसमिति गठन गरी त्यसको वितरणदेखि लिएर अनुगमनको जिम्मा समेत सोही उपसमितिलाई दिएको खण्डमा सो समिति नै जवाफदेही हुन्छ ।

च) सरकारी निकायबाट मात्र प्राप्त हुने छात्रवृत्तिको भरमा नपरेर स्थानीय स्तरका छात्रवृत्तिदाताहरूको खोजी गरी विद्यालयमा स्थानीय स्तरको छात्रवृत्ति कोष खडा गरेमा छात्रवृत्ति कार्यक्रम अझ प्रभावकारी हुने थियो ।

छ) छात्रवृत्ति वितरण गर्दा अभिभावक भेला राखेर वितरण गर्ने र सो भेलामा अभिभावकलाई छात्रवृत्ति आउने स्रोत र पाउने लक्षित समूहको बारेमा प्रष्ट पार्न सकेको खण्डमा राम्रो हुने देखिन्छ ।

ज) छात्रवृत्ति वितरण गरिसकेपछि विद्यार्थीमा परेको छात्रवृत्तिको प्रभाव सम्बन्धि समीक्षा विद्यालयतहमा गर्न सकेको खण्डमा छात्रवृत्तिको प्रभावकारिता पत्तालगाउन सजिलो पर्ने हुन्छ ।

झ) विद्यालयलाई राजनीतिक हिसाबले विल्कुल टाढा राख्नको लागि जोडदार रूपमा सिफारिस गरिन्छ । विद्यालयलाई राजनीति गर्ने पूर्वाधारको रूपमा विकास गरिनु हुँदैन । जसबाट विद्यालयमा सोचे अनुसारको शैक्षिक उपलब्धि हासिल गर्न नसकिने स्थिति आउन सक्छ ।

# सन्दर्भग्रन्थ सूची


श्रेष्ठ चन्द्र बहादुर र अन्य (२०६०), **शैक्षिक योजना,** बागबजार काठमाण्डौ : भूडिपुराण प्रकाशन ।

श्रेष्ठ, मकर (२०६७ बैशाख २६), **छ हजारलाई विपन्न छात्रवृत्ति**, काठमाण्डौ : कान्तिपुर दैनिक पत्रिका ।

कंडेल, गोपालप्रसाद (२०६४), **प्राथमिक तहमा छात्रवृत्ति अवसर र चुनौतिहरू,** एजुकेशन फोरम ।

काफ्ले, लालप्रसाद (२०६३), **छात्रवृत्तिको प्रभावकारिता एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय

काफ्ले, वासुदेव र अन्य (२०५९), **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६३), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

तिवारी, डिल्लीप्रसाद (२०६५), **शैक्षिक सामग्रीको प्रयोगले सिकाई उपलब्धीमा पार्ने प्रभाव,** अप्रकाशित स्नातकोत्तर शोधपत्र सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन

**नेपालका शिक्षा आयोगहरूको प्रतिवेदनहरुको सङ्ग्रह** (२०५९), काठमाण्डौ : आशिष पुस्तक भण्डार ।

**नेपालको अन्तरिम संविधान** (२०६३), काठमाण्डौ : हिमाल प्रकाशन ।

**बाल कार्यक्रम** (२०६२), महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय केन्द्रिय बालकल्याण समिति, सेभ द चिल्ड्रेन नर्वे र सहारा समूह-नेपाल ।

मुडवरी, नवराज र खनाल, श्रीप्रसाद ( २०६३ ) **शैक्षिक अनुसन्धान पद्धति,** काठमाण्डौ : जुपिटर प्रकाशक ।

**विद्यालय क्षेत्र सुधार योजना** (२०६६- २०७२) www.moe.gov.np

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६३), **शिक्षाका आधारहरू,** काठमाण्डौ : एम के पब्लिशसर्स एण्ड डिष्ट्रीब्यूटर्स भोटाहिटी ।

शर्मा एण्ड शर्मा (२०६३), **कक्षाकोठामा मनोविज्ञान,** काठमाण्डौ : एम के पब्लिशसर्स एण्ड डिष्ट्रीब्यूटर्स भोटाहिटी ।

शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय कीर्तिपुर (२०५६), **नेपालमा प्राथमिक शिक्षा,** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

**शिक्षा ऐन (२०२८) शिक्षा नियमावली (२०५९),** पुतली सडक काठमाण्डौ : बौद्धिक दर्पण ।

शिक्षा विभाग (२०५८), **महिला शिक्षा** ।

शिक्षा विभाग (२०६५), **शिक्षा विभागद्वारा गरिएका अध्ययनहरूको प्रतिवेदन,** सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६३), **विद्यालय शिक्षा सम्बन्धी सूचना संगालो,** सानोठिमी भक्तपुर ।

शिक्षा विभाग (२०६२), **महिला शिक्षा** ।

शिक्षा विभाग (२०६५), **लैङ्गिक समविकास शिक्षा,** सानोठिमी, भक्तपुर ।

**शिक्षा मन्त्रालय शिक्षा विभाग - कार्यक्रम कार्यान्वयन पुस्तिका (२०६६)**

**शिक्षक शिक्षा** (२०६५), नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र, www.moe.gov.np

**समकालीन शैक्षिक चुनौती र भावी दिशा** (२०६४ आश्विन), सोपान मासिक ।

**सबैका लागि निःशुल्क गुणस्तरीय र अनिवार्य शिक्षा अभियान** (२०६६), जनमुखी शिक्षा स्रोत विकास केन्द्र नेपाल ।

वस्ती, हरिप्रसाद (२०६६), **प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

Flash Report I  2009-2010 (२०६६) www.moe.gov.np

Ministry of Education and sports (2005), **Nepal in Educational Figures,** keshar Mahal, Kathmandu.

## लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र यसले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूची एक

**शैक्षिक सूचक सम्बन्धी सुत्रहरु:**

१. सहजै देखिने भर्नादर (GER) = $\frac{\text{सेवा क्षेत्रबाट प्रा.वि. जाने विद्यार्थीको संख्या}}{\text{सेवा क्षेत्रको ५-९ वर्षका बालबालिकाको संख्या}} \times १००$

२. खुद भर्ना दर (NER) = $\frac{\text{सेवा क्षेत्रबाट प्रा.वि. जाने ५-९ वर्षका विद्यार्थीको संख्या}}{\text{सेवा क्षेत्रको ५-९ वर्षका जम्मा विद्यार्थीहरुको संख्या}} \times १००$

३. विद्यार्थीहरुको उपस्थितिदर = $\frac{\text{जम्मा विद्यार्थी उपस्थिति दिन}}{\text{जम्मा विद्यालय सञ्चालन भएको दिन}} \times १००$

४. विद्यार्थीहरुको कक्षा उर्तिण हुने दर = $\frac{\text{उर्त्तिण विद्यार्थीहरु}}{\text{जम्मा विद्यार्थीहरु}} \times १००$

५. विद्यार्थीहरुको कक्षा छाड्ने दर = $\frac{\text{कक्षा छाड्ने विद्यार्थी}}{\text{भर्ना भएका जम्मा विद्यार्थी}} \times १००$

# लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र यसले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूचि दुई

### विद्यालय सर्भेक्षण फारम-२०६७

१) **विद्यालयको नाम :**
**विद्यालयको ठेगाना :**

२) सेवा क्षेत्र विवरण - जनसंख्या ५-९ वर्ष (२०६६)

| क्र. सं. | साल | केटा ५-९ वर्ष | अन्य उमेर | केटी ५-९ वर्ष | अन्य उमेर | जम्मा ५-९ वर्ष | जम्मा अन्य उमेर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

३) विद्यालय सेवा क्षेत्रबाट प्रा.वि.तहमा विद्यालय जाने विद्यार्थीहरुको संख्या/विवरण (२०६६)

| क्र.सं. | साल | ५-९ वर्ष उमेर समूह | अन्य उमेर समूह | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

४) विद्यालयमा भर्ना भएका जम्मा विद्यार्थीहरूको संख्या (२०६६)

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| जम्मा | | | |

५) विद्यार्थीहरूको उपस्थिति विवरण (२०६६)

| क्र. सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाई भएको दिन | औषत उपस्थिति दिन | |
|---|---|---|---|---|---|
| | | | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
| | | | | | |
| | | | | | |
| | | | | | |

६) विद्यालय छाड्ने विद्यार्थीहरूको संख्या (२०६६)

| कक्षा | भर्ना संख्या १-५ | कक्षा छाड्ने संख्या | | कक्षा छाड्ने प्रतिशत | |
|---|---|---|---|---|---|
| | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

| **जम्मा** | | | | | |
|---|---|---|---|---|---|

७) विद्यार्थीहरूको कक्षा उत्तिर्णदर २०६६

| **कक्षा** | **परीक्षामा संमिलित विद्यार्थी** | **परीक्षामा उत्तिर्ण** | |
|---|---|---|---|
| | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| जम्मा | | | |

८) विद्यार्थीहरुको सिकाई उपलब्धीको स्थिति

विषयगत औसत प्राप्ताङ्ग कक्षा-३ (२०६६)

| **क्र. सं.** | **विद्यालयको नाम** | **नेपाली** | | **गणित** | | **अंग्रेजी** | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र यसले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूचि तीन

### प्रधानाध्यापक/शिक्षकहरूका लागि प्रश्नावली

**प्र.अ./शिक्षकको नाम** :

**विद्यालयको नाम** :

१) तपाईको विद्यालयमा छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको भर्नादर बढाउन कस्तो सहयोग गरेको छ ?
क) धेरै राम्रो
ख) राम्रो
ग) सामान्य मात्र

२) तपाईको विद्यालयमा छात्रवृत्ति रकम कसरी वितरण गर्दै आउनु भएको छ ?
क) सबैजना अभिभावक बोलाएर
ख) हरेक कक्षाका विद्यार्थीका छुट्टा-छुट्टै अभिभावक बोलाएर
ग) छात्रवृत्ति जो जसले पाउने हो उसका अभिभावकमात्र बोलाएर
घ) छात्रवृत्ति वितरणको लागि कार्यक्रम आयोजना गरेर

३) छात्रवृत्ति पाउने विद्यार्थीहरू छनौट गर्ने आधारहरू के-के अपनाउनु भएको छ ?
क) शिक्षक/प्र.अ. को स्वविवेकले औषतमा सबै
ख) गरिब सुविधा बिहिन, पिछडिएका र जेहेन्दार
ग) अभिभावकको आर्थिक अवस्था हेरेर
घ) जिल्ला शिक्षा कार्यालयको निर्देशन बमोजिम

४) तपाईको विद्यालयमा प्राप्त छात्रवृत्ति रकम वितरणमा कसरी व्यवस्थापन गर्नु भएको छ ?
क) कार्यालयबाट प्राप्त भएका छात्रवृत्ति लक्षित समूहले पाएका छन्
ख) वितरण नै गरिएको छैन
ग) केही बाँडियो केही विद्यालयलाई आवश्यक भएकोले बाँडिएन
घ) कार्यालयबाट जो जसलाई तोकेर आएको छ उसलाई मात्र वितरण गरिएको छ

५) जिल्ला शिक्षा कार्यालयबाट छात्रवृत्ति रकम विद्यालयलाई कसरी निकाशा हुन्छ ?
क) प्रतिकोटा तोकेर
ख) कोटा नतोकिकन एकमुष्ठ
ग) प्रति विद्यालय दामासाही
घ) कोटा अनुसार तर सबै विद्यार्थीलाई दामासाही रूपले

६) छात्रवृत्ति के-का रूपमा वितरण गर्दै आउनु भएको छ ?
क) स्टेशनरी
ख) पोशाक
ग) स्टेशनरी तथा पोशाक
घ) कुनै पनि नदिएर नगदका रूपमा

७) विद्यालयले छात्रवृत्ति रकम कहिले-कहिले बाँड्छ ?
   क) प्रथम चौमासिक निकासापछि
   ख) दोस्रो चौमासिक निकासापछि
   ग) तेस्रो चौमासिक निकासापछि
   घ) अन्य कुनै समयमा

८) विद्यालयले बाँड्ने छात्रवृत्ति कसले थाप्दछन् ?
   क) विद्यार्थीले
   ख) अभिभावकले
   ग) विद्यार्थीको उपस्थितिमा अभिभावकले
   घ) परिवारको जो कोही सदस्यले

९) छात्रवृत्तिले विद्यार्थीहरूको शैक्षिक लगनशिलता र सिकाइमा के-कस्तो प्रभाव पारेको छ ?
   क) विद्यालयमा नियमित हुन
   ख) गृहकार्य गर्नमा
   ग) कक्षा छलफलमा पूर्ण रूपमा सहभागी हुन
   घ) अतिरिक्त क्रियाकलापमा सहभागी हुन

१०) छात्रवृत्ति छनौटका लागि कुन तरिका अपनाउँदै आउनु भएको छ ?

   क) कक्षा शिक्षकले लक्षित समूह छनौट गरी शिक्षक बैठकमा राख्ने र वि.व्य.स.ले टुङ्गो लगाउने ।

   ख) शिक्षक, शिक्षक अभिभावक संघ र वि.व्य.स.ले उपयुक्त आधार तयार गरी छनौट गर्ने ।

   ग) प्र.अ. र विद्यालय व्य.स. को संयुक्त प्रयासबाट लक्षित समूह छनौट गर्ने ।

   घ) शिक्षा कार्यालयको निर्देशन बमोजिम वा छात्रवृत्ति कार्यान्वयन निर्देशिका बमोजिमका लक्षित समूहलाई प्र.अ.ले छनौट गर्ने ।

११) विद्यालयमा प्राप्त हुने छात्रवृत्ति कोटा नतोकी एकमुष्ठ रकम प्राप्त भएमा कुन-कुन शिर्षकमा के-के वापत कति-कति रकम वितरण गर्दै आउनु भएको छ ?

   क) स्टेशनरी मात्र दिंदा पुग्नेलाई रु.१५०।-, पोशाक मात्र आवश्यक हुनेलाई रु.३००।-, स्टेशनरी र पोशाक दुबै आवश्यक पर्नेलाई रु.४५०।- दरले रकम प्रदान गरिएको ।

   ख) प्रतिकोटा छात्रवृत्ति वापतको रकमलाई “क” अनुसारको प्रकृतिमा ढालेर वितरण गर्न सक्ने अधिकार नभएकाले कोटा कार्यान्वयन निर्देशिका अनुसार नै पूरै रकम प्रदान गरेको ।

   ग) एकमुष्ठ रकमलाई जम्मा छात्रवृत्ति पाउने विद्यार्थी संख्याले भाग गरी भागमा परेजति सबै गरेको ।

घ) स्टेशनरी मात्र दिंदा पुग्नेलाई रु.१५०।-, पोशाक आवश्यक हुनेलाई रु.३००।- दिन सकिए पनि स्टेशनरी र पोशाक दुबै शिर्षकमा गरी रु.४५०।- सबै विद्यार्थीलाई दिन नसकिने भएकाले प्रति कोटा पूरै रकम प्रदान गर्ने गरेको ।

१२) विद्यालयले छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको भर्ना अवस्था, नियमितता, कक्षा उत्तिर्ण, अनियमितता, बिचैमा कक्षा छाड्ने, सिकाई उपलब्धी देखिने किसिमको विभाजन तथ्यांक विद्यालयले अभिलेखको रूपमा राख्ने गरेको छ ?

क) छ ।
ख) छैन ।
ग) यस्तो तथ्यांक महसुस नै गरिएको छैन ।
घ) जिल्ला शिक्षा कार्यालयले पहल नै गरेको छैन ।

१३) छात्रवृत्ति वितरण कार्यान्वयन निर्देशिकाबारे तपाईलाई के थाहा छ ?

क) सुनेको हो देखेको छैन ।
ख) छ भन्ने पनि सुनेको छु ।
ग) विद्यालयमा उपलब्ध छैन ।
घ) जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराउदैन ।
ङ) विद्यालयमा निर्देशिका उपलब्ध ।

१४) छात्रवृत्ति वितरण र व्यवस्थापनमा के-कस्ता समस्याहरू रहेका छन् ?

१५) छात्रवृत्ति वितरण र व्यवस्थापनमा देखिएका समस्या समाधानका लागि के-कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ?

१६) के शिक्षण सिकाई क्रियाकलाप र शैक्षिक उपलब्धिमा यो छात्रवृत्तिको प्रभाव महसुस गर्नु भएको छ ?

१७) लक्षित समूहलाई नै यो छात्रवृत्ति वितरण गरिदै आएको छ भन्ने कुराको सुनिश्चितता तपाई कसरी गर्नु हुन्छ ?

१८) यस कार्यक्रमका सबल पक्षहरु के-के हुन् ? अबसर र चुनौतिपूर्ण पक्षहरु के-के देख्नु भएको छ ?

# लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र यसले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूचि चार

### अभिभावकका लागि प्रश्नावली

**अभिभावकको नाम :**

१) तपाईका छोरा छोरीले छात्रवृत्ति पाएका छन् ? यदि छन् भने कस्तो छात्रवृत्ति पाएका छन् ?
- क) गतवर्ष छोरीले पाएकी थिई तर कुन हो थाहा छैन ।
- ख) यस वर्ष बाँडेकै छैन, नाम पनि थाहा छैन ।
- ग) पाएका छन् तर नाम थाहा छैन ।
- घ) यस वर्षको पालोमा हाम्रो छोरा परेको छ रे ?

२) विद्यालयले वितरण गरेको छात्रवृत्तिको रकम तपाइहरूले पर्याप्त भएको महसुस गर्नु भएको छ ?
- क) पर्याप्त छ ।
- ख) पर्याप्त छैन ।
- ग) नाम मात्रको छ ।
- घ) आशिंक सहयोग पुगेको छ ।

३) विद्यालयले दिने यस्तो किसिमको छात्रवृत्ति रकम किन दिएको होला ?
- क) कपी कलम किन्न ।
- ख) ड्रेस किन्नमा ।
- ग) घर खर्चमा ।
- घ) फि तिर्न ।

४) छात्रवृत्ति दिनको लागि छात्र छात्रा छनोट कसले गर्छ ?
- क) कक्षा शिक्षकको सिफारिसमा प्र.अ.ले ।
- ख) विद्यालय व्यवस्थापन समितिबाट निर्णय ।
- ग) अभिभावक भेला गराएर अभिभावकहरुमध्येबाट ।
- घ) स्टाफ बैठकबाट निर्णय गराएर ।

५) छात्रवृत्तिको कोटा र रकम सम्बन्धमा विद्यालयबाट जसले पाउन पर्ने हो उसलाई वितरण गरेका छन् कि छैनन् कत्तिको थाहा पाउनु भएको छ ?
- क) केही थाहा छैन ।
- ख) कहिले काँही जानकारी गराएर बाडिन्छ तर को-को ले पाउने भन्ने थाहा हुँदैन ।
- ग) कति हो कोटा थाहा हुँदैन, रकमबारे जानकारी गराइन्छ ।
- घ) पारदर्शि किसिमले वितरण गरिन्छ ।

६) छात्रवृत्ति पाएपछि छोराछोरीमा केही परिवर्तन पाउनु भएको छ ?
- क) पढाइप्रति उत्साहित छन् ।
- ख) सधै प्रथम श्रेणिमा पास भएका छन् ।

ग) सधै भरी विद्यालय जान उत्साही हुन्छन् ।
घ) खासै फरक महसुस भएको छैन ।

७) तपाईका छोराछोरी घरमा कति घण्टा पढ्छन् ?
क) १ घण्टा पढ्छन् ।
ख) २ घण्टा पढ्छन् ।
ग) केही समय पढ्छन् ।
घ) पढ्दै पढ्दैनन् ।

८) छात्रवृत्ति पाएपछि तपाइका छोराछोरी नियमित उत्तिर्ण हुन्छन् ?
क) सधै भरी उर्त्तिण हुन्छन् ।
ख) प्रथम श्रेणिमा ।
ग) कहिले काही अनुत्तिर्ण पनि भएका छन् ।

९) विद्यालयले छात्रवृत्ति वितरण गर्दा कार्यक्रमको आयोजना गरी वितरण गर्छ या गर्दैन ? यदि गर्छ भने कति पटक त्यसमा सहभागी हुनु भएका छ ?
क) १ पटक ।
ख) २ पटक ।
ग) मलाई केही थाहा छैन ।
घ) यस्तो कार्यक्रमको आयोजना हुँदैन ।

१०) तपाइको छोरा छोरीले छात्रवृत्ति पाउँदा तपाईलाई कस्तो लागेको छ ?

११) सुविधा विहिन गरिब र पिछडिएका वर्गका केटाकेटीहरूलाई विद्यालय शिक्षामा आकर्षित गर्न अझ प्रोत्साहित कार्यक्रमहरू के-के हुन सक्छन् ?

१२) विद्यालयमा वितरण गरिने छात्रवृत्तिमा के-कस्ता समस्याहरु देखिएका छन् ?

१३) सामुदायमा पछाडि परेका र पारिएका सुविधा विहिन बालबालिकाहरुको प्राथमिक शिक्षा पूरा गर्ने कार्यमा यस कार्यक्रमले योगदान पुऱ्याएको छ ?

१४) तपाईको दृष्टिकोणमा यस छात्रवृत्ति कार्यक्रमका राम्रा र सुधार गर्नुपर्ने पक्षहरू के-के देख्नु भएको छ ?

१५) छात्रवृत्ति वितरणमा देखिएका समस्या समाधानका लागि अभिभावकहरुले कस्तो भूमिका निर्वाह गर्नु पर्दछ ?

## लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र यसले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूचि पाँच

### विद्यालय व्यवस्थापन समितिका लागि प्रश्नावली

**वि.व्य.स.का पदाधिकारीको नाम**
**विद्यालयको नाम :**

१) तपाईको विद्यालयमा छात्रवृत्ति वितरण गरिन्छ ? यस्तो वितरणका लागि छनौट गर्ने आधारहरू के-के हुन् ?
   क) जेहेन्दार गरिब र पिछडिएकाहरू मात्र हेरेर ।
   ख) जिल्ला शिक्षा कार्यालयको निर्देशन बमोजिम ।
   ग) शिक्षक एवम् प्र.अ.को स्वविवेक ।

२) शिक्षा विभागबाट हरेक जिल्ला शिक्षा कार्यालयमा छात्रवृत्ति कार्यान्वयन निर्देशिका पठाउछ र सोही बमोजिम छात्रवृत्ति वितरण गरिन्छ । त्यस निर्देशिकाको बारेमा तपाईलाई के थाहा छ ?
   क) थाहा छ ।
   ख) सुनेको छु ।
   ग) सुनेकै छैन ।

३) तपाई छात्रवृत्ति वितरण समितिमा हुनु हुन्छ यदि नभए वा भए पनि छात्रवृत्ति केका रूपमा वितरण गर्दै आउनु भएको छ ?
   क) नगद ।
   ख) पोशाक ।
   ग) स्टेशनरी ।
   घ) स्टेशनरी र पोशाक दुबै ।

४) तपाईको विद्यालयमा वितरण गरिने छात्रवृत्ति रकम प्रभावकारी रूपमा वितरण गरिएको छ ?
   क) कार्यालयबाट प्राप्त भएको छात्रवृत्ति लक्षित समूहले पाएका छन् ।
   ख) वितरण नै गरिएको छैन ।
   ग) केही बाँडियो केही विद्यालयलाई आवश्यक भएकोले बाँडिएन ।
   घ) कार्यालयबाट जो जसलाई तोकेर आएको छ उसलाई मात्र वितरण गरिएको छ ।

५) तपाईको विद्यालयमा छात्रवृत्ति वितरण गर्दा कसरी वितरण गर्दै आउनु भएको छ ?
   क) लक्षित समूह छनौट गरेर ।
   ख) प्रत्येक वर्ष दामासाहीले ।
   ग) जो जसलाई तोकेर आएको छ उसलाई मात्र दिने ।
   घ) कहिले दामासाही र कहिले लक्षित समूह छानेर ।

६) छात्रवृत्ति वितरण गर्दा कस्तो कार्यक्रम गरेर वितरण गर्नु हुन्छ ?
   क) अभिभावक भेला बोलाएर ।
   ख) छात्रवृत्ति पाउने बालबालिकाका अभिभावक मात्र बोलाएर ।
   ग) छात्रवृत्ति वितरण कार्यक्रम नै गरेर ।

घ) कक्षागत रूपमा अभिभावक बोलाएर ।

७) छात्रवृत्ति छनौटका लागि कुन तरिका अपनाउदै आउनु भएको छ ?

क) कक्षा शिक्षकले लक्षित समूह छनौट गरी शिक्षकको बैठकमा राख्ने र वि.व्य.स.ले टुङ्गो लगाउने ।

ख) शिक्षक, शिक्षक अभिभावक संघ र वि.व्य.स.ले उपयुक्त आधार तयार गरी छनौट गर्ने ।

ग) प्र.अ. र वि.व्य.स.को संयुक्त प्रयासबाट लक्षित समूह छनौट गर्ने ।

घ) शिक्षा कार्यालयको निर्देशन बमोजिम वा छात्रवृत्ति कार्यान्वयन निर्देशिका बमोजिम लक्षित समूहलाई प्र.अ. ले छनौट गर्ने ।

८) विद्यालयले छात्रवृत्ति कहिले कहिले प्रदान गर्छ

क) प्रथम चौमासिक निकासा प्राप्त भएपछि ।

ख) दोस्रो चौमासिक निकासा प्राप्त भएपछि ।

ग) तेस्रो चौमासिक निकासा प्राप्त भएपछि ।

घ) अन्य कुनै समयमा ।

९) छात्रवृत्ति कसले थाप्छ ?

क) विद्यार्थी ।

ख) परिवारको जो कोही सदस्यले ।

ग) अभिभावकले

घ) विद्यार्थीको उपस्थितिमा परिवारका सदस्यहरूले ।

१०) छात्रवृत्ति पाएका विद्यार्थी र नपाएका विद्यार्थी बिचको सिकाई उपलब्धी कस्तो पाउनु भएको छ ?

क) छात्रवृत्ति पाउने विद्यार्थी नियमित रूपमा उत्तिर्ण हुन्छन् ।

ख) छात्रवृत्ति नपाएका भन्दा पाएका विद्यार्थीको उत्तिर्णदर र नियमितता बढी छ ।

ग) दुबै उस्तै उस्तै हो ।

११) छात्रवृत्ति कार्यक्रमको सवल पक्ष के देख्नु भएको छ ?

क) विद्यालय र शिक्षाप्रति अभिभावक तथा विद्यार्थीहरूमा सकारात्मक सोचको विकास भएको छ ।

ख) शिक्षाप्रति बालबालिकाहरूको उत्प्रेरणा बढेको छ ।

ग) आर्थिक रूपमा केही मात्रामा भए पनि सहयोग पुगेको छ ।

घ) गरिब तथा विपन्न अवस्थामा रहेका आमा बाबुको शिक्षामा चेतना स्तर बृद्धि भएको छ ।

१२) छात्रवृत्ति कार्यक्रमको कमजोर पक्ष के हो ?

क) आवश्यक नै छैन ।

ख) लक्षित वर्गलाई खासै आकर्षित गर्न सकेको छैन ।

ग) नाम मात्रको छ ।

१३) छात्रवृत्ति पाएका विद्यार्थी र नपाएका विद्यार्थी बीचको शैक्षिक उपलब्धीमा के फरक देख्नु भएको छ ?

१४) तपाईले छात्रवृत्ति व्यवस्थापन र वितरणमा के कस्ता समस्या देख्नु भएको छ ?

१५) सुविधाविहिन वर्गका केटाकेटीहरुलाई यस कार्यक्रमले सहयोग पुऱ्याएको छ ? यदि छ भने कुन-कुन क्षेत्रमा कसरी सहयोग पुऱ्याएको छ?

१६) छात्रवृत्ति कार्यक्रमको सुधारका सम्बन्धमा केही सुझाब दिन चाहानु हुन्छकि ?

# लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र यसले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूचि छ

### विद्यार्थीहरूका लागि अन्तरवार्ता प्रश्नावली

**विद्यार्थीको नाम** :

**विद्यालयको नाम** :

**कक्षा :** ....................**उमेर :** ..........................**जातिः** ..........................

१) तिम्रो आमा-बुवा के काम गर्नु हुन्छ ?

२) तिमि घरमा कति घण्टा पढ्छौं ?

क) १ घण्टा
ख) २ घण्टा
ग) केही समय
घ) घरमा पढ्ने गरेको छैन

३) घरमा पढ्नको लागि उपयुक्त वातावरण कसले मिलाउँछ र पढ्नको लागि कोबाट प्रोत्साहित भएका छौं ?

४) छात्रवृत्ति भनेको के हो ? तिमिलाई थाहा छ ?

क) निःशुल्क पढ्न पाउने हो
ख) पढ्नको लागि कुनै थोरै रकम वा जिन्सी प्रोत्साहन स्वरुप पाउने सुविधा हो
ग) वर्षको रु.३५०।- पाइन्छ अरु थाहा छैन
घ) थाहा छैन

५) के तिमिले कुनै छात्रवृत्ति पाएका छौं ?
क) छैन
ख) पाएको छु, त्यो दलित छात्रवृत्ति हो
ग) पाएको छु यो ५०% (आधा) केटीहरूले पाउने छात्रवृत्ति हो
घ) पाएको छु तर नाम थाहा छैन

६) तिमिले छात्रवृत्ति वापत के पायौं ?
क) पैसा
ख) पोशाक
ग) स्टेशनरी
घ) स्टेशनरी र पोशाक दुबै

७) तिमिले छात्रवृत्ति किन पाएको हो/हौं
   क) हाम्रो परिवार गरिब भएकोले
   ख) कक्षामा प्रथम भएर
   ग) विद्यालय पोशाक लगाएर विद्यालय आउन
   घ) नियमित विद्यालय आउनका लागि

८) यदि तिमिले एक वर्षको अन्तरमा छात्रवृत्ति पाएको भए वा नपाएको भए के गर्थ्यौं?

९) तिमिले पाएको छात्रवृत्ति के काममा खर्च गर्‍यौं
   क) कपी/कलम किन्न
   ख) कपडा किन्न
   ग) फि तिर्न
   घ) घरमा खर्च

१०) तिमिले प्राप्त गरेको छात्रवृत्तिको रकम तिम्रो पढाइका लागि प्रर्याप्त छ ? यदि छैन भने कति भए पुग्छ ?
   क) पर्याप्त छैन घरको अवस्था हेरेर दिए हुन्थ्यो ।
   ख) पर्याप्त छैन महिनै पिच्छे केही रकम पाइरहन पाए हुन्थ्यो ।
   ग) पर्याप्त छैन कपी, कलम, झोला, पोशाक र खाजाखान समेत पुग्ने गरी दिए हुन्थ्यो ।
   घ) पर्याप्त छैन दिने नै भए ट्यूसन पढ्न समेत पुग्ने गरी दिए हुन्थ्यो ।

११) यदि तिमिले छात्रवृत्ति नपाएको भए कसरी पढ्थ्यौ ?

१२) तिमिले वर्षमा कति पटक छात्रवृत्ति पायौं ?
   क) १ पटक
   ख) २ पटक
   ग) यस वर्ष कसैलाई बाडेको छैन

१३) छात्रवृत्ति कसले थाप्छ ?
   क) आफैले
   ख) आफ्नो उपस्थितिमा बुवा अथवा आमाले
   ग) परिवारका अन्य सदस्यले
   घ) विद्यालयबाट घर-घरमा पुर्‍याउन आउँछन्

१४) तिमिले छात्रवृत्तिको रकम कति पायौं ?
   क) रु.३००।-
   ख) रु.१५०।-
   ग) रु.४५०।-
   घ) सबै साथीलाई भाग लगाउँदा जति पुग्छ त्यति नै

## लक्षित वर्गका लागि प्राप्त छात्रवृत्तिको व्यवस्थापन र यसले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूचि सात

### जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरूका लागि प्रश्नावली

**विद्यालय निरिक्षक/शाखा अधिकृत/ स्रोत व्यक्ति**

**नाम :** ......................................

१) शिक्षा विभागबाट छात्रवृत्ति कार्यक्रम कार्यान्वयन निर्देशिकासँगै यसको अख्तियार तथा रकम जिल्लामा समयमै उपलब्ध हुन्छ ?
   क) स्वीकृत कार्यक्रमसँगै उपलब्ध हुन्छ ।
   ख) बार्षिक कार्यक्रमको लक्ष्य अनुसार उपलब्ध हुन्छ ।
   ग) समयमा उपलब्ध छैन ।
   घ) कहिले उपलब्ध हुन्छ लेखामा सोध्नु पर्छ ।

२) छात्रवृत्ति वितरण सम्बन्धी कार्यान्वयन निर्देशिकाले गरेको व्यवस्थाबारेमा तपाईलाई के थाहा छ?
   क) हरेक वर्ष कार्यान्वयन निर्देशिका आउछ, सबै थाहा छ ।
   ख) यस्तो निर्देशिका प्राप्त हुने गरेको छैन ।
   ग) कार्यक्रम हेर्ने कर्मचारीलाई थाहा होला ।
   घ) छ भन्ने सुनेको हो देखेको छैन ।

३) छात्रवृत्ति रकम लक्षित समूहले नै प्राप्त गरुन् भन्ने उद्देश्यका लागि जिल्ला शिक्षा कार्यालयले अपनाएका नीतिहरू के-के हुन् ?
   क) जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति गठन गरेको ।
   ख) लक्षित वर्गलाई छात्रवृत्ति व्यवस्था सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने गरेको ।
   ग) छात्रवृत्ति वितरणका आधारहरू र रकम जिल्ला शिक्षा कार्यालयको सूचना पाटीमा टाँस्ने गरेको ।
   घ) जिल्ला शिक्षा कार्यालयको निर्देशन बमोजिम विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरू विकास गरी छात्रवृत्ति पाउने बालबालिकाहरूको नामावली छनौट गर्ने गरेको ।

४) विद्यालयमा पठाउने छात्रवृत्ति रकमको प्रभावकारी व्यवस्थापन गर्न के गर्न उपयुक्त होला ?
   क) कार्यालयबाट पठाउने छात्रवृत्ति लक्षित समूहलाई मात्र वितरण गर्ने ।
   ख) केही बाड्ने केही विद्यालयको कोषमा राख्ने ।
   ग) वितरण नै नगर्ने ।
   घ) विभागबाट जो जसलाई तोकेर आएको छ उसलाई मात्र वितरण गर्ने ।

५) जिल्ला शिक्षा कार्यालयबाट छात्रवृत्तिको रकम विद्यालयलाई कसरी निकासा हुन्छ ।
   क) प्रतिकोटा तोकेर ।
   ख) कोटा नतोकि एकमुष्ठ ।

ग) प्रति विद्यालय दामासाही ।
घ) कार्य अनुसार तर सबै विद्यार्थीलाई दामासाहीले ।

६) के शिक्षा कार्यालयले छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने छात्राहरुको भर्ना व्यवस्था, नियमित कक्षा उत्तिर्ण, अनियमितता, बिचैमा कक्षा छाड्ने, सिकाई उपलब्धी आदि स्थिति झल्काउने किसिमका विभाजित तथ्यांकको विकास गरेको छ ?

क) छ ।  ख) छैन ।
ग) महसुस भएको छ ।  घ) विद्यालयलाई निर्देशित गरिएको छ ।

७) शिक्षा कार्यालयले विद्यालयलाई वर्षको कतिपटक छात्रवृत्ति निकासा गर्दछ ?

क) १ पटक ।  ख) २ पटक ।
ग) ३ पटक ।  घ) थाहा छैन ।

८) छात्रवृत्ति कार्यक्रमको सवल पक्ष के हो ?

क) विद्यालय र शिक्षा प्रति अभिभावक र विद्यार्थीहरूमा सकारात्मक सोचको विकास भएको छ ।
ख) अप्ठ्यारो परिस्थितिमा रहेका आमाबाबुहरू समेतको शिक्षामा सचेतनास्तर भएको छ ।
ग) शिक्षाप्रति दलित, अपाङ्ग र उत्पीडित वर्गमा उत्प्रेरणा बढेको छ ।
घ) आर्थिक रूपमा नगन्य मात्र भए पनि शिक्षाको लागत बेहोर्न सहयोग पुगेको छ ।

९) प्राथमिक तहको छात्रवृत्ति वितरणका प्राथमिकतामा पर्ने वर्ग कुन-कुन हुन् ?

क) दलित, ५०% छात्रा, असहाय, विपन्न
ख) शहिदका छोराछोरी
ग) द्वन्द्व पिडित बालबालिका
घ) कमलरी

१०) जिल्लामा प्राप्त हुने छात्रवृत्ति कार्यक्रमको प्रकार र प्रकृति बताउनुहोस् ?

११) छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने बालबालिका बीचको भिन्नता पत्ता लगाउन कुनै निरीक्षण/अवलोकन गर्नु भएको छ ?

१२) के पछाडि परेका र पारिएका सुविधा विहिन बालबालिकाहरूको प्राथमिक शिक्षा पूरा गर्ने कार्यमा यस कार्यक्रमले योगदान पुऱ्याएको छ ।

१३) छात्रवृत्ति वितरणमा के-कस्ता समस्या देखिएका छन् ?

१४) छात्रवृत्ति वितरणमा देखिएको समस्या समाधानको लागि विद्यालयको तर्फबाट गर्नुपर्ने सुधारहरू के-के हुन् ?

१५) समाजमा पछाडि परेका र पारिएका वर्गका बालबालिकालाई विद्यालयमा आकर्षित गरी थप प्रभावकारी बनाउन के-कस्ता उपायहरू हुन सक्छन् थप अनुभव तपाईसँग थियो कि ?